● वर्ष १५ ● अंक ६ ● काठमाडौं, शुक्रबार, असार ५, २०६६ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, June 19, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



# लाहुर जाने लस्कर

धरानबाट भीषण राई तथा गोपाल दाहालको दुई छुट्टाछुट्टै रिपोर्ट

पृष्ठ १२ मा

साप्ताहिक

मध्य पृष्ठमा

## कटरिना




इन्टरनेटको सञ्जाल फैलाउँदै दिलीप ➤ ५

उच्च शिक्षामा के पढ्ने ? ➤ ९

पाँच हिरोइन एक हिरो, के भयो होला ? ➤ १३

बिर्सन नसकेको पिकनिक ➤ १५

खुल्दैछ पहिरन ➤ २१

सेकुवा बाजेको कथा ➤ २२

क्रिकेटरका प्रेमिका ➤ ३०





दुलही श्रृंगार प्रतियोगिता ➤ ३२

दादाहरूको देखाउने दाँत ➤ ३

## रंगामञ्च

### चर्पीसम्बन्धी सडक नाटक

दसौं राष्ट्रिय सरसफाइ सप्ताहको अवसरमा पर्वतको कुश्मा बजारमा 'शक्तिमानको चर्पी' शीर्षकको सडक नाटक प्रदर्शन भएको छ। स्थानीय कलाकारहरूद्वारा अभिनीत नाटकको बीचबीचमा सरसफाइसम्बन्धी जनचेतनामूलक गीतमा नृत्य पनि प्रस्तुत गरिएको थियो।

### कर्णाली पर्दाफास

अस्पतालमा डाक्टर र औषधी नहुँदा सामान्य बिरामीको पनि मृत्यु हुने, मदिराको बिगबिगी, छुवाछूत, भोकमरीजस्ता विषयलाई पश्चिम नेपालका कलाकारहरूले नाटक 'कर्णाली पर्दाफास' मार्फत चित्रण गरेका छन्। मुगु जिल्लाको गमगढी बजारको मध्यभागमा पर्ने मन्दिर परिसरमा मञ्चन गरिएको उक्त नाटकमा दुर्गादेवी हितान, धनलाल तिरुवा, कविराज भाम, राजेश आदि कलाकारले अभिनय गरेका थिए। गाउँका विकृति-विसंगति उजागार गर्न जिल्लाका चौबीसै गाविसमा यो नाटक मञ्चन गर्ने नाट्यसमूहका पदाधिकारीहरूले बताएका छन्।

### एड्सविरुद्ध नाटक

तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारस्थित दमौली क्याम्पसमा अध्ययनरत केही युवाले तयार पारेको नाटक 'पश्चात्ताप' एड्सविरुद्ध लक्षित छ। एचआईभी संक्रमित र एड्स लागेकालाई हेंला होइन, माया दिनुपर्छ भन्ने सन्देश समेटिएको उक्त नाटक जिल्लाको बन्दीपुर, डुम्रे, दुलेगौंडा, भीमाद तथा खैरेनीटार आदि स्थानमा मञ्चन भैसकेको छ। नाटकमा क्याम्पसकै विद्यार्थीहरूले अभिनय गरेका छन्।

### बाटो बिराएको यात्रा

लाङटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सहयोग आयोजनाको सहयोगमा रसुवा उच्च मा.वि.मा गठन भएको प्रकृति इको क्लबले सदरमुकाम धुन्चेमा 'बाटो बिराएको यात्रा' शीर्षकको सडकनाटक प्रदर्शन गरेको छ। विश्व वातावरण दिवसको अवसर पारेर लाङटाङ राष्ट्रिय निकुञ्जमा रहेका दुलर्भ वन्यजन्तुको अवैध रूपमा हुने चोरी-सिकार नियन्त्रण गर्ने उद्देश्यका साथ यो सडकनाटक प्रदर्शन गरिएको आयोजकहरूले बताएका छन्। नाटकमा जैविक विविधताका साथै दुर्लभ वन्यजन्तुहरू संरक्षण गर्नुपर्ने, चोरी-सिकार गर्न जो-कोहीलाई कडाभन्दा कडा कारबाही गरिनुपर्ने तथा वन्यजन्तुको संरक्षणमा स्थानीय बासिन्दाहरूको पनि सक्रिय सहभागिता हुनुपर्ने सन्देश दिन खोजिएको नाटकका कलाकार रेन्जेन दोर्जे तामाङले बताएका छन्। नाटकमा निमा ग्याल्जेन तामाङ, कृष्णप्रसाद देवकोटा, उमेश तामाङ, मनोज न्यौपाने, राजकुमार विक, अस्मिता तामाङ, रमिता घले आदि कलाकारले अभिनय गरेका थिए।

## ग्यालरी

### भोलिदेखि फोटो प्रदर्शनी

विश्व शरणार्थी दिवसको अवसर पारेर भोलि शनिबारदेखि राजधानीमा एउटा फोटो प्रदर्शनी हुँदैछ। 'वास्तविक मानिस वास्तविक खाँचो' शीर्षकको उक्त प्रदर्शनीमा विभिन्न फोटोग्राफरले खिचेका तस्बिरहरू राखिनेछ। भृकुटीमण्डपको प्रदर्शनी हलमा आगामी बुधबारसम्म चल्ने यो प्रदर्शनीको आयोजना युएनएचसीआरले गर्न लागेको हो।

### द लोकस अफ कन्टिन्युटी

कलाकार सुनिता महर्जनले तयार पारेका चित्रहरूको प्रदर्शनी 'द लोकस अफ कन्टिन्युटी' आज शुक्रबार प्रारम्भ हुँदैछ। होटल अन्नपूर्ण हलमा आयोजना हुने उक्त प्रदर्शनीको उद्घाटन कलाकार उत्तम नेपालीले गर्दैछन्। प्रदर्शनी आगामी असार १६ गतेसम्म चल्नेछ।

### स्प्रिट अफ बिइङ

कलाकार जीवन सुवालले तयार पारेका चित्रहरूको प्रदर्शनी राजधानीको दरबारमार्गस्थित द आर्ट सपमा सञ्चालन भैरहेको छ। वरिष्ठ चित्रकार डीबी चित्रकारद्वारा उद्घाटित उक्त प्रदर्शनीमा दुई दर्जनभन्दा बढी चित्र समावेश छन्। प्रदर्शनी आगामी असार ११ गतेसम्म जारी रहनेछ।

### कला क्रान्ति अभियान

ललितकला क्षेत्रका युवा कलाकारहरूको समूह कला क्रान्ति अभियानले हरेक शनिबार रिड नेपालको कार्यालयमा प्रदान गर्दै आएको नि:शुल्क चित्रकला प्रशिक्षणमा सिर्जना गरिएका चित्रहरूको प्रदर्शनी नक्सालस्थित नाफा आर्ट ग्यालरीमा प्रदर्शन गरिएको छ।

## पुस्तक

### काला गुराँसहरू

मोहन प्रसाद गौतमका ४७ वटा लामा-छोटा कविताको संग्रह 'काला गुराँसहरू' वेलकम आर्ट एन्ड स्क्रिन प्रिन्टले प्रकाशित गरेको हो। ५० रुपैयाँको यो संग्रहले नयाँ पुस्ताको विचारलाई प्रतिनिधित्व गर्ने बताइएको छ।


### अकल्पनीय

ध्रुव सापकोटाको पछिल्लो कृति अकल्पनीय औपन्यासिक विधाको कृति हो। ६५ सर्गमा विभाजित उपन्यासले नेपालमा रहेका तिब्बती शरणार्थीहरूको पीडालाई सविस्तार वर्णन गरेको छ। उपन्यासमा हुनुपर्ने आरोह-अवरोह र घटनाक्रमको विकास परिष्कृत छ। अर्किड बुक्सद्वारा प्रकाशित यो कृतिले पाठकहरूको मन जित्ने पक्का छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

मानसम्मान मिल्नेछ भने काममा सफलता पाउनुहोला। प्रसन्नता बढ्नेछ। व्यवसायमा सफलता हात लाग्नेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै प्रभावित भै सहयोगको तत्परता देखाउनेहरू प्रशस्तै होलान्। नयाँ काम गर्ने अवसर प्राप्त हुनसक्छ। आइतबार विवाद एवं चिन्ता बढ्नेछ।

### मिथुन

धन आर्जन गर्ने अवसर मिल्नेछ। काममा सफलता पाउनुहोला। यात्रा गर्ने अवसर जुट्नेछ। भोजभतेरमा सामेल हुन पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबार खर्च एवं विवाद बढ्न सक्छ।

### सिंह

नैराश्यता एवं उदासीनता बढ्नेछ। कामको बीचमा अवरोध आउनाले मनोबल घट्न सक्छ। सानो काममा पनि सफलता पाउन मुस्किल पर्नेछ। शनिबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्ने तथा प्रसन्नता एवं पराक्रम बढ्ने योग छ। धन आर्जन गर्नेअवसर जुट्नेछ भने अधुरा काम पूरा हुनेछन्।

### तुला

यात्रा हुनसक्छ। व्यवसायमा सफलता मिल्नेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै सहयोगका लागि तत्परता देखाउनेहरू फेला पर्नेछन्। धन आर्जन हुनसक्छ। आइतबारदेखि बुधबारसम्म स्वास्थ्यमा हानि, शत्रु बाधा, काममा अवरोध एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### धनु

गलत विचार बढ्नेछ भने काममा अवरोध आउनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। आइतबारदेखि बुधबारसम्म काममा सफलता मिल्नेछ। धन आर्जन हुनसक्छ। व्यवसायमा सफलता मिल्ने तथा यात्रा हुने योग छ।

### कुम्भ

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायबाट सफलता हात लाग्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन हुनसक्छ। अध्ययनमा सफलता मिल्नेछ। आइतबारदेखि बुधबारसम्म घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### वृष

खर्च एवं विवाद बढ्नेछ। मनमा दुविधाग्रस्त हुनसक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमान हराउन सक्छ। रोग एवं शत्रुले दुःख दिन सक्छन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउनेछन्। शनिबार, आइतबार तथा सोमबार मान-सम्मान एवं काममा सफलता मिल्नुका साथै प्रसन्नता बढ्ने योग छ।

### कर्कट

मान-सम्मान मिल्नेछ भने ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### कन्या

काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। नैराश्यता एवं उदासीनता बढ्नेछ। घरेलु समस्याले पनि सताउन सक्छ। मंगलबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अरूको विश्वास बढ्नेछ भने भाग्यले साथ दिन थाल्नेछ।

### वृश्चिक

काममा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता पाइनेछ। रमाइलो यात्रा पनि हुनसक्छ। आफन्तहरू सहयोगी हुनेछन्। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मकर

घरेलु समस्याले सताउनेछ। मनमा दुविधाले डेरा जमाउनेछ। स्वास्थ्य गडबड हुनसक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। मंगलबारदेखि परिश्रम गर्दा काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा पनि होला। अधुरा काम पूरा हुनेछन्।

### मीन

विवाद बढ्नेछ भने काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। घरेलु समस्याले सताउनेछ। शनिबार, आइतबार र सोमबार पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

## यो साताको पञ्चाङ्ग

असार ५ गते : योगिनी एकादशी, ६ गते : विश्व शरणार्थी दिवस, ७ गते : विश्व संगीत दिवस, ८ गते : सोमबारे औंशी, ९ गते : विश्व निजामति सेवा दिवस, १० गते : जगन्नाथ यात्रा ।



# दादाहरूको देखाउने दाँत





जितेन्द्र साह

काठमाडौं- अघोषित रूपले डन वा दादाका रूपमा कुख्याति पाएकाहरू आफूले कानुन नमिची काम गरेको र कमाएको रकम सामाजिक हितमा खर्च गरिरहेको दाबी गर्छन्। उनीहरू आफ्नो छवि प्रहरीको भन्दा राम्रो भएकाले नागरिक समाजले समेत समर्थन गरेको बताउँछन्। अर्कातिर उनीहरूले समाजसेवाका आडमा धम्कीको व्यवसाय सञ्चालन गरिरहेको महानगरीय प्रहरीको भनाइ छ। जुनसुकै उद्देश्यका लागि गरिए पनि कानुनलाई खल्तीमा लिएर गरिने गतिविधिलाई स्वीकार गर्न नसकिने प्रहरीको तर्क छ।

हाल मुद्दाको पुर्पक्षका क्रममा डिल्लीबजार सदरखोरमा रहेका दीपक मनाङे आफूलाई आपराधिक समूहको नेताका रूपमा स्वीकार गर्न तयार छैनन्। दीपकका अनुसार कुनै बेला राप्पा मनाङ जिल्लाको युवक संगठनको अध्यक्ष एवं शिव सेनाका उपाध्यक्षसमेत रहेका उनी रसुवा विकास मञ्च गठन गरेर स्थानीय युवालाई रोजगारीमा लगाउने कार्यमा सक्रिय रहे।

प्रहरी र मिडियाको नजरमा गुन्डाहरूको नाइकेका रूपमा परिचित मनाङे आफूले कमाएको रकम गरिब, अपांग र उपचार नपाएकाका लागि खर्च गर्ने गरेको बताउँछन्। ठमेल र दरबारमार्गक्षेत्रमा आफ्नो सेयर रहेका अधिकांश रेस्टुरेन्ट, डान्स बार र होटलमा गाउँतिरबाट आउने बेरोजगार युवालाई रोजगारी दिएको उनको दाबी छ। यी सब कार्यका लागि धम्की र बल प्रयोग गरिए पनि दीपकले सोझा र निर्दोषलाई दुःख नदिएको बताए।

चक्रपथ क्लबका अध्यक्ष एवं महानगरका अर्का दादा मिलन गुरुङ 'चक्रे' का निकटहरू पनि उनलाई 'गुन्डा' मान्न तयार छैनन्। वैदेशिक रोजगारमा ठगिएकाहरूको रकम फिर्ता गराउने र सम्बद्ध व्यक्तिविरुद्ध बल प्रयोग गरेर वा दबाब सिर्जना गरी पीडित युवालाई विदेश पठाउन सहयोग गरेको मिलनका समर्थकहरूले बताए।

उनको घरमा सहयोग माग्नेहरू रित्तो हात नफर्कने निकटवर्तीहरू बताउँछन्। मिलन समूहका अनुसार प्रहरी र कानुन हातमा लिएर सर्वसाधारणलाई दुःख दिने ठग र लुटेरालाई ठिक पारेर रकम असुल्ने गतिविधिलाई नराम्रो मान्नु हुँदैन। 'बदमासहरूले निर्दोषको रकम हजम पार्छन्, हामी बदमासहरूबाट असुलेर त्यसको केही भाग समाजलाई नै फर्काउँछौं,' उनीहरू भन्छन्।

चक्रेकै कुमार श्रेष्ठ 'घैटे' सामाखुसी युवा क्लबका अध्यक्ष हुन्। उनले आफ्नै रकम खर्चेर क्लबको भवन बनाउनुका साथै त्यहाँ व्यायामशालासमेत स्थापना गरेका छन्। हाल केही मुद्दाको पुर्पक्षका लागि केन्द्रीय कारागारमा रहेका घैटेको उक्त क्लबमा दुर्व्यसन र कुलतमा लागेका युवालाई ल्याएर व्यायाम गराइने उनका सहयोगीहरूले बताए। कुमारले आफ्नो क्लबबाट राष्ट्रिय स्तरको फुटबल खेल्नेलाई भत्ता र जुत्तासमेत दिने गरेका छन्।

डन र दादाहरूमा सबैभन्दा सम्पन्न मानिने काभ्रेली गणेश लामा आफ्नो जिल्लाका विद्यालयलाई दान दिने, गाउँको विकासमा सहयोग गर्ने, स्वास्थ्य शिविर चलाउने तथा राजधानीमा औषधी-उपचार खर्च नपाएर भौँतारिएकाहरूलाई सहयोग गर्ने काममा अगाडि छन्। धादिङ खहरेका दिनेश अधिकारी 'चरी' सहयोग गरी मन जित्ने प्रयास गर्छन्। माओवादीको भ्रातृ संगठन वाईसीएलले उनको साथी जोग गुरुङलाई अपांग हुने गरी कुटेपछि र उनलाई समेत आक्रमण गर्ने धम्की दिएपछि प्रतिरक्षा एवं प्रत्याक्रमणमा उत्रेर छोटो समयमै सामाखुसी क्षेत्रमा दादाका रूपमा चिनिएका चरी पनि सामाजिक कार्यमा संलग्न भएको बताउँछन्।

केही रेस्टुराँसँग आबद्ध रमेश सुनुवार पनि बिरामी, दुर्घटना र आपत्विपत्मा परेकालाई सहयोग गरेर अरूको मन जित्ने प्रयास गर्छन्। रूखो र उग्र व्यवहारका कारण प्रहरीले उनलाई बेलाबेलामा विभिन्न बहानामा पक्राउ गरेको सहयोगीहरूले बताए। उनी बेलाबखत हनुमानढोका प्रहरी थुनामा रहँदासमेत भित्र बसेका विपन्न थुनुवालाई लुगा र खानेकुरा मगाएर बाँड्छन्। सुनुवारले अपराधै नगरी थुनिएकाहरूका लागि वकिल उपलब्ध गराइदिने र धरौटी खर्चसमेत दिने गरेको उनका सहयोगीहरूले बताए।







**महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख एसपी नवराज सिलवालले आपराधिक गतिविधि छाडेर सुध्रन चाहनेहरूलाई कानुनले पनि सहयोग गर्ने बताए 'तर समाजसेवा र अन्य कुनै पनि आडमा कानुन हातमा लिने अधिकार कसैलाई पनि छैन,' उनले भने, 'अपराधीलाई कारबाही गर्न प्रहरी र प्रशासन छ, तल्लो प्रहरी निकायमाथि विश्वास नभए त्यस्तो गलत काममा सहयोग गर्ने प्रहरीका सम्बन्धमा माथिल्लो तहमा खबर गर्न सकिन्छ।'**

**एसपी सिलवालले कसैलाई फाइदा पुऱ्याउन भए पनि कानुन हातमा लिएर हुने गतिविधि स्वीकार्न नहुने बताए। 'यस्तो गैरकानुनी गतिविधिलाई प्रोत्साहन गर्दा समाज नकारात्मक सोंचतर्फ धकेलिन्छ, यस्ता कानुन मिच्नेहरू नायक बन्न पुग्छन्, अरूमा पनि यस्तै नाइके बन्ने चाहना जाग्न सक्छ र कानुन क्षीण हुन्छ,' उनले भने।**

**एसपी सिलवालले बदला र प्रतिकारको भावनाले समाजका हरेक नागरिकले यसरी समूह बनाएर न्याय दिलाउन थाल्ने हो भने सरकार, प्रहरी र प्रशासनको औचित्य समाप्त हुने बताए। 'आपराधिक रेकर्ड नभएकाहरूले प्रहरीसँग डराउनु पर्दैन,' उनले भने- दोषीले पनि आफ्नो अपराध कबुल गरेर प्रहरीसमक्ष आए उनीहरूलाई सुध्रन मौका दिइन्छ।□ उनले यही कारणले प्रहरीको मोस्ट वान्टेडको सूचीमा रहेकालाई पनि बिना कुनै मुठभेड र झडप आफैं उपस्थित भएर विगतका अपराधलाई स्वीकार गर्न र भावी जीवनका बारेमा सोच्न सुझाव दिइएको बताए।**


SLC/+2/Bachelor/Master Level

Science/Math नपढी SLC तथा एक वर्ष मै +2 पास गर्न Delhi Board को 11th Batch र

६ महिना मै पास गर्न सकिने American +2 को 5th Batch मा पनि भर्ना खुल्यो।


Khagendra Budha Nepal Top-2008


Ajit Rai Nepal Top-2007


Tshering Lama Nepal Top-2007 Now in Australia

● कुनै ५ विषय मात्र पास गरे पुग्ने ● TU / KU तथा विश्वभरी मान्यता भएको ● जागिरे तथा गृहणीले घर मै पढेर पनि परीक्षा दिन सक्ने ● नेपाली / English माध्यममा परीक्षा दिन पाईने

मद्रास युनिभर्सिटी तथा VMU को कोर्सहरूमा पनि भर्ना खुल्यो

कक्षा हुँदैन छ मैनेजमेन्ट

BA B.Sc. B.Com BCA BBA

MA M.Sc. M.Com MCA MBA M.Phil

Sub-Biotechnology, fashion, Interior, Microbiology, Hotel Mgmt. etc.

Himalayan Open College

Old Baneshwor- 4476685, 2407899

Bagbazar- 2404481 (भक्तपुर बसपार्कको नजिक)

Pokhara-061-242667 काठमाण्डौमा हाम्रो अन्य शाखा छैन।

• सम्पादकीय •

# स्वाइन फ्लु नियन्त्रणको कुरा

झन्डै एक महिनाअघि अमेरिकामा देखा परेको स्वाइन फ्लुले संसारभरि नै असर देखाउन थालेपछि यो पछिल्लो रोगलाई विश्व स्वास्थ्य संगठनले विश्वव्यापी महामारी घोषणा गरेको छ। स्वाइन फ्लुको जीवाणु एच वान एन वान सुगुर, हाँसजस्ता फोहरमा रमाउने पशुपन्छीमार्फत मानिसमा सर्छ। सुँगुर र हाँस लोकप्रिय घरपालुवा पशुपन्छी भएकाले नेपाल पनि स्वाइन फ्लुको घेराभन्दा बाहिर छैन। त्यसबाहेक स्वास्थ्य शिक्षाको अभाव, गरिबीको रेखामुनि रहेको जनसंख्याको ठूलो भाग एवं स्वास्थ्यसम्बन्धी चेतनाको कमीले अधिकांश नेपाली जनतालाई स्वाइन फ्लुको प्रकोपको परिधिभित्र देखाएको छ। अहिलेसम्म नेपालमा प्रवेश पाइनसकेको भए पनि छिमेकी मुलुक भारतमा स्वाइन फ्लु देखा परिसकेको छ। अमेरिकादेखि फिलिपिन्ससम्म लगभग सबैजसो ऊष्ण प्रदेशीय मुलुकमा स्वाइन फ्लु देखा परिसकेको अवस्थामा नेपालले यो रोगविरुद्ध समयमै जनचेतना अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ। खास गरी नेपालीहरूको ठूलो समूह भारतलगायतका मुलुकहरूमा वैदेशिक रोजगारीका लागि रहेकाले त्यताबाट फर्कदा उनीहरूमार्फत स्वाइन फ्लुले नेपालमा प्रवेश पाउन सक्छ। अमेरिकाबाट फर्किएका एक भारतीयमार्फत भारतमा स्वाइन फ्लु देखा परेको साता नबित्दै भारतमा स्वाइन फ्लुका दर्जनौं केस देखा पर्नुले विदेशबाट फर्कनेहरूप्रति सरकारले विशेष निगरानी राख्नुपर्ने देखिन्छ।

स्वाइन फ्लुविरुद्ध सतर्कता अपाउन र त्यसका लागि कार्यनीति बनाउन जति ढिलाइ गरिन्छ त्यति नै स्वाइन फ्लुको प्रकोपले विस्तार पाउने सम्भावना बढ्दै जान्छ। स्वाइन फ्लु रोगका बारेमा सरकारले जनचेतना अभियान सञ्चालन गर्न थप ढिलाइ गर्नु हुँदैन। खासगरी फोहर र फोहरजन्य पदार्थबाट फैलिने स्वाइन फ्लुले नेपालमा महामारीको रूप लिन सक्ने आधार प्रशस्तै छन्। नेपालमा अझै पनि जनसंख्याको ठूलो हिस्साले व्यक्तिगत एवं सामुदायिक सरसफाइप्रति त्यति ठूलो चासो देखाएको पाइदैन भने साबुन र साबुनजन्य पदार्थको प्रतिव्यक्ति उपयोगमा नेपाल विश्वमै सबैभन्दा पछाडि देखिएको अवस्थामा स्वाइन फ्लुको प्रकोप अझ छिटो फैलिन सक्ने सम्भावना छ। सरकारले मुलुकलाई स्वाइन फ्लुको प्रकोपबाट बचाउन अहिलेदेखि आफ्नो प्रयास थाल्नुपर्छ र यसका लागि स्वास्थ्यकर्मी, विद्यार्थी एवं सञ्चार-माध्यमहरूलाई समेत व्यापक रूपमा परिचालन गर्न सक्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

• चिठीपत्र •

## सडक दुर्घटना, बन्द र क्षतिपूर्ति

अहिले देशमा सडक दुर्घटनाको समाचार प्रत्येक दिन देख्न पाइन्छ र त्यसको क्षतिपूर्तिका लागि गरिने बन्दले हामी सबैलाई सताइरहेको छ। अहिले हामी नेपालीहरूमा एउटा कुराको बानी नै परिसकेको छ त्यो हो कुनै पनि समस्याको समाधान र क्षतिपूर्तिका लागि नेपाल बन्द वा सडक अवरुद्ध गर्ने। सडक अवरुद्ध पार्नासाथ कुनै पनि कुराको समाधान पाइन्छ भन्ने नकारात्मक सोचाइ नेपाली मस्तिष्कमा प्रवेश गरिसकेको छ। त्यसमा पनि शान्तिपूर्ण तवरबाट माग प्रस्तुत गर्दा सुनुवाइ नहुने तर आन्दोलन, चक्काजाम, बन्दजस्ता कुरा गर्दा भने जुनसुकै माग पनि पूरा गरिदिने सरकारी लाचारीले गर्दा सानातिना समस्याहरू पनि सडकमा नै आउने गरेका छन्। आन्दोलनमै उत्रिएपछि माग पूरा भएका धेरै उदाहरणले पनि यस्ता घटनामा परी मृत्यु भयो भने त्यसलाई क्षतिपूर्ति दिने कुरामा कतै पनि वास्ता गरिदैन तर त्यही घटनालाई लिएर सडक बन्द गरेपछि मात्र क्षतिपूर्तिको माग पूरा हुन्छ। आखिर दिनुपरिसकेपछि आन्दोलन वा बन्द हुनु अगावै किन क्षतिपूर्ति दिइँदैन ? सम्बन्धित पक्षले किन जुनसुकै कुराका लागि पनि आन्दोलन नै चाहिरहेको होला ? दुर्घटनाको प्रकृतिक हेरी कतिसम्म क्षतिपूर्ति दिने भन्ने प्रस्ट नीति-नियम बनाई कडाइका साथ लागू गर्ने हो भने हाल भैरहेको बन्दको समस्या त्यति आउने थिएन।



प्रत्येक दिन कुनै न कुनै ठाउँमा बन्द वा बाटो अवरुद्ध भैरहेको हुन्छ। जनताको दैनिक जीवनमा असर पार्ने गरी गरिएका यस्ता बन्द कार्यक्रमहरूप्रति सरकार किन आफै मौन छ ? दिनहुँजसो कुनै न कुनै कुरामा क्षतिपूर्ति दिँदा-दिँदा थाकेको सरकारको सोच अझै पनि यस्ता समस्याहरूको दीर्घकालीन समाधानतिर गएको देखिदैन। के सरकारले जनताको समस्यालाई सम्बोधन गर्न नसकेको हो ? के नेपालीहरूले अझै पनि बन्द र हड्ताल नै चाहिरहेका छन् ?

सडकमा हुने दुर्घटनालाई कम गर्न दुर्घटनाका कारणहरू पत्ता लगाएर त्यसतर्फ सचेत हुनुपर्छ। धेरैजसो सडक दुर्घटनाको कारण भने तपाईं-हाम्रो लापरबाही नै हो। चालकले मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने अनि पैदल यात्रीहरूले पनि जसरी पायो त्यसरी जहाँ पायो त्यहींबाट बाटो काट्नाले पनि धेरै दुर्घटना हुन्छन्। ट्राफिक नियम प्रहरीको आँखा छल्न मात्र पालना गरिन्छ। त्यसैले सडक दुर्घटनाबाट बच्न सर्वप्रथम आफैं सचेत हुनुपर्छ। सरकारले पनि अब माग पूरा गर्ने र सडक दुर्घटनाको विषयलाई लिएर सडक अवरुद्ध पार्ने कामलाई दण्डनीय अपराध घोषित गर्नुपर्छ। नेपालका प्रत्येक सडक र राजमार्ग हाम्रा साझा सम्पत्ति हुन त्यसैले ती सडक र राजमार्गलाई बन्द-चक्काजाममुक्त क्षेत्र घोषणा गर्नुपर्छ।

## मोबाइलको विकृति

करिब दुई वर्षयता नेपालमा मोबाइलको विकास अत्यन्तै तीव्र गतिमा भयो। सहरदेखि गाउँका हरेक कुनासम्म सञ्चारको विकास एवं विस्तार हुनु पक्कै पनि खुसीको खबर हो तर मोबाइलले विभिन्न नकारात्मक असर एवं विकृति सिर्जना गरेको छ। घरमा साँझ-बिहान छाक टार्न मुस्किल भए पनि खल्तीमा मोबाइल झुन्ड्याउनु अहिले फेसन नै भएको छ।

दिनभरिको कमाइबाट मोबाइलको रि-चार्जकार्ड लिएर अनावश्यक फोन गरी उडाएको हामी आफैले देखेका, सुनेका तथा भोगेका छौं।

यसको नकारात्मक असर युवा वर्गमा बढी मात्रामा परेको छ। अर्को कुरा मोबाइलको मेमोरीकार्डमार्फत् संगीत क्षेत्र धराशायी बन्दै गएको छ। नयाँ गीतहरू बजारमा आउनासाथ मेमोरी कार्डमा भरिहाल्छन् तर त्यो क्यासेट किन्ने कोही हुँदैनन्। जसले गर्दा क्यासेट बिक्रीमा निकै कमी आएको छ। जसले कलाकारहरूको रोजीरोटी खोसिएको छ।

कतिपय युवाका मोबाइलमा नकारात्मक सन्देश दिने खालका तस्बिर एवं चलचित्र आदि हुन्छन्, जसले हत्या, हिंसा अनि बलात्कारलाई टेवा पुऱ्याइरहेको छ। त्यसैले यस्तो कार्यलाई निरुत्साहित गर्न आफैले एकपटक सोच्नुपर्ने बेला आएको छ।

**टीकाराम अर्याल, स्याङ्जा**

## तीतो सत्य

हाँसोभन्दा रोदनको अर्थ कैयौं गुणा बलियो हुन्छ।
**कौशल देवकोटा**

जुन कार्य जति श्रद्धाले गरिन्छ त्यति नै श्रेष्ठ हुन्छ।
अरूको भलाइ गर्नाले स्वयंको भलाइ हुन्छ।
चरित्रवान्लाई मानिसले मात्र होइन भगवान्ले पनि प्रेम गर्छन्।
मानिसको सर्वोत्तम मित्र उसका दुई हात हुन्।
**सम्पूर्ण प्रजापति, ठिमी**

सागर जति शान्त हुन्छ, ती नै उग्र हुनसक्छ।
**-उत्सव उपाध्याय, उर्लाबारी**

कसैलाई आफ्नो बनाउनुपूर्व नै उसको वास्तविकता बुझ्नुपर्छ।
कसैलाई पनि उपहार दिएर साथी बनाउने प्रयत्न नगरौं किनभने उपहार दिन छाडेपछि उसले छाडिदिन्छ।
हतार एवं लहैलहमा प्रेम गरेर जीवन बर्बाद पार्नुभन्दा जोगी, सन्यासी बन्नु उत्तम हो।
**-सन्तोष काफ्ले, सर्लाही**

नेताहरू फोस्रो चारो छरिरहन्छन्, जनता सकी-नसकी टिपिरहन्छन्।
**-एमसी बाङ्देल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*
*-सम्पादक*

• सहर चर्चा •



## बलिउडदेखि होटल व्यवसायसम्म

धनकुटाको एक होटलका प्रत्येक कोठामा बलिउडका नायक-नायिकाहरूका तस्बिर छन्। ती तस्बिरमा एक नेपाली युवक पनि देखिन्छन्, ती तस्बिरमा देखिने व्यक्ति होटलको सबै काम आफै गर्छन्। भारतीय चलचित्रका ख्यातिप्राप्त नायक-नायिकासँग लामो समयसम्म काम गरेका उनी हुन् मन्दिप प्रधान, जो हिजोआज धनकुटामा आयुषा होटल सञ्चालन गरेर बसेका छन्। बलिउडका कलाकारसँगै अभिनयसमेत गरिसकेका प्रधानको घर धरानमा छ। खाना तथा नास्ता बिक्री गरिने उनको होटलका पाँच साना कोठामा बलिउडका कलाकारसँग बसेका उनका ठूला-ठूला तस्बिर छन्। उनले विभिन्न भारतीय च्यानलका धारावाहिकहरूमा पनि अभिनय गरिसकेका छन्। पहिले क्यामेरा प्राविधिकका रूपमा बलिउड प्रवेश गरेका प्रधान पछि अभिनयमा लागेको बताउँछन्। चार वर्षअघि लक्ष्मी प्रधानसँग विवाह-बन्धनमा बाँधिएपछि नेपालको बसाइ सुरु भएको उनले बताए। माटोसँगै पत्नीको माया थपिएपछि नेपाल बसाइको क्रम जोडियो, बिस्तारै मुम्बई र बलिउड बिर्सँदै गएको छ प्रधानले बताए।

## चाँदनीको व्यस्तता

• मोडल वाच •

सानेपा, ललितपुरकी चाँदनी लामिछानेले मोडलिङ यात्रा प्रारम्भ गरेको दुई वर्ष भयो। द च्याम्प मोडलिङ एजेन्सीमा प्रशिक्षण लिएपछि उनी यो क्षेत्रमा सक्रिय भएकी हुन्। कक्षा १२ को परीक्षा दिएर बसेकी चाँदनीले मोडलिङमै व्यस्त हुने तयारी गरेकी छिन्। आधा दर्जन गायक-गायिकाका म्युजिक भिडियोमा अभिनय गरिसकेकी चाँदनीले केही विज्ञापनमा पनि काम गरेकी छिन्। ५ फिट ३ इन्च अग्ली चाँदनी नृत्य तथा गायनमा पनि पारंगत छिन्। परीक्षा सकिएपछिको समयमा उनले एंकरिङको प्रशिक्षण पनि लिइसकेकी छिन्। चाँदनी भन्छिन्– 'टेलिभिजनमा फेशनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने योजना छ।' फुर्सदमा टेलिभिजनका फेसनसम्बन्धी कार्यक्रम हेर्ने चाँदनीलाई क्याजुअल पहिरन मन पर्छन्। सुस्मिता सेनको व्यक्तित्वबाट प्रभावित १९ वर्षीया चाँदनी व्यवस्थापनको विद्यार्थी भएकीले भविष्यमा सफल बिजनेस वुमन बन्ने चाहना राख्छिन्। चाँदनीले गत शनिबार सम्पन्न मिस्टर एण्ड मिस राजधानीमा मिस राजधानीको उपाधि जितेकी छिन्।



• मुखाले •

जनताले सरकारको नेतृत्व गर्ने जिम्मा माओवादीलाई नै दिएका छन्, त्यसैले अब बृहत् सहमतिका आधारमा माओवादीकै नेतृत्वमा नयाँ राष्ट्रिय सरकार बन्छ।
**-नारायणकाजी श्रेष्ठ**

यो सरकारको वैचारिक नेतृत्व कांग्रेसले नै गरेको छ।
**-दिलेन्द्रप्रसाद बडु**

सहमतिको नाममा माओवादीले जे-जे भन्यो त्यो मान्न तयार छैनौं।
**-भीमप्रसाद आचार्य**

कांग्रेस भनेको गिरिजा र शेरबहादुर मात्र हुन् ?
**-जगदीश्वर नरसिंह केसी**

नेताको नाकमुनि बस्नेहरूले मात्र कांग्रेस बचाएका होइनन्।
**-प्रकाशमान सिंह**

राजसंस्था नयाँ रूपमा पुनरावृत्त हुन्छ।
**-कमल थापा**

सेनापतिसँग घुडा टेकेर देशका संशोधनवादीहरूले आफ्नो सर्वनाश आफैं निम्त्याएका छन्।
**-पुष्पकमल दाहाल**

उग्रवामपन्थीविरुद्ध एमालेले नै भिड्नुपर्छ।
**झलनाथ खनाल**

विदेशमा भए मन मिल्ने साथीसँग पनि हुन्यो तर नेपालमा लोग्नेसँग मात्र, त्यसभन्दा अघि बढ्नु हुँदैन।
**-कृषा चौलागाई, चलचित्र निर्माती**

# रिस्क लिने उमेर यही हो



दस वर्षयता नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या तीव्र गतिमा बढिरहेको छ। यो तीव्रतासँगै इन्टरनेट सेवा प्रदायक संस्था वर्ल्डलिङ्कको प्रगतिको वेग पनि असीमित छ। १४ वर्षअघि पुजी अभावका कारण दिलीप अग्रवालको घरको एउटा कोठामा सीमित वर्ल्डलिङ्क अहिले उपत्यकामा मात्र होइन, नेपालका २५ जिल्लामा फैलिएको छ। प्रारम्भमा कर्मचारीलाई तलब दिने पैसा नहुँदा वर्किङ पार्टनर (नाफा गरेको पैसामा हिस्सेदारी) बनाएको उक्त कम्पनीले अहिले करिब ४ सय व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिइरहेको छ। कल्पना गरेभन्दा बढी प्रगति भएकोमा छक्क पर्दै वर्ल्डलिङ्कका अध्यक्ष दिलीप अग्रवाल भन्छन् 'यो कम्पनी यति माथि जाला भनेर मैले सोचेको थिइनँ।'

**बुबाको इच्छाविपरीत व्यापारमा किन हात हाल्नुभयो ?**

बुबाको विचारमा व्यापारीको भन्दा प्राज्ञिक व्यक्तित्वको इज्जत बढी हुन्छ। पैसा कमाएर पनि इज्जत भएन भने त्यसको अर्थ हुँदैन भन्ने उहाँको मान्यता थियो। उहाँ आफैंले बायोकेमेस्ट्रीमा पीएचडी गर्नुभएकाले पनि छोराले आफ्नो विरासत थामोस् भन्ने चाहना थियो। मैले उहाँको इच्छाविपरीत नै व्यवसाय गरेको हुँ।

**मुख्य कारणचाहिं के थियो ?**

बुबाको मान्यताको विरोध गर्न व्यापार सुरु गरेको होइन। म बुबाकै विषय लिएर अमेरिकामा अध्ययन गर्दै थिएँ। बुबाले नेपालमा उन्नत जातका बीउ-बिजनको अनुसन्धान गरेर देशविकासमा योगदान गर्नुपर्छ भन्ने मान्यता राख्नुभएको थियो। म पनि तयार थिएँ, तर कलेज पढ्दा-पढ्दै अमेरिकामा इमेल, इन्टरनेटले यति प्रगति गर्‍यो कि यसको स्कोप नेपालमा पनि छ भन्ने लाग्यो। त्यही भएर रिस्क लिएँ।

**पढाइ छाडेर नयाँ व्यवसाय सुरु गर्दा बुवाको प्रतिक्रिया के थियो ?**

पढ्ने उमेरमा व्यवसाय सुरु गरेपछि दुई वर्षसम्म नेगेटिभ हुनुभयो। साह्रै चित्त दुखाउनुभयो, तर जब इन्टरनेट जोड्न कूटनीतिक नियोग तथा नेपालका माथिल्लो दर्जाका मानिस घरमा आउन थाले, त्यसपछि उहाँ बिस्तारै पोजेटिभ हुन थाल्नुभयो। व्यवशाय गर्दा पनि बौद्धिक व्यक्तिहरूसँग उठबस हुन्छ भन्ने थाहा पाएपछि उहाँ सकारात्मक हुन थाल्नुभएको हो। व्यवसायले पनि देश विकासमा योगदान गर्न सक्छ भन्ने कुरा देखेपछि उहाँ मसँग खुसी हुनुभयो।

**जतिखेर वर्ल्डलिङ्क खोल्नुभयो, देशमा इन्टरनेट प्रयोगकर्ताको अवस्था कस्तो थियो ?**

१४ वर्षअघि जतिखेर मैले कम्पनी खोलें, इन्टरनेट प्रयोग गर्ने चलन थिएन। विदेशी पर्यटक तथा कूटनैतिक नियोगका व्यक्तिहरू इमेल प्रयोग गर्थे। मभन्दा अघि मर्कन्टाइल कम्पनीले यही इमेल सेवा बेचेर यो व्यवशाय सुरु गरेको थियो। अमेरिकामा इन्टरनेटले लोकप्रियता हासिल गरिसकेकाले म पनि इमेल सेवा बेच्दै भविष्य कुरेर बसिरहेको थिएँ।

**अरू इन्टरनेट सेवा प्रदायकलाई पछि पार्दै यहाँसम्म आउनुभएको छ, यसको रहस्य के हो ?**

हामी घर-घर गएर सेवा प्रदान गर्थ्यौं। मर्कन्टाइलले यस्तो सेवा दिन सकेको थिएन। यसले हाम्रो पक्षमा माउथ पब्लिसिटी हुन थाल्यो। जब इन्टरनेट चलाउने चलन सुरु भयो, हामीले इन्टरनेट सेवा पनि प्रदान गर्न थाल्यौं। म २३ वर्षको थिएँ। पढाइ छाडेर यसमा होमिएकाले यो मेरा लागि जीवन-मरणको प्रश्न थियो। जब कि अरू कम्पनीका लागि इमेल-इन्टरनेट सेवा बिजनेसको सानो पार्ट मात्र थियो। मलाई के लाग्छ भने जुनसुकै काममा पनि शतप्रतिशत दिन सकियो भने नम्बर वान हुन सकिन्छ।

**अहिले आफ्नो कम्पनीको मूल्यांकन कसरी गर्नुहुन्छ ?**

मेरो विचारमा मैले इज्जत र पैसा दुवै कमाएको छु। अहिले मसँग २५ हजार ग्राहक छन्। मेरो कम्पनीले १५ करोड लगानी गरेको छ। वार्षिक ३० करोडको व्यवसाय गरिरहेको छु। ४ सयलाई प्रत्यक्ष रोजगारी दिएको छु। ग्रामीण क्षेत्रमा नाफामुखि नभै इन्टरनेट चलाउने संस्कारको विकास गर्ने प्रयास गरिरहेको छु। मैले यो कम्पनी यति माथि जाला, यो कम्पनीमा यति धेरै मानिसको संलग्नता होला भन्ने कल्पनै गरेको थिइनू।

**युवा भएकाले अझ धेरै काम गर्न सक्नुहुन्छ, लगानी विस्तार गर्ने योजना बनाउनुभएको छैन ?**

पैसा मात्र कमाउने भए लगानी विस्तार गर्नुपर्छ, तर मलाई धेरै पैसा कमाउने रुचि छैन। म त्यहीँ लगानी गर्न रुचाउँछु, जहाँ मेरो रुचि छ। म इन्टरनेट तथा सप्टवेयरसँग सम्बन्धित काम मात्र गर्छु। मैले मनी ट्रान्सफर, सप्टवेयर निर्माण, नेपालका बैंकका लागि विदेशी बैंकसँगको कनेक्सनजस्ता काममा मात्र लगानी विस्तार गरेको छु। मानिसले आफ्नो रुचिको काम मात्र गर्नुपर्छ।

**यो व्यवसायमा नभएको भए आज तपाई कहाँ हुनुहुन्थ्यो ?**

म विदेशका कुनै कलेजमा वायोकेमेस्ट्रीको लेक्चर दिँदै हुन्थें।

**नेपालको कलेजमा होइन ?**

सायद होइन, कारण यहाँ वातावरण नै छैन। नेपालमा कलेजका शिक्षक कुटिएका समाचार त पढिरहनुभएकै होला। हामीजस्ता इन्टेलिजेन्ट युवाहरू कामअनुसारको दाम र इज्जत चाहन्छौं, जुन नेपालमा पाउन सम्भव छैन।

**नेपाली युवालाई के सन्देश दिन चाहनुहुन्छ ?**

धेरैजसो युवा विदेश जाने योजना बनाइरहेका भेटिन्छन्, तर एकपटक यो उमेरमा नेपालमै बसेर केही रिस्क लिनुपर्छ। यो उमेरमा गुमाउनुपर्ने कुरा धेरै हुँदैन। उमेर बढ्दै गएपछि घर-परिवारको दायित्व बढ्दै जान्छ। त्यसबेला ठूलो रिस्क लिने हिम्मत हुँदैन। काम गर्ने उमेर पनि यही हो। २२-२५ वर्षको उमेरमै केही काम सुरु गरिहाल्नुपर्छ। त्यो सफल भयो भने विदेश जानै पर्दैन।

**कहिलेसम्म सक्रिय व्यवसाय गर्नुहुन्छ ?**

म अहिले ३६ वर्षको भएँ। अब चार वर्ष काम गर्छु। ४० पुगेपछि म यो कम्पनीलाई अरूको जिम्मा दिएर आरामको जीवन बिताउँछु।

**त्यसपछि के गर्नुहुन्छ ?**

एक-दुई वर्ष केही गर्दिन। घर परिवारलाई समय दिन्छु। त्यसपछि नयाँ बिजनेसमा रुचि जाग्यो भने केही गर्छु, होइन भने सोसियल सर्भिस वा अध्यात्मिक जीवनतर्फ पाइला चाल्छु।

**बुवाको जस्तो राजनीति गर्ने हो कि ?**

राजनीति डर्टी गेम हो। राजनीतिमा मजस्तो सीधा काम गर्न रुचाउने मानिसको कुनै स्थान छैन। राजनीतिमा जति ढाँट्न सक्यो, जति खराब काम गर्‍यो त्यति माथि पुगिने रहेछ। मजस्तो व्यक्तिका लागि राजनीति ठीक छैन।

**हामीजस्ता युवाले पनि राजनीतिबाट पन्छिने हो भने समस्याको समाधान कसरी हुन्छ ?**

मेरो बुबा डा. विश्वनाथ अग्रवाल नेपाली जनता दलबाट सांसद हुनुहुन्छ। उहाँले पार्टीका अध्यक्षलाई पैसा नदिएकोमा जसरी पिटाइ खानुपर्‍यो, सांसद पदबाट राजीनामा दिन धम्की खाइरहनुभएको छ, त्यसबाट पनि राजनीति कति घिनलाग्दो छ बुझ्न सकिन्छ। म सबै नेतालाई दोष दिन चाहन्नू, तर असल मानिस राजनीतिमा टिक्न सक्छ भन्ने मलाई लाग्दैन।

–अश्विनी कोइराला

नेपालको पहिलो तथा १ मात्र मान्यता प्राप्त
Maths/Science/Test नदिई SLC तथा १ वर्षमा +2 (NIOS Delhi Board), ६ महिनामा गर्न सकिने, American +2 मा नयाँ भर्ना खुल्यो।
☛ कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने ☛ +2, A level फेल भएता पनि १ वर्षमै +2 पास गर्न सकिने ☛ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, विश्वभरी मान्यता भएको ☛ नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाईने ☛ Online पढ्न सकिने ☛ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ☛ सरकारी जागिर खान मिल्ने
प्रत्येक शनिबार Free Seminar
www.hwhitehouse.edu.np
नोटः भर्ना हुन अगावै सबै कुरा बुझि बुद्धिमानीको परिचय दिऊ।
"Nepal's Largest Open School"
Himalayan White house Open School
Bagbazar- 4244499, 2020758
Pulchowk- 5009200
New Baneshwor - 2404929

प्राइभेट TEST/SLC
कक्षा ८ पास, ९ तथा TEST/SLC फेल भएर निराश भई अवसरको खोजी गरिरहेका सम्पूर्ण विद्यार्थीहरुका लागि
सिधै कक्षा १० मा भर्ना भई
अध्ययन निरन्तर गर्ने सुनौलो अवसर.........।
माध्यमः Eng./नेपाली
अन्तिम भर्ना
कक्षा समयः बिहान/दिवा
नवबुद्ध इन्टरनेशनल एजुकेशन (चाबहिल)
(NCC बैंकको ठीक अगाडी) फोन नं.: 4475300

# गर्भ रोक्ने औषधी



बदलिँदै गएको यौन आचरणका कारण हालका वर्षमा युवायुवतीबीच मात्र नभएर श्रीमान्-श्रीमतीबीच पनि असुरक्षित यौनसम्पर्क बढ्दै गएको विभिन्न सर्वेक्षणले देखाएको छ। विवाहपूर्व प्रेमी-प्रेमिकाबीच अकस्मात् हुने असुरक्षित यौनसम्पर्कले कतिपय युवती विवाहपूर्व नै गर्भवती हुने गरेका छन्। सरकारले गर्भपतनलाई कानुनी मान्यता दिए पनि विवाहपूर्व गर्भवती भएका युवतीहरू सामाजिक प्रतिष्ठाका कारण गर्भपतन केन्द्रमा जान अझै हिचकिचाउने अवस्था छ। सुरक्षित यौनसम्पर्कका साधनको अभावमा हुने यौनसम्पर्क वा यौनसम्पर्कको बेला कन्डम फुटेर रहने गर्भ वा कुनै पनि अस्थायी साधनको प्रयोगबिना हुने यौनसम्पर्कपछि रहने गर्भलाई तत्काल रोक्ने औषधी नेपाली बजारमा आएको छ। सीआरएस कम्पनीले उत्पादन गरेको औषधी इ-कोनले सम्भावित गर्भलाई रोक्ने काम गर्छ। यो औषधी कुनै पनि महिलाले असुरक्षित यौनसम्पर्क पश्चात् आफूमा गर्भ रहने शंका भए पाँच दिन वा १ सय २० घन्टाभित्र यसमा रहेको दुईवटा चक्की एकैपटक वा १२ घन्टाको अन्तरमा खानुपर्छ। यो औषधीको मूल्य ५० रुपैयाँ छ।

# विशाल टिभी



घरमै ठूलो टेलिभिजन स्क्रिन राखेर सिनेमा हलको आनन्द उठाउन चाहने दर्शकलाई दक्षिण कोरियाको एलजी कम्पनीले निर्माण गरेको एलसिडी सिस्टमका टिभीहरू अहिले नेपाली बजारमा उपलब्ध छन्। विभिन्न आकार र मोडलमा पाइने यस्ता टिभीमध्ये ४२ इन्चको एलसीडी यो कम्पनीको चर्चित ब्रान्ड हो। सामान्य सीआरटी टेलिभिजनमा ट्युब सिस्टम हुन्छ भने यसमा चित्रहरू एलसीडी (लिक्युइ कपल डिभाइस) सिस्टमले देखाउँछ। यो सिस्टममा चित्रहरू ट्युब सिस्टमको भन्दा बढी प्रस्ट हुन्छ। एलजीको ६० एफआर मोडलको टेलिभिजन सेटमा १९२०X१०८० पिक्सेलमा दृश्य प्रस्तुत गर्छ। यो पिक्सेलमा दृश्य स्पष्ट हुन्छ। ६० हजार घन्टा लाइफ टाइम रहेको यो टेलिभिजन सेटमा १० वाटको स्पिकर दुई ठाउँमा जडान गर्न मिल्ने सुविधा छ। एक वर्षको वारेन्टी रहेको यो सेटको मूल्य नेपाली बजारमा २ लाख २ हजार ९ सय रुपैयाँ पर्ने यसको आधिकारिक विक्रेता चौधरी ग्रुपले जनाएको छ।

# सामसुङको पावर प्वाइन्ट



सामसुङ कम्पनीले निर्माण गरेको ८ दशमलव १ मेगापिक्सेलको डिजिटल क्यामेरा नेपाली बजारमा आएको छ। एस ८६० मोडलको यो क्यामेरामा ३ एक्स अप्टिकल जूम र डिजिटल इमेज स्टेबलाइजर छ। यसले टाढाको र कम प्रकाश भएको दृश्यलाई कैद गर्दा तस्बिरलाई धमिलो हुनबाट रोक्छ। यो क्यामेराको अर्को विशेषता यसमा रहेको फेस डिटेक्सन मोड पनि हो। यो मोडमा राखेर तस्बिर खिच्दा यसले अनुहारमा विशेष रूपमा फोकस गरेर तस्बिर खिच्छ। यसमा विभिन्न अवस्थामा तस्बिर खिच्ने ११ वटा सुटिङ मोड छन्। १ हजार आईएसओसम्मको यो क्यामेरामा फ्लासका पनि विभिन्न मोड छन्। यो क्यामेरामा २ दशमलव ४ इन्चको एलसीडी रहेका कारण खिचिएको तस्बिर प्रस्ट रूपमा हेर्न सकिन्छ। चारवटा रंगमा पाइने यो मोडलको क्यामेराको मूल्य ११ हजार ४ सय ९० रुपैयाँ छ।

## विदेशमा



# थोपा-थोपामा आनन्द

गर्मी हटाउने विभिन्न उपकरण अन्तर्राष्ट्रिय बजारमा आए पनि सन् बाथको आनन्द लिँदै शीतलताको आनन्द लिने चाहना गर्नेहरूलाई पोर्टेबल मिस्टिड टावर अन्तर्राष्ट्रिय बजारमा आएको छ। कुनै पनि स्वीमिङ पुल, गार्डेन र समुद्री तटमा बसेर घामसँगै शीतलता चाहनेहरूलाई यो टावर भरपर्दो सहयोगी हुनेछ। आल्मुनियमबाट बनेको यो टावर बलियो हुनुका साथै हलुका पनि छ। यसलाई ७ फिट अग्लो र ४ फिट फराकिलो गर्न सकिन्छ। यसको माथिल्लो भागबाट पानीको थोपा मसिनो शीतका रूपमा तल बसेको मानिसमा स्प्रे हुन्छ, जसले शरीरमा शीतलता सिर्जना गर्छ। यसको उचाइ र चौडाइले ६ फिटसम्मका मानिसलाई टाउकोदेखि खुट्टासम्म शीतलता दिन सक्छ। यसलाई बिरुवाहरूलाई शीतलता दिन पनि प्रयोग गर्न सकिन्छ। अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य करिब ६ हजार रुपैयाँ छ।

# तोसिबाको सानो ल्यापटप



साना र छरिता किसिमका ल्यापटप बोकेर हिँड्डुल गर्न सजिलो हुने हुँदा ल्यापटप पारखीहरू यस्ता मोडलतर्फ आकर्षित हुन थालेका छन्। आमउपभोक्ताको चाहनालाई मध्यनजर गर्दै जापानको तोसिवा कम्पनीले सानो आकारको एनबीसीए १०१ मोडलको ल्यापटप नेपाली बजारमा भित्र्याएको छ। १० दशमलव १ इन्चको मनिटरयुक्त यो ल्यापटपमा १ हजार २४ गुणा ६ सय रिजोलुसन छ, जसले कुनै पनि चित्रलाई स्पष्ट रूपमा देखाउँछ। इन्टेलको एटम प्रोसेसर जडान गरिएको यो ल्यापटपमा १ जीबी र्‍याम छ भने यसैमा विन्डो भिस्टाको होम एडिसन पनि छ। १ सय ६० जीबी हार्ड डिस्क क्षमताको यो ल्यापटपमा ब्लुटुथ, युएसबी सपोर्ट तथा वाईफाईको समेत सुविधा छ। एक वर्षको वारेन्टी रहेको यो ल्यापटपको मूल्य ४६ हजार ९ सय रुपैयाँ छ।

# एउटै मोबाइलमा दुई सिम



तपाईंसँग कुनै पनि दुईवटा टेलिफोन कम्पनीको सिमकार्ड छ र त्यसलाई सञ्चालन गर्न दुईवटा फरक मोबाइल प्रयोग गरिरहनुभएको छ भने अब एउटै मोबाइलबाट दुईवटा सिमकार्ड जडान गर्न सकिने सेट नेपाली बजारमा भित्रिएको छ। चीनमा निर्माण भएको यसुदा कम्पनीको एसजी २०० मोडलको मोबाइल सेटमा दुई फरक सिमकार्डको प्रयोग गर्न सकिन्छ। जीएसएम ९००/१८०० सिस्टमको यो सेटमा कुनै एक सिमकार्डमा कुराकानी गरिरहेको अवस्थामा अर्को सिम नम्बरमा फोन आए प्रयोगकर्तालाई संकेत दिने र होल्डमा राख्ने काम गर्न सकिन्छ। १ दशमलव ५ इन्चको एलसीडी मनिटर रहेको यो मोडलको मोबाइलमा एफएम रेडियो र एमपीथ्री संगीत सुन्ने सुविधा पनि छ। टर्चलाईटसमेतको यो सेटको नेपाली बजार मूल्य ३ हजार ८ सय रुपैयाँ छ।


प्राईभेट TEST/SLC 2066
Computer Courses
English Language
TIME INSTITUTE
Technical Information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156 (Right Side to P.K. Campus)
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला।

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

तु-आवश्यकता



निर्यात उद्योगकोलागि काँटी, क्रुसले बुन्न जान्ने तथा JUKI मेशीनले ऊनी ज्याकेट, टोपी सिलाउन जान्ने व्यक्तिहरुको आवश्यकता
रेणु श्रेष्ठ.:
4260073,4269701
फोन:१०-५शनिबार बन्द

प्लाष्टिक सर्जरी
प्लाष्टिक तथा कस्मेटिक सर्जरीको लागि
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हात्तिवन, हरिसिद्धि, ललितपुर
फोन : ५२५०६६५
Website : www.nepsanepal.com

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल)
Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
Modern Management Modern Technology
MODERN HOTEL Training Center
Ktm
Ph:- 4363215, 2315801

# आउँदैछन् संसार बदल्ने प्रविधि



विभिन्न आविष्कारका बारेमा चर्चा गरेर ख्याति कमाइरहेको अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी अर्थात् एमआईटीले प्रकाशन गर्ने टेक्नोलोजी रिभ्यू म्यागजिनले १० प्रविधिका बारेमा जानकारी दिएको छ। उक्त सूचीमा विज्ञान र प्रविधिका त्यस्ता आविष्कारका बारेमा बताइएको छ जसले मानिसको जीवनशैलीमा परिवर्तन ल्याउन मद्दत पुऱ्याउनेछन्।

### लिक्विड ब्याट्री

एमआईटीका मेटरियल्स केमेस्ट्रीका प्रोफेसर डोनाल्ड साडवेले लिक्विड ब्याट्री तयार गरेका छन्। यो ब्याट्रीमा विद्युत्को मात्रा धेरै हुन्छ। यसले सोलार पावरको सहायताले रातभर एउटा सहरका लागि विद्युत्को आपूर्ति पूरा गर्न सक्छ।

### ट्राभलिङ वेब रियाक्टर

वैज्ञानिकहरूको एउटा समूह डिप्लेटेड युरेनियमको सहायताले चल्ने रियाक्टरको निर्माणमा जुटेको छ। यसबाट न्यूक्लियर पावरमा काम गर्न सजिलो हुन्छ र यो सस्तो पनि छ। इन्टेलेक्चुअल भेन्चर्समा रहेको न्युक्लियर प्रोग्रामका म्यानेजर जान गिलिलेन्ड यो परियोजनाका प्रमुख हुन्।

### पेपर डाइग्नोष्टिक टेस्ट

हार्वर्ड युनिभर्सिटीका प्रोफेसर जर्ज वाइटसाइड्स छिटै पेपर डाइग्नोस्टिक टेस्टलाई तयार गर्ने अभियानमा जुटेका छन्। यसको सहायताले पेपर वा कागजबाटै धेरै परीक्षण गर्न सकिनेछ। यसको अर्थ अब युरिन वा रगत जस्ता विभिन्न परीक्षणहरू यही पेपरको सहायताले सामान्य तरिकाले गर्न सकिनेछ र त्यसपछि मात्र अन्य चिकित्सकीय प्रयोगहरू गरिनेछ। यो प्रविधि सस्तो हुनुका साथै छरितो पनि हुनेछ।

### १ सय डलरका जिनोम

बायोनानोमेट्रिक्सका संस्थापक हान काओले एक नानोफ्लुडिक चिप तयार गरेका छन्। यसबाट जिनोम विश्लेषणको खर्च धेरै हदसम्म कम हुनेछ। यो प्रविधिको प्रयोगबाट चिकित्सकले कुनै बिरामीको युनिक जेनेटिक प्रोफाइल पत्ता लगाएर त्यसका आधारमा उपचार गर्न सक्छन्। यसको प्रयोगबाट कुनै पनि बिरामीको शरीरमा भएका नयाँ भाइरस वा कुनै पनि जीवाणु पत्ता लगाउन सकिन्छ।

### रेसट्रेक मेमोरी

आईबीएमका अनुसन्धानकर्ता स्टुअर्ट पार्किनले डाटा संग्रह गर्ने नयाँ डिभाइस निर्माण गरेका छन्। यसका लागि म्याग्नेटिक नेनोवायर्सको प्रयोग गरिएको छ। यसको नाम रेसट्रेक मेमोरी हो। यसले अहिले प्रयोगमा रहेका कम्प्युटरका सबै मेमोरीलाई विस्थापन गर्ने सम्भावना छ। यो सानो हुनुका साथै सस्तो पनि छ। यसलाई प्रयोग गर्न पनि सजिलो छ।

### ह्यासक्यास

प्रिन्स्टन युनिभर्सिटीका कम्प्युटर साइन्टिस्ट विवेक पईले वेब कन्टेन्ट स्टोर गर्ने नयाँ प्रविधिको विकास गरेका छन्। यसको नाम ह्यासक्यास राखिएको छ। यसबाट संसारभरका इन्टरनेटको स्पिड बढ्नुका साथै सस्तो पनि हुनेछ।

### इन्टिलिजेन्ट सफ्टवेयर असिस्टेन्ट

सिलिकन भ्यालीका एडम चेयर र उनका सहयोगीहरू यस्तो सफ्टवेयरको निर्माणमा जुटिरहेका छन् जसले कुनै पनि व्यक्तिको व्यक्तिगत कामका लागि सहायकको जस्तो काम गर्नेछ। यो एक प्रकारको भर्चुअल पर्सनल असिस्टेन्ट सफ्टवेयर हो जसले वेब सर्भिसलाई उपयुक्त तरिकाले प्रयोग गर्न सघाउँछ। ट्राभल बुकिङ गर्नेदेखि लिएर सप्ताहन्तमा रमाइलो गर्ने कार्यका लागि समेत यो सफ्टवेयरले सघाउनेछ।

### सफ्टवेयर डिफाइन्ड नेटवर्किङ

स्टेन्फोर्ड कम्प्युटर साइन्टिस्ट निक मेक्विनले ओपनफ्लो नामक सफ्टवेयरको विकास गरेका छन्। यसबाट सबैभन्दा इन्टरनेट प्रयोगकर्तालाई फाइदा हुन्छ। ओपनफ्लोको सहायताबाट अनुसन्धाताहरूले नेटवर्किङ प्रविधिलाई छिटो र सहज तरिकाले जाँच्न सक्छन्।

### नानो पायजोट्रानिक्स

जर्जिया टेकका मेटरियल साइन्टिस्ट झोंग लिन वांग नानो पायजोट्रानिक्स क्षेत्रको एउटा उपलब्धिलाई संसारसामु ल्याउँदैछन्। उनी पायजोइलेक्ट्रिक नानोवायर बनाउँदैछन् जसले वातावरणमा हुने भाइब्रेसनको सहायताले विद्युत् उत्पादन गर्न सकिन्छ। यसबाहेक यसले शरीरको भित्री भागमा राखिएको कुनै मेडिकल डिभाइसलाई पनि चलाउन सक्छ। यो पनि आफैमा कुनै जादूभन्दा कम छैन।

### बायोलोजिकल मेसिन

क्यालिफोर्निया युनिभर्सिटीका असिस्टेन्ट प्रोफेसर मिसेल माहरविजले अनौठो बायोलोजिकल मेसिन तयार गरेका छन्। यसको सहायताले विभिन्न जीवाणुहरूको खोजी र परीक्षण गर्न सकिनेछ। यसबाट विभिन्न बचाउ कार्यसमेत गर्न सकिनेछ।

# अब ई-भिलेज



**साप्ताहिक समाचार**

काठमाडौं- 'केही वर्षमै नेपालका ग्रामीण क्षेत्र सूचना प्रविधिबाट गोलबद्ध हुनेछ।' घण्टौं लोडसेडिङको मार खेपिरहेकाहरूलाई यो खबर अपत्यारिलो हुन सक्छ, तर यसैका लागि हाल ई-भिलेजको अवधारणा विकसित भएको छ। यो अवधारणा कम्प्युटर एसोसिएशन अफ नेपाल (क्यान) ले अघि सारेको हो। 'नयाँ नेपाल ई-भिलेज' को अभियानअन्तर्गत यो अवधारणा ल्याइएको क्यानले जनाएको छ। अहिले नेपालका ४० जिल्लामा क्यानको शाखा स्थापना भैसकेको छ, जसले ई-भिलेजको अवधारणालाई साकार रूप दिन सहयोगी भूमिका खेल्नेछन्।

'नेपालका सम्पूर्ण गाउँमा सूचना प्रविधिको पहुँच बढाउने अभियान हो,' क्यानका अध्यक्ष सुरेश कुमार कर्णले साप्ताहिकसँग भने- 'ई-भिलेजअन्तर्गत एउटा गाउँ अर्को गाउँसँग कनेक्ट हुनेछ।' योजना-अवधिमा काम पूरा गर्न क्यानले सातवटा समन्वय समिति बनाएको छ। यसका लागि क्यान यूएस र क्यान जापानसँग सहकार्य गरिने अध्यक्ष कर्णले बताए।

ई-भिलेजको विकासका लागि हरेक ग्रामीण क्षेत्रलाई सूचना प्रविधिले गोलबद्ध गरिनेछ। 'सबैतिर सूचना प्रविधिको विस्तार गरिनेछ,' क्यान महासचिव विनोद ढकालले भने- 'जसले गर्दा घरमै बसी-बसी सूचना-प्रविधि सम्बद्ध काम गर्न सकिनेछ।' ई-भिलेजसँगै ई-एग्रिकल्चरको अवधारणा पनि अघि सारिएको छ। कृषिक्षेत्रको विकासका लागि ई-एग्रिकल्चरको विकास गरिनुपर्नेमा सम्बद्ध व्यक्तिहरूले जोड दिएका छन्।

# जैविक विविधता र नेपाल

भौगोलिक हिसाबले विश्वको कुल भूभागको केवल शून्य दशमलव १ प्रतिशत हिस्सा ओगट्ने भए पनि जैविक विविधताका हिसाबले नेपालले विश्वको करिब ४ प्रतिशत हिस्सा ओगट्छ। आर्थिक विकाश र मानव विकासको सूचकांकका आधारमा नेपाल पछाडि रहे पनि जैविक विविधताका आधारमा नेपाल विश्वमै ३१ औं स्थानमा पर्छ। एक तथ्यांकअनुसार नेपालमा ८ सय ६५ प्रजातिका चरा, १ सय ८६ प्रजातिका माछा, १ सय ८६ प्रजातिका स्तनधारी जीव, ६ सय ४० प्रजातिका पुतली, ७ हजार प्रजातिका फूल फुल्ने बिरुवा, २ सय ४६ प्रजातिका महत्त्वपूर्ण जडिबुटी, ५ हजार प्रजातिका कीरा-फट्यांग्रा, ४ सय प्रजातिका बहुवर्षीय बाली तथा ६० प्रजातिका जंगली खाद्य फलफूल पाइन्छन्। यी प्राणी र वनस्पतिका प्रजातिमध्ये अधिकांश रैथाने हुन्।

हामीसँग जैविक विविधताको खानी रहे पनि यसको महत्त्व र संरक्षणसम्बन्धी चेतना नहुँदा यो हाम्रा लागि आकाशको फल सावित भएको छ। बढ्दो सहरीकरण, प्रदूषण तथा विश्व जलवायु परिवर्तनको असरका कारण नेपालको जैविक विविधता पनि नराम्रोसँग प्रभावित हुन पुगेको छ। जैविक विविधता संरक्षणका लागि पर्याप्त प्रभावकारी कदम चालिएको छैन भने सर्वसाधारणको बीचमा जैविक विविधताको महत्त्वको ज्ञान समेत पुग्न सकेको छैन। संस्थागत रूपमा सन् १९७३ मा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन कार्यन्वयनमा आएसँगै औपचारिक रूपमा सुरु भएको जैविक विविधता संरक्षणको दायरा अहिले फराकिलो भएको छ। अहिले नेपालको कुल भूभागको करिब २० प्रतिशत भूभागलाई संरक्षित क्षेत्र बनाएर जैविक विविधताको रक्षा गर्ने प्रयास गरिएको छ।

नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, वातावरण संरक्षण ऐन, जलचर संरक्षण ऐन आदि राष्ट्रिय कानुनका साथै रियो द जेनेरियोमा भएको जैविक विविधता महासन्धि तथा अन्तराष्ट्रिय स्तरका धेरै सन्धिमा हस्ताक्षर गरेको छ। संरक्षणमा स्थानीय सहभागिता र लाभको बाँडफाड गर्ने गरी जनसहभागितामूलक संरक्षण अवधारणाअनुरूप जनताको सहभागितामा आधारित जैविक विविधता संरक्षणलाई अघि बढाउन मध्यवर्ती क्षेत्र कार्यक्रम, निकुन्ज राष्ट्रिय कार्यक्रमजस्ता जनमुखी संरक्षण कार्यक्रमले जैविक विविधताको संरक्षण गर्ने कार्यमा जनसहभागिता अभिवृद्धि गर्न टेवा पुऱ्याउँदै आएका छन्।

उचित शैक्षिक परामर्शका साथ पास हुनेगरी
प्राइभेट Test/SLC-2066 भर्ना खुल्यो !!!

कसका लागि किन ?
- कक्षा ८ पास भई स्कुल जान नसकेकाहरु
- कक्षा ९, Test/SLC फेल भई बसेकाहरु
- स्कुल जाने उमेर नाघकाहरु
- जागिर गर्दै पढ्न चाहनेहरु
- बैबाहिक संबन्धका कारणले पढ्न नपाएका
- अन्य विविध कारणले स्कूल जान नसकेका

कक्षा समय बिहान, दिउसो

हाम्रा विशेषताहरु:
- अंग्रेजी र नेपाली दुबै माध्यमबाट पढाइने
- उपत्यका बाहिरबाट आउने विद्यार्थीलाई छुट साथै होस्टेलको व्यवस्था
- कमजोर विद्यार्थीको लागि बिशेष कक्षाको व्यवस्था
- Weekly परिक्षा लिइने

COMPUTER: Basic Course, Graphic Designing, Accounting Packege
Languages: English, Japanese, Korean, Hebrew

- १ वर्षमै +2
- Math/Science/ Test नदिइ SLC
- American +2

Note: विदेश जाने र अंग्रेजी भाषा जान्दै नजानेकाहरूको लागि विशेष व्यवस्था छ ।

NEWTON
Educational & Computer Institute Pvt Ltd.
Kathmandu (चाबहिल बौद्ध स्तुपाको पछाडी)
4462147
4486760

# शैक्षिक परामर्श मेलामा विद्यार्थी आकर्षण

**शिव मुखिया**

काठमाडौं– भर्खरै एसएलसी सकेर बसेकी अर्पणा भण्डारीका लागि यो साता निकै उपलब्धिमूलक रह्यो । राजधानीमा आयोजित सातौं शैक्षिक मेलामा उनी साताभरि नै व्यस्त रहिन् । मेला घुम्नका लागि मात्र होइन, क्यारियर निर्माणमा समेत उपयुक्त गन्तव्य बन्यो । चार दिन चलेको शैक्षिक मेला निरन्तर धाएपछि अर्पणाले यहींबाट आफूले कुन विषय पढ्ने, कहाँ पढ्ने जस्ता कुराको निधो गरिन् । मेला त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको एक्जिविसन हलमा सञ्चालन भएको थियो ।

कक्षा १२ को परीक्षा सिध्याएर बुटवलबाट काठमाडौं आएका दीपेन वस्नेत शैक्षिक मेलाको भ्रमणबाट निकै हर्षित भए । किन ? जवाफमा उनले भने- 'प्लस टुपछि मेरो रोजाइको विषय अध्ययन गर्न कति खर्च लाग्छ, कहाँ पढ्न पाइन्छ भन्ने जानकारी पाएँ ।' प्लस टुपछि उनी होटल म्यानेजमेन्टमा स्नातक गर्न इच्छुक थिए । कान्तिपुर होटल म्यानेजमेन्ट एन्ड इन्टेरियर डिजाइन कलेजबाट आवश्यक परामर्श लिएपछि उनी फुरुङ्ग हुँदै हलबाट बाहिरिए । यता भक्तपुरकी रचना श्रेष्ठ हातभरि विभिन्न कलेजका ब्रुसर बोकेर स्टल चहारिरहेकी थिइन् । यसैपालि एसएलसी सिध्याएकी श्रेष्ठ राम्रो प्लस टुको खोजीमा थिइन् । 'प्लस टु गर्न राम्रो कलेज खोजिरहेकी छु,' उनले हतारिँदै सुनाइन्- 'तर अहिलेसम्म भेटेकी छैन ।'



एसएलसीको नतिजा पर्खेर उच्च शिक्षाको खोजीमा रहेका विद्यार्थीहरूलाई लक्षित गरी बर्सेनि शैक्षिक परामर्श मेला आयोजना गर्दै आएको डाइरेक्सन नेपालले मेलाको सातौं संस्करणलाई पनि निरन्तरता दियो ।

'उच्च शिक्षाका लागि विद्यार्थीले धेरैतिर भौंतारिन नपरोस् भनेर मेला आयोजना गरेका हौं,' आयोजकका इभेन्ट म्यानेजर रमेश थापाले साप्ताहिकसँग भने- 'एउटै थलोमा शिक्षा दिने र लिनेबीच प्रत्यक्ष अन्तर्क्रिया हुन पाउने व्यवस्था मेलाले गरेको छ ।' खासगरी देशभित्रै राम्रा र उत्कृष्ट विषय अध्ययनको चाँजोपाँजो मिलाउन मेलाको व्यवस्थापन गरिएको आयोजक बताउँछन् । यद्यपि अब्रोड स्टडी गर्न चाहने विद्यार्थीका लागि पनि मेलामा केही कन्सल्टेन्सीले परामर्श दिइरहेका थिए ।

मेलामा होटल म्यानेजमेन्ट, इन्टेरियर डिजाइन, डेन्टल साइन्स, हस्पिटालिटी एन्ड क्याटरिङ म्यानेजमेन्ट, चार्टर एकाउन्टेन, आईटी, ग्राफिक डिजाइन, जर्नालिज्म एन्ड मास कम्युनिकेसनजस्ता आकर्षक विषय अध्यापन हुने शैक्षिक संस्थाहरूको स्टल थियो । ती शैक्षिक संस्थाहरूले विद्यार्थीलाई आफ्नो शैक्षिक कार्यक्रम, अध्ययनका लागि लाग्ने खर्चजस्ता कुरामा परामर्श दिइरहेका थिए । विद्यार्थीलाई आफ्नो शैक्षिक कार्यक्रमप्रति आकर्षित गर्न शैक्षिक संस्थाहरूबीच होडबाजी नै चलेको थियो ।

'जुन विषयका सम्बन्धमा जानकारी लियो त्यही पढ्न मन लाग्छ,' उच्च शिक्षा कुन विषयमा लिने भन्ने निर्क्यौल गर्न नसकेका दीपेश तामाङले भने- 'कुनै एउटा विषय रोज्न सकिन ।' उनीजस्तै अलमलमा परेकी थिइन् बानेश्वरकी प्रमिला भट्टराई । 'सीए पढ्ने कि म्यानेजमेन्टमा जाने भन्ने निर्णय गर्न सकेकी छैन,' प्रमिलाले भनिन् । विभिन्न शैक्षिक संस्थाको आकर्षक कार्यक्रमप्रति लोभिएका धेरै विद्यार्थी विषय छनौटमा अलमलिरहेका देखिन्थे ।

शैक्षिक मेलामा कतिपय कलेजले भर्ना प्रक्रियाका लागि विद्यार्थीहरूलाई आफूतिर आकर्षित गरिरहेका थिए । ती कलेजले विद्यार्थीको नाम, सम्पर्क नम्बर लेखाएर चिरुामार्फत भर्ना फिमा छुटको व्यवस्था गरेको बताइरहेका थिए । चिट्ठा तान्न लगाएर भर्नामा ५० प्रतिशतसम्मको छुट दिने भन्दै कतिपय कलेजले विद्यार्थीको भिड जम्मा गरिरहेको पाइन्थ्यो । कलेजका यस्ता क्रियाकलापले मेला भ्रमण गर्ने कतिपय विद्यार्थीलाई भ्रममा समेत पारिरहेको थियो ।

एसएलसी सकेर उच्च शिक्षाको खोजीमा लागेका विद्यार्थीहरू मेलाबाट प्रभावित भएका थिए । उनीहरूले मेलाबाट विभिन्न कलेजले उपलब्ध गराउँदै आएको शैक्षिक कार्यक्रमका सम्बन्धमा जानकारी लिए । सीए अध्ययनका लागि चार्टर्ड कलेज अफ म्यनेजमेन्ट, इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन आदिले स्टल राखेका थिए । यसैगरी इन्जिनियरिङ पढ्न चाहने विद्यार्थीका लागि खोप इन्जिनियरिङ कलेज तथा काठमाडौं इन्जिनियरिङ कलेजले आफ्ना कार्यक्रमका सम्बन्धमा परामर्श दिइरहेका थिए । यता डेन्टल साइन्स अध्ययनका लागि कान्तिपुर डेन्टल हस्पिटल एन्ड रिसर्च सेन्टरले आवश्यक जानकारी दिइरहेको थियो ।

# कुन 'फ्याकल्टी' किन रोज्ने ?

**सागर शर्मा**

एसएलसी दिएका परीक्षार्थीहरूले अब उच्च शिक्षाका बारेमा निर्णय गर्नुपर्ने समय आएको छ । कुन 'फ्याकल्टी' रोज्ने र त्यसमा समाविष्ट पाठ्यक्रमबाट आफ्नो भविष्यलाई कस्तो बाटोमा लाने भन्ने विषयमा विद्यार्थीहरू जागरूक हुनुपर्ने स्थिति छ । वास्तवमा विद्यार्थीहरूको भविष्य नै अबको समयले निर्धारण गर्नेछ । त्यसैले आफ्नो लक्ष्यअनुरूप उपयुक्त हुने खालको संकाय 'ज्वाइन' हुने योजना बनाउनुपर्ने हुन्छ ।

त्रिभुवन विश्वविद्यालयको प्रवीणता तह खारेज हुने क्रममा छ । त्यसैले विद्यार्थीहरूमा प्लस टुप्रति जुन 'क्रेज' छ, त्यो अझ बढ्नेछ । नेपालमा ए लेभलको कोर्स पनि उपलब्ध छ, तथापि मध्यमवर्ग र सामान्य स्तरका विद्यार्थीहरू भने त्यताभन्दा प्लस टुमै अग्रसर देखिन्छन् । यहाँ विद्यार्थीहरूले सामान्यतः स्कुले जीवनसरहको व्यवहार पाउनेछन् जुन प्रवीणता प्रमाणपत्र तहमा अलि गाह्रै पर्थ्यो ।

प्लस टुमा अहिले विशेषतः चार संकाय छन्- 'साइन्स', 'म्यानेजमेन्ट', 'ह्युम्यानिटिज' र 'एजुकेसन' । विद्यार्थीहरूले आफ्नो चाहना र भविष्यका बारेमा ख्याल राख्दै 'फ्याकल्टी' रोज्नुपर्ने हुन्छ । म भविष्यमा यस्तो हुनेछु भनेर संकाय छनौट गरी आफ्नो लक्ष्यप्रति अडिग रहनुपर्छ । अरूको दबाबमा भन्दा पनि स्वनिर्णयमा संकाय रोज्ने योजना बनाउनुपर्छ । उक्त संकायमा समाविष्ट पाठ्यक्रमलाई नजिकबाट नियाल्न नयाँ सिलेबस पनि हेर्न सकिन्छ ।

अलिकति राम्रो नतिजा प्राप्त गर्ने जोसुकैको रोजाइमा परेको छ, विज्ञान संकाय । विज्ञान नै रोजिनुमा ठूलाबडाको भनाइ तथा परिवारको दबाब पनि एउटा पाटो हो । कतिले यो संकाय रोज्नुलाई आफ्नो स्टयान्डर्ड बढाउनु पनि मान्ने गरेका छन्, तर यी कुराभन्दा पनि यो विषय पढेर के भइनेछ र आफूलाई के हुन मन लागेको छ भन्ने विषयमा विचार पुऱ्याउनुपर्छ । जे होस्, यसमा अरू संकायमा भन्दा केही बढी नै फाइदा हुन्छ । धेरैजसो बाबुआमा आफ्ना छोराछोरी डाक्टर वा इन्जिनियर नै भएको देख्न चाहन्छन् जसका लागि यही विषय पढ्नुपर्ने हुन्छ । यो विषयमा प्लस टु उत्तीर्ण गरिसकेपछि स्नातक तहमा जुनसुकै संकायमा पनि जान सकिन्छ । अर्कातर्फ यही विषयमा स्नातक र स्नातकोत्तर गरे पनि भविष्य राम्रै हुन सक्छ तर अरू संकायभन्दा यसमा पढाइ पनि अलि बढी राम्रो हुनु आवश्यक हुन्छ । अरू डाक्टर, इन्जिनियर भए, म पनि हुन्छु भनेर सोच्नेभन्दा पनि आफ्नो क्षमता कति छ, विचार पुऱ्याउनुपर्छ । जे होस्, एसएलसीमा राम्रो नतिजा ल्याउने र बढी परिश्रम गर्ने विद्यार्थीलाई यो संकाय फलदाजनक नै हुन्छ ।

मध्यमस्तरका र अलि कम परिश्रम गरेर पनि राम्रै नतिजा ल्याउँछु भन्नेहरूको रोजाइमा 'म्यानेजमेन्ट' संकाय परेको छ । यसमा समाविष्ट पाठ्यक्रम विज्ञानभन्दा केही सजिलो हुन्छ । त्यसैले पनि होला एसएलसीमा सन्तोषजनक नतिजा प्राप्त गरेका विद्यार्थीहरू यो फ्याकल्टीमा होमिने क्रम बढ्दो छ । त्यसो त एसएलसीमा राम्रो नतिजा ल्याएकाहरू पनि विज्ञान संकायतिर नगै यही क्षेत्रमा आफ्नो भविष्य सुदृढ बनाउन लागिपर्छन् । वर्तमानमा 'होटल म्यानेजमेन्ट' को स्कोप बढी भएको भन्दै केही विद्यार्थी यसैतर्फ अग्रसर छन् । त्यसो त यो पाठ्यक्रमको विदेशमा पनि राम्रै स्कोप छ । अर्कातर्फ म्यानेजमेन्टकै अरू कोर्स 'बुम', 'कम्प्युटर साइन्स', 'ओएमएसपी' पनि विद्यार्थीहरूको रोजाइमा परेका विषय हुन् । विद्यार्थीहरूका लागि अहिले धेरै अप्सन छन् तर ती अप्सनमध्ये पनि आफूलाई उपयुक्त हुने उत्कृष्ट विषय छनौट गर्नु आवश्यक छ ।

'ह्युम्यानिटिज' र 'एजुकेसन' प्रायः उपत्यकाका विद्यार्थीहरूको छनौटमा पर्दैनन् । वार्षिक रूपमा यी संकायका विद्यार्थीहरूको संख्या पनि घट्दै गएको छ । गाउँबाट सहर पढ्न आएका तथा गाउँमै बसेर पढ्ने विद्यार्थीहरूले भने यी संकाय नै रोज्ने गरेको पाइन्छ । विद्यार्थीहरूको अनुभवमा यी संकायका पाठ्यक्रम अरू संकायभन्दा केही सजिला अर्थात् अलि कम परिश्रम गरे पनि सन्तोषजनक नतिजा प्राप्त गर्न सकिने खालका छन् । तथापि परिश्रमबिना यी पाठ्यक्रम पनि गाह्रै हुने उनीहरूको जिकिर छ । मानविकी संकायमा पनि लागिपरेर पढ्ने हो र राम्रो नतिजा ल्याउने हो भने भविष्य उज्ज्वल नै हुन्छ । शिक्षा संकायबाट पनि आवश्यक तह पार गरिसकेपछि शिक्षकको 'लाइसेन्स' लिएर विद्यालय तथा कलेजहरूमा पढाउन सकिन्छ । त्यसो त विज्ञान, व्यवस्थापन एवं मानविकी संकायका विद्यार्थीहरूले पनि स्नातक तह पार गरिसकेपछि 'वन इयर बि.एड' गर्न पाउँछन्, फलस्वरूपः शिक्षक 'लाइसेन्स' प्राप्त गरी आफ्नो विषयमा अध्यापन गर्न सकिन्छ ।

छात्रछात्राहरूले यी अप्सनहरूमध्येबाट आफूलाई उपयुक्त हुने गरी उपयुक्त विषय छान्नुपर्छ, अनि मात्र आफ्नो भविष्यप्रति निश्चिन्त भै अघि बढ्न सकिन्छ ।

स्टार होटलमै तालिम
जापानको लागि
स्पेशल Cooking
कोर्ष साथै Language
नेपालको लागि Job Guarentee
Cook-Indian/Chinese/
Italian/Continental,
साथै Waiter/ Barman
Crystal Training
Tel: 2403011 Mob: 9841611373
ट्रेनिङ्ग गर्ने होटल जमलमा

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
बेदाग गोरो मुहारको लागि
रुपअमृत - Rs.1650/-
Anti Pimple
[Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयूर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9841330144 Cell 9845062538 Chitwan

विद्यार्थीले उच्च शिक्षाका लागि पक्कै पनि 'प्लान' बनाइसके होलान्। केहीले त ए लेभल पढ्ने भनेर 'इन्ट्रान्स' परीक्षा दिइसकेका छन्। अहिले राम्रो नतिजा प्राप्त गर्ने जोसुकैले पनि विज्ञान संकाय रोज्न थालेका छन्। ठूलाबडाको भनाइ तथा परिवारको दबाब पनि एउटा पाटो हो यो विषय रोज्नुको तर कतिले आफ्नो पढाइलाई 'हाइ स्टान्डर्ड' को सावित गर्न पनि यो संकाय रोज्छन्। कतिले त ख्यालख्यालमै यो संकाय रोजेका छन्, भविष्यसम्बन्धी केही योजन नबनाई।

सबैको एउटै सोचाइ छ, साइन्छ पढेपछि त भविष्य त्यसै राम्रो भैहाल्छ नि। अरू डाक्टर, इन्जिनियर भएको देखेर तथा यो पेशाबाट राम्रो आम्दानी भएको देखेर अत्यधिक विद्यार्थी यो संकायमा लालायित हुन्छन् तर यस्तो रोज्ने भन्ने कुरामा पहिले नै विचार पुऱ्याउनुपर्ने रहेछ। हावातालमा पढेर यो संकायबाट केही गर्न सकिने रहेनछ। कि त पहिले नै राम्रोसँग पढ्छु भनेर अठोटका साथ यो विषयमा होमिनुपऱ्यो, राम्रो स्टुडेन्ट भएर निस्कन सकिएन भने केही गर्न सकिएला जस्तो लागेन मलाई त।

कक्षा १२ को परीक्षा दिएर बसेका विकास पन्थी पनि अब विज्ञान नपढ्ने बताउाछन्। 'यसले त मलाई दुई वर्ष साह्रै नै टेन्सन दियो। कक्षा ११ मा ज्वाइन हुने बेलामा म ५२ केजी थिएँ, अहिले बढ्नुपर्नेमा घटेर ४९ केजी मात्र छु। 'थ्योरी' उस्तै, फेरि 'प्राक्टिकल' रात-दिन नपढे पनि पढाइकै बारेमा निकै चिन्ता लागिरहने।

उनले आफ्नो गुनासो पोख्दै भने, पहिले के-के नै गरिएला जस्तो लागेर यो संकायमा हाम

## विचार गरेर रोज्नुपर्छ प्लस टुका विषय

व्यक्तित्वका लागि कत्तिको परिश्रम आवश्यक हुन्छ भन्ने विषयमा पनि उत्तिकै विचार पुऱ्याउनुपर्छ।

सुरुमा साथीहरूसँग लागेर यो संकाय रोज्ने अनि पछि समय वित्दै गएपछि बेकारमा यो संकाय रोजिएछ भनेर पछुताउनुभन्दा पहिले नै सबै संकायका बारेमा बुझेर मात्र निर्णय गर्नु उपयुक्त हुन्छ। साइन्स पढे पनि राम्रो अंक ल्याइएन भने भविष्य अन्धकार हुन सक्छ। बरु जुनसुकै संकाय किन नहोस्, त्यसमा आफू उत्कृष्ट भएर निस्कन सके त्यही क्षेत्रमा आफ्नो 'भोलि' लाई स्थापित गर्न सकिन्छ।

कक्षा ११ को परीक्षा दिएका कृष्ण न्यौपाने बेकारमा विज्ञान संकाय रोजिएछ भनेर पछुताउँदै छन्। सुरुमा विज्ञान पढेपछि त आकाश नै झार्न सकिनेछ जस्तो लागेर यो संकाय रोजेका न्यौपाने अहिले आएर आफूलाई गाह्रो भएको बताउँछन्। सबै साथी साइन्सतर्फ लागे, म पनि त्यतै लागेँ। साह्रै गाह्रो हुने रहेछ पढ्न। सुरुमा स्कुल सरह होला भनेर वास्ता गरिएन, अहिले पढेरै नभ्याइने स्थिति आएको छ। स्कुल र कलेज त आकाश-पातालको फरक रहेछ नि।

उनले भने, कुन संकाय किन हालें, ११ मा पूरकमा पर्नुपऱ्यो। १२ मा पास त भइएला तर पास मात्रै भएर के नै गर्न सकिन्छ र ? अब ब्याचलरचाहिं म्यानेजमेन्टमा गर्ने विचार छ। म्यानेजमेन्ट पढे अलि सजिलो पनि होला, राम्रो अंक ल्याएर केही गर्न पनि सकिएला।

विज्ञान पढेर पछुताउने कृष्ण र विकास मात्र होइनन्, धेरै विद्यार्थी यस्ता छन् जो स्नातक तहमा व्यवस्थापन संकायतर्फ होमिने सुरमा छन्। एक तथ्यांक अनुसार 'प्लस टु' मा विज्ञान संकायको पाठ्यक्रम पढेका करिब बीस प्रतिशत विद्यार्थीले स्नातक तहमा संकाय परिवर्तन गरेको पाइन्छ। यसरी संकाय परिवर्तन गर्दा आफैलाई गाह्रो पर्ने हो। 'घरको न घाटको' भनेझैं दुवै संकायबाट असफल हुन सक्ने स्थिति पनि आउन सक्छ।

विज्ञानको क्रेज बढ्दो छ। यो क्रेज पछि गएर अभिशापका रूपमा परिणत नहोला भन्न सकिदैन। पछि गाह्रो भएपछि पछुताउनुभन्दा पनि पहिले नै विचार पुऱ्याएर आफूलाई उपयुक्त हुने संकाय रोज्नु उपयुक्त हुन्छ अनि मात्र भविष्यका दिनहरू विनाअवरोध, विनाचिन्ता, सफलतापूर्वक बित्दै जानेछन्, अनि कुनै 'टेन्सन' पनि हुनेछैन।

# उच्च शिक्षामा विषय छनौटको आधार

**शिव मुखिया**

एउटा तह पार गरिसकेपछि अर्को तहमा कुन विषय लिएर पढ्ने भन्ने समस्याले धेरै विद्यार्थीलाई सताउँछ। आफूले रोजेको विषय पढेर काम पाइन्छ कि पाइँदैन भन्ने अर्को समस्या हुन्छ। नेपालको शिक्षाक्षेत्रमा यस्ता अनगिन्ती समस्या छन्। त्यसमध्ये पनि एसएलसी उत्तीर्ण गरिसकेपछि उच्च शिक्षा कुन विषयमा लिने भन्ने समस्या निकै जटिल हुने गरेको छ।

एसएलसीमा प्राप्त गरेको अंकका आधारमा अधिकांश विद्यार्थीले विषय छनौट गर्ने गरेका छन्। धेरै अंक हासिल गरेकाले जटिल विषय र थोरै अंक प्राप्त गर्नेले सामान्य विषय लिने चलन छ। अभिभावकले पनि आफ्ना छोराछोरीले एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण गरे विज्ञान नै पढाउनुपर्छ भन्ने मान्यता पालेका हुन्छन्। फलतः अभिभावक, शिक्षक र साथीहरूको दबाब एवं लहलहैमा लागेर विद्यार्थीले आफ्नो रुचि वा क्षमताभन्दा फरक विषय रोज्छन्। यसरी रोजिएको विषयमा विद्यार्थीले उत्कृष्टता हासिल गर्न सक्दैनन्। यसै कारणले उसको भविष्य अन्यौलग्रस्त बन्न पुग्छ। एसएलसी उत्तीर्ण गरिसकेपछि कुन विषय पढ्ने ? आफ्नो क्षमता र रुचि के छ ? जस्ता कुरामा स्वयंले निर्णय गरी विषय छनौट गर्नु राम्रो हुन्छ। यसका लागि एसएलसी परीक्षा दिइसकेपछिको रिक्त समयमा शैक्षिक परामर्श लिन सकिन्छ।

उच्च शिक्षा हासिल गर्नु भनेको आफ्नो भविष्यको गोरेटो पहिल्याउनु हो। अतः उच्च शिक्षा कुन विषयमा गर्ने भन्ने कुराको निर्क्योल आफ्नो रुचि, बौद्धिक एवं आर्थिक क्षमता, त्यस विषयमा अध्ययन गर्दा प्राप्त हुने दीर्घकालीन फाइदा आदिलाई आधार बनाउनुपर्छ। उच्च शिक्षा लिनुअघि आफू पूर्ण रूपमा सम्बन्धित विषयप्रति जानकार भैसकेको हुनपर्छ त्यसपछि मात्र त्यो विषय पढेर भविष्यमा के गर्ने वा के बन्ने भन्ने कुराको टुंगो गर्न सकिन्छ।

**आफ्नो क्षमताको पहिचान**

जबसम्म आफूले आफैंलाई चिन्न सकिँदैन तबसम्म कुनै पनि क्षेत्रमा सफलता हासिल गर्न सकिँदैन। त्यसैले आफ्नो क्षमता एवं रुचिका सम्बन्धमा ध्यानपूर्वक विचार गरौं। आफ्नो क्षमता र रुचिका बारेमा स्पष्ट भैसकेपछि विषय छनौट गर्न गाह्रो हुँदैन। अरूको दबाब एवं लहलहैमा नलागी स्वविवेक प्रयोग गरेर विषय छनौट गर्नुपर्छ। धेरैजसो विद्यार्थी एसएलसीमा उच्च अंक पाएकै आधारमा विज्ञान विषय रोज्छन् र पछि अध्ययन गर्न नसकेर अर्को विषयमा प्रवेश गर्छन्। आफूले अध्ययन गर्ने विषयमा फितलो निर्णय गर्दा यस्तो समस्या बेहोर्नुपरेको हो। त्यसैले एसएलसीमा प्राप्त गरेको अंकका आधारमा भन्दा पनि आफ्नो रुचि र क्षमताका आधारमा विषय छनौट गर्नु राम्रो हुन्छ।

**शैक्षिक परामर्श**

सधैं आफ्नो बुद्धिले सही निर्णय निकाल्न सकिँदैन। आफूले गरेका कतिपय निर्णय आफ्नै लागि हानिकारक हुन सक्छन्। यसर्थ भरपर्दो, विश्वासिलो र दक्ष एवं परिपक्व व्यक्तिबाट सल्लाह लिनु राम्रो हुन्छ। साथीभाइ, शिक्षक एवं अभिभावकहरूबाट यस्तो सल्लाह लिन सकिन्छ। उनीहरूले दिएको सल्लाह कति उपयुक्त छ ? भन्ने विषयमा आत्ममूल्यांकन गरौं। हुन त अहिले सहरी क्षेत्रमा यस्ता विद्यार्थीलाई लक्षित गरेर शैक्षिक परामर्श मेलाहरूको पनि आयोजना गरिन्छ। विषय छनौटमा अलमल्लिरहेका विद्यार्थीहरूले यस्ता मेलाबाट उपयुक्त सल्लाह-सुझाव हासिल गर्न सक्छन्।

**भविष्यको बाटो**

आफूले रोजेको विषय अध्ययन गरेपछि कुन क्षेत्रमा काम गर्न सकिन्छ वा कस्तो योग्यता हासिल गर्न सकिन्छ भन्ने जस्ता कुराको ख्याल गरौं। उच्च शिक्षाको प्रमाणपत्र लिइसकेपछि पनि मैले कुन विषयमा दक्षता हासिल गरें भन्ने कुरामा अनभिज्ञ विद्यार्थीसमेत भेटिन्छन्। यस्ता विद्यार्थीले शिक्षा हासिल गर्ने नाममा प्रमाणपत्र त लिन्छन् तर ज्ञान एवं सीप लिएका हुँदैनन्। उच्च शिक्षा लिइसकेपछि पनि आफूले प्राप्त गरेको योग्यता नचिन्ने वा प्रयोग गर्न नसक्ने विद्यार्थीहरू सधैं बेरोजगार बन्नुपर्ने हुन्छ। अतः आफूले अध्ययन गर्न चाहेको विषयको भविष्य हेर्नुपर्छ। त्यो विषय अध्ययन गरेर आफू कुन क्षेत्रमा लाग्ने भन्ने कुराको निर्क्योल अहिले नै गर्नुपर्छ।

**सहयोगी सामग्री**

उच्च शिक्षामा अध्ययन गर्ने विषयको टुंगो गरिसकेपछि त्यस विषयसँग सम्बन्धित सामग्रीहरू हेरौं। उक्त विषय कहाँ अध्ययन गर्न सकिन्छ, खर्च कति लाग्छ जस्ता विषयमा जानकारी हासिल गर्नुपर्छ। आफूले रोजेको विषय अध्ययनका लागि आफ्ना बौद्धिक एवं आर्थिक क्षमताले भ्याउँछ-भ्याउँदैन ? ती विषय पढाइ हुने कलेज कस्ता छन् ? आफ्नो लागि अनुकूल हुन्छन्-हुँदैनन् जस्ता सम्पूर्ण कुराको जानकारी लिनुपर्छ। यसका लागि विभिन्न सञ्चारमाध्यमको विज्ञापन एवं सम्बन्धित कलेजले प्रकाशित गरेका सामग्री सहयोगी हुन सक्छन्।

**शिक्षक-शिक्षिकाको सल्लाह**

आफूले उच्च शिक्षाका लागि रोजेको विषयका सम्बन्धमा थप जानकारी हासिल गर्न सोही विषयसँग सम्बन्धित शिक्षक-शिक्षिकालाई भेट्न सकिन्छ। उनीहरूबाट सल्लाह-सुझाव लिन सकिन्छ। आफूले रोजेको विषय अध्ययन गरिसकेपछि कुन क्षेत्रमा काम गर्न सकिन्छ, पढ्नका लागि आ□नो बौद्धिक क्षमताले भ्याउँछ कि भ्याउँदैन जस्ता कुरा सम्बन्धित शिक्षकबाटै बुझ्नु राम्रो हुन्छ।

**देशको आवश्यकता**

आफूले उच्च शिक्षामा लिने विषय छनौट गर्दा देशको आवश्यकतालाई पनि मनन गर्नु राम्रो हुन्छ। देश कुन क्षेत्रमा पछाडि परेको छ ? त्यसका लागि कस्तो किसिमको जनशक्ति आवश्यक छ जस्तो कुरा मनन गरेर अध्ययनको विषय छनौट गर्नु राम्रो हुन्छ।

उद्घोषण तालिम
RJ/ VJ/ MC
रु. ९०००/- छुट सहित
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
BIKALPA, THE OPTION
फोन नं. ०१-४४९०१६८
विकल्प एफ.एम TIME मा कार्यक्रम चलाउने 100% ग्यारेण्टी

CA
Coaching Class @ Shaping Minds
Sarojina Scholarship Fund
* 100 % Scholarship from an NGO Shaping Minds group Social welfare
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478
VISIT us once before U decide Ur STUDY PLAN

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

सौन्दर्यका सामान
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शखमुल मार्ग, तयारी पोशाक सघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटल तालिम होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chef हरुद्धारा सिकाइने कुक-वेटर/हाउस किपिङ्ग/बेकरी/फ्रन्ट अफिस/बार म्यान/तथा अंग्रेजी, नेपाली र जापनीज भाषाका कक्षाहरु का साथै हाउस वाइफ र पढ्दै नपढेको हरुका लागि विशेष कक्षाको व्यवस्था गरिदै छ। भर्ना धमाधम लिइदैछ।
Hotel Khumjung Training Center
महाराजगञ्ज, चक्रपथ, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Tel: 4373411, 4372194

# सीप नहुँदा घट्दैछ वैदेशिक रोजगार कोटा

शिव मुखिया

काठमाडौं– सिनामंगलस्थित इम्पेरियर ग्लोबल रिसोर्सको तालिम कक्षा केही दिनयता सुनसान छ। रोजगारीका लागि इजरायल जाने कामदारहरूलाई सीप विकास तालिम दिँदै आएको उक्त केन्द्रमा न त कुनै सीप सिकिरहेका युवायुवती भेटिन्छन्, न त प्रशिक्षक नै। वैदेशिक रोजगारका लागि आकर्षक गन्तव्य बन्दै आएको इजरायलले मार्च ३० देखि कामदार लिन बन्द गरेपछि यो तालिम केन्द्र सुनसान भएको हो।

'सीप नभएका कामदारहरूका कारण यस्तो अवस्था आएको हो,' केन्द्रका कोलिन पुरीले गुनासो पोखे- 'अदक्ष कामदारहरूले त्यहाँ माग गरेबमोजिमको काम गर्न नसक्दा इजरायलले कामदार नलिएको हो।' रोजगारीका लागि किन इजरायलले नेपाली कामदारको ढोका बन्द गरिदियो, त्यसका अरू पनि कारण हुन सक्छन्, तर वैदेशिक रोजगारीका लागि इजरायलमा नेपाली कामदार पठाउँदै आएका म्यानपावर संस्थाहरूचाहिँ अदक्ष कामदारका कारण यस्तो अवस्था आएको दाबी गर्छन्।

अन्य खाडी मुलुकभन्दा उच्च कमाइ हुने इजरायलमा नेपाली कामदारहरू कियर गिभर, हाउस किपिङजस्ता कामका लागि जान्छे। त्यहाँ नेपाली कामदारले घरभित्रको सरसफाइलगायत बालबच्चा, बूढाबूढी एवं रोगीहरूको स्याहारसुसार गर्ने काम पाउँछन्। त्यहाँको रहनसहन, भाषाजस्ता कुराको सामान्य ज्ञान लिएपछि मात्र काम गर्न सजिलो हुन्छ। 'विदेश पुग्नासाथ पैसा बर्सन थाल्छ भन्ने सोचाइ छ, तर विदेशमा काम नगरी पैसा पाइँदैन,' ग्लोबल रिसोर्सकै हरिशंकर पुरी भन्छन्। चाँडै विदेसिने मनस्थिति भएका तर सीप एवं आधारभूत ज्ञान नलिएका थुप्रै कामदार इजरायल पुगेका छन्। 'घरायसी इक्युपमेन्ट कसरी चलाउने, सरसफाइ कसरी गर्ने, रोगीलाई कसरी औषधी ख्वाउनेजस्ता कुरा नजानी धेरै कामदार इजरायल पुगेका छन्,' पुरी भन्छन्- 'यस्तै अदक्ष कामदारहरूका कारण इजरायलले रोजगारीका लागि ढोका बन्द गरेको हो।'

विभिन्न प्राविधिक एवं सीपमूलक तालिम प्रदान गर्दै आएको काठमाडौं पोलिटेक्निकमा पनि केही युवा मात्र सहभागी देखिए। 'थोरैले मात्र सीपमूलक काम सिक्ने रुचि राख्छन्,' पोलिटेक्निकका कुन्साङ लामाले भने- 'पैसा कमाउने हतारले धेरैजसो सीपमूलक तालिम नलिई विदेसिन्छन्।' यसरी बिदेसिने कामदारहरूका कारण अन्तर्राष्ट्रिय श्रमबजार नेपाली कामदारका लागि साँघुरो बन्दै गएको उनको ठम्याइ छ। 'खासगरी वैदेशिक रोजगारीलाई लक्षित गरेर तालिम सञ्चालन गरेका छौं,' लामा भन्छन्।

अन्तर्राष्ट्रिय श्रमबजारका लागि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन प्रकारका कामदारको माग हुन्छ। कन्ट्रक्सनलगायतका कामका लागि आवश्यक दक्ष जनशक्तिको माग सबैभन्दा बढी हुने गरेको छ। त्यसैगरी सामान्य काम जानेका वा तालिमप्राप्त जनशक्ति पनि विश्व श्रमबजारले माग्छ। त्यसबाहेक लेबरका लागि कुनै पनि दक्षता हासिल नगरेका कामदारले समेत वैदेशिक रोजगारको अवसर पाइरहेका छन्। कुनै पनि काममा दक्षता हासिल नगरी लेबर भिसामा बिदेसिनेहरूले करार अवधिभर लेबरकै पारिश्रमिकमा काम गर्नुपर्ने हुन्छ। वैदेशिक रोजगारीका लागि काम गर्दै आएका थर्ड आई म्यानपावरका प्रकाश मल्ल भन्छन्- 'राम्रो काम गर्दै गए पनि लेबर भिसामा गएकाहरूको कहिल्यै प्रमोसन हुँदैन।'

## सीप विकास तालिम

वैदेशिक रोजगारीमा जानेहरूलाई लक्षित गरेर विभिन्न म्यानपावर कम्पनीले व्यावसायिक एवं प्राविधिक तालिम प्रदान गर्दै आएका छन्। सिटिइभिटीको सम्बन्धन लिएर सञ्चालन गरिएका ती तालिमहरूबाट वैदेशिक रोजगारीमा राम्रो सघाउ पुग्छ। सेक्युरिटी गार्डका लागि विभिन्न किसिमका जनशक्तिको माग हुन्छ। कतै सिभिल सेक्युरिटीको माग हुन्छ भने कतै सेना, प्रहरीबाट अवकाश पाएकाहरूलाई प्राथमिकता दिइन्छ। सिभिल सेक्युरिटीका लागि काठमाडौंका विभिन्न इन्स्टिच्युटहरूमा तालिम लिन सकिन्छ। यसैगरी ड्राइभिङ गर्न जान्नेले पनि विदेशमा रोजगारी पाउँछन्। हेभी, लाइट ड्राइभिङमा दक्ष कामदारले विदेशमा राम्रो कमाइ गर्न सक्छन्। ड्राइभिङ सिक्नका लागि पनि धेरै ठाउँमा ट्रेनिङ सेन्टरहरू खुलेका छन्। केयर गिभर, हाउस किपिङजस्ता व्यावसायिक तालिम लिएकाहरूले समेत विदेशमा रोजगारीको अवसर पाउँछन्। यी विषयमा तालिम प्रदान गर्ने थुप्रै केन्द्र छन्। यीबाहेक सबैभन्दा बढी रोजगारी कन्ट्रक्सनसम्बन्धी दक्ष जनशक्तिले पाउँछन्। कन्ट्रक्सन-अन्तर्गत सटिङ कार्पेन्टर, मेसन, स्टिल फिक्सर, पाइप फिटर, मेकानिक हेल्पर, इलेक्ट्रिसियन, ग्यास वेल्डिङजस्ता विषयमा दक्ष हुनुपर्छ।



विदेशमा नेपाली कामदारले गर्ने कामलाई 'थ्री-डी' को संज्ञा दिइन्छ। 'थ्री-डी' अर्थात् डर्टी, डिफिकल्ट र डेन्जरस। अधिकांश नेपाली कामदार फोहोरी, अप्ठ्यारो र खतरनाक कामकै लागि प्रयोग हुने कुरा स्वीकार गर्छन् वैदेशिक रोजगार विभागका महानिर्देशक मोहनकृष्ण सापकोटा। सापकोटा भन्छन्- 'त्यहाँ नेपालीले तल्लो स्तरको काम गर्नुपर्ने हुन्छ।' यद्यपि सीप एवं प्राविधिक दक्षता हासिल गरेका कामदारहरूले सधैं निम्न कोटीको काममै अल्झिनुपर्ने बाध्यता छैन। सीप भएका जनशक्तिले त्यहाँ राम्रै काम र सोहीअनुरूपको पारिश्रमिक पाउने गरेको जानकारहरू बताउँछन्।

विदेशमा कुन किसिमको जनशक्ति आवश्यक छ, सोअनुरूपकै योग्यता खुलाएर पत्रिकामा कामदारको माग हुन्छ। खासगरी कन्ट्रक्सन, कियर गिभर, ड्राइभिङ, सेक्युरिटी गार्डजस्ता काममा कामदारको माग हुने गरेको छ। विज्ञापनमा सम्पूर्ण कुरा खुलाए पनि विदेशिने युवायुवतीहरूले आफू कुन काममा लागि जाने हो र त्यसका लागि कस्तो दक्षता आवश्यक छ भन्ने बुझ्ने गरेको पाइँदैन, जसले गर्दा विदेशमा पुगेपछि उनीहरू काम गर्न नसकी अलपत्र पर्छन्। 'आफ्नो कारणले कामदारहरू विदेशमा अलपत्र पर्छन् वा काम पाउँदैनन् अनि दोषचाहिँ म्यानपावर कम्पनीलाई दिइन्छ,' ग्लोबल रिसोर्सका कोलिन पुरी भन्छन्- 'आफ्नो कमजोरी सच्याउने काम नगरी अरूलाई दोष दिने चलनले गर्दा अन्तर्राष्ट्रिय श्रमबजारमा नेपाली कामदार बिक्न छाडेका छन्।'

कुनै पनि सीप नभएका कामदारहरू बिदेसिने क्रम बढेपछि अन्तर्राष्ट्रिय श्रमबजारमा नेपाली कामदारको माग घट्दै गएको पाइन्छ। सीप नभएका कामदारहरू त्यहाँका लागि पनि अनुत्पादक हुने हुँदा त्यस्ता कामदारका लागि वैदेशिक रोजगारको अवसर गुम्दै गएको हो। वैदेशिक रोजगारीलाई सरकारी तहबाटै बढावा दिइएको छ, तर विदेशमा माग भएअनुसारको दक्ष जनशक्ति उत्पादन गर्ने कामका लागि भने कुनै संयन्त्र बनाइएको छैन। 'सरकारी तहबाटै वैदेशिक रोजगारीमा जानेका लागि सीपमूलक तालिम प्रदान गरिनुपर्ने हो,' एक म्यानपावरमा संलग्न भूपाल जिरेल भन्छन्- 'सिटिइभिटीबाट सम्बन्धन लिएर केही संस्थाले प्राइभेट सेक्टरबाटै तालिम दिँदै आएका छन्।'

प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद् (सिटिइभिटी) को सम्बन्धन लिएर सीपमूलक एवं प्राविधिक शिक्षा प्रदान गर्दै आएका संस्थाहरूको संख्या पनि उल्लेख्य छैन। त्यसमा पनि धेरैजसो काठमाडौं केन्द्रित छन्। जसले गर्दा गाउँले युवायुवतीहरू वैदेशिक रोजगारीका लागि तालिम लिन काठमाडौं नै आउनुपर्ने बाध्यता छ। 'सरकारले सबै जिल्ला र क्षेत्रमा यस्ता प्राविधिक तालिम केन्द्रहरू सञ्चालन गर्नुपर्छ,' जिरेल भन्छन्।

## सीप विकासका लागि सिटिइभिटी

सिटिइभिटीले प्रदान गर्ने कुनै पनि तालिम लिएर वा आफ्नो दक्षताअनुसारको प्रमाणपत्र बनाएर पनि वैदेशिक रोजगारीमा जान सकिन्छ। सिटिइभिटीले विभिन्न किसिमका जनशक्ति उत्पादन गर्ने तालिमहरू सञ्चालन गरिरहेको हुन्छ, साथै सिटिइभिटीको सम्बन्धन लिएर नेपालका धेरैजसो क्षेत्रका संघ-संस्थाहरूले पनि प्राविधिक एवं व्यावसायिक तालिमहरू दिँदै आएका छन्। अनौपचारिक रूपमा हासिल गरेको सीप परिक्षण गर्न इच्छुक व्यक्तिहरू सीप परीक्षण महाशाखा, सानोठिमीमा सम्पर्क गर्न सक्छन्। त्यसैले वैदेशिक होस् वा स्वदेशी रोजगारी, सिटिइभिटीले प्रदान गरिरहेको प्राविधिक एवं व्यावसायिक तालिम सबैका लागि उत्तिकै लाभदायक हुनसक्छ।

प्राविधिक शिक्षा एवं व्यावसायिक तालिमको पहुँच नपाएर कुनै पनि नेपाली नागरिकले बेरोजगार बस्न नपरोस् भन्ने हेतुले सिटिइभिटीले प्राविधिक क्षेत्रमा २० तथा व्यावसायिक क्षेत्रमा १५ वटा प्राविधिक शिक्षालय सञ्चालन गरेको छ। त्यस्तै सिटिइभिटीका आफ्नै १७ वटा बहुप्राविधिक शिक्षालय छन्। सिटिइभिटीले अहिलेसम्म एसएलसीसरहका तालिम कार्यक्रम सञ्चालन गर्न १ सय ७ वटा शैक्षिक संस्थालाई सम्बन्धन दिएको छ, जसमध्ये ११ वटा शैक्षिक संस्थाले डिप्लोमा स्तरको अध्यापन गराउँछन्।

जाँड रक्सी ड्रग्सको कुलत छुटाउन साथै विभिन्न रोगको ग्यारेन्टी उपचार
सृष्टि संजिवनी
पुरानो बानेश्वर चोक गणेशस्थानसँगै
फोन: ०१६२०२६२७, ९८४१३२९९३२

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा वर्षौंदेखिको हाम्रो प्रतिबद्धता
प्राईभेट TEST/SLC 2066
को लागि कक्षा १० मा
नयाँ भर्ना खुल्यो
कक्षा ९ वा टेष्ट/एस.एल.सी. फेल भएका, कक्षा ८ वा ९ उत्तीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि कक्षा १० मा धमाधम भर्ना लिईदैछ।
Shift: Morning/Day
Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
कालीमाटी
Merit Academy
Ph: 4285664
चावहिल
Bright Future
Ph: 4463073
काटेश्वर
Harvard Int'l Academy
Ph: 4601434

# साप्ताहिक इनफो

## आलोकको 'कोही...मेरो'

निर्देशक आलोक नेम्वाङले चलचित्र 'कोही...मेरो'को निर्माण आरम्भ गरेका छन्। म्युजिक डटकमका लागि राजेश वंशल निर्माता रहेको उक्त चलचित्रको गीत रेकर्डिङ बुधबार प्रारम्भ भयो। असारको अन्तिम सातातिर छायांकन थालिने उक्त चलचित्रमा सुरेश अधिकारी, वसन्त सापकोटा र सुरेश राईको संगीत रहनेछ। चलचित्रमा झरना बज्राचार्य, आर्यन सिग्देल, सञ्चिता लुइँटेल एवं नयाँ नायक सुवास थापाले मुख्य भूमिका निर्वाह गर्नेछन्।

## मिसन पैसा धरानमा

एनिमेसन गरिएको चर्चित चलचित्र मिसन पैसा धरानमा भव्यताका साथ प्रदर्शन भैरहेको छ। सिमोस सुनुवारद्वारा निर्देशित 'मिसन पैसा' मा निखिल उप्रेती, निशा अधिकारी, सुनिल थापा, सुरज आरडी, आयुषा बस्नेत, मेलिना मानन्धर तथा आलोक नेम्वाङले अभिनय गरेका छन्। 'मिसन पैसा'ले धरानमा राम्रो दर्शक पाउने अपेक्षा गरिएको गणेश टाकिजका व्यवस्थापक भोलामान श्रेष्ठले बताए। एनिमेसनमार्फत मनोरञ्जक बनाइएको यो चलचित्र युवावर्गमा लक्षित छ।

## भूल भए... सकियो

निर्देशक सुरेश दर्पण पोखरेलको निर्देशनमा बनेको चलचित्र 'निशाना' प्रदर्शन नहुँदै पोखरेलकै निर्देशनमा बनिरहेको अर्को चलचित्र 'भूल भए माफ गर'को छायांकन सम्पन्न भएको छ। मिसन पैसामा देखिएका नायक सुरज आरडीले निर्माण गरेको यो चलचित्रमा निखिल उप्रेती, मेलिना मानन्धर र स्वयं सुरज आरडीको केन्द्रीय भूमिका छ। नयाँ नायिका सञ्जुका साथ सुनिलदत्त पाण्डे र गणेश उप्रेतीको पनि मुख्य भूमिका रहेको यो चलचित्रका ९० प्रतिशत दृश्य पोखरामा खिचिएका छन्। नेपाल चलचित्र विकास कम्पनीको सुटिङ स्टुडियोमा गीतको छायांकन गरेर गत आइतबार चलचित्रको सम्पूर्ण छायांकन सकिएको घोषणासहित 'इन्डक्ल्याप पार्टी' गरियो।



**म २३ वर्षीय अविवाहित युवक हुँ। मेरो घरनजिककी युवतीले मलाई मन पराइन् र म उनको प्रेमजालमा बाँधिएँ। घर-परिवारलगायत गाउँका सबैलाई थाहा भयो तर किन हो कुन्नि मलाई पनि अल्झाउँदै उनी अन्त कतै अरूसँगै माया-प्रीतिको खेल खेल्न थालिन्। उनको त्यो चाला देखेर म पनि अर्कीसँग प्रेम गर्न थालेँ र विदेश आएँ। हाल म विदेशमा छु। खबर सुनेको छु कि उनलाई त्यो केटाले पनि छाड्यो रे। अहिले आएर उनी मसँगै विवाह गर्छु भनेर बसेकी छिन् रे। विवाह नगरे आत्महत्या गर्छु भनिरहेकी छिन्। त्यो कुरा मेरी अहिलेकी प्रेमिकालाई पनि थाहा भएछ। उनी त्यो केटीसँग मैले फेरि प्रेम गर्न थालेको थाहा पाए मरिदिन्छु भन्छिन्। म आउँदो दसैंमा घर फर्कंदैछु। मेरो परिवारले ती दुई युवतीमध्ये एकको विवाह नभएसम्म नफर्किनु भन्दैछ। म भने अब स्वदेश फर्केर त्यतै रमाउन चाहन्छु। फेरि मलाई दुवैको माया लाग्छ अनि दुवैसँग विवाह पनि गर्न सक्दिनँ, के गरूँ ?**

**-परदेशी कान्छा**

तपाईंको समस्या समाधान गर्ने एउटा उपाय परिवारका सदस्यहरूले पनि दिएका रहेछन्– ती दुईमध्ये एकको विवाह अन्त कतै नभै तपाईं स्वदेश नफर्कंदा पनि हुन्छ। जहाँसम्म मेरो विचार छ, पहिलो प्रेमिकासँग अलग हुनु तपाईंका लागि राम्रो होला। किनभने तपाईंसँग प्रेम हुँदाहुँदै उनले अर्कोसँग प्रेम गर्न थालिन्। अब आएर जब त्यो युवकले उनलाई छाडिदियो, तपाईंसँगै विवाह गर्छु भनेर जिद्दी गर्नु उनको गल्ती हो। जहाँसम्म उनले आत्महत्या गर्ने धम्की दिएकी छिन्, त्यसका बारेमा तपाईंका परिवारका सदस्यहरूले उनका परिवारलाई जानकारी गराउनु उचित हुन्छ। त्यसो गर्दा पनि भएन भने कानुनी सल्लाहकारसँग सम्पर्क राखेर प्रहरीमा पछि केही भैपरी आए, आफू जिम्मेबार नरहने किसिमको उजुरी गराइराख्ने पो हो कि ? त्यो भन्दा पनि उनको धम्की र व्यवहारका बारेमा जानकारी गराएर अन्त कतै विवाह गराउन उनको परिवारलाई सुझाव पनि दिन सकिन्छ।

## • लभगुरु •

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

# लाहुर जाने लस्कर





तस्बिर : विकास राई

**भीषण राई**

अहिले धरानमा यस वर्षका लागि बेलायती सेनाको भर्तीमा भिड्ने युवाहरूको सक्रियता बढेको छ। युवाहरू जहातहीं भर्तीकै बारेमा कुराकानी गरिरहेका भेटिन्छन्। पूर्वाञ्चलको छनौट धरानमै हुनु र भर्ती तालिम सेन्टरहरू पनि प्रशस्त हुनुले नेपाली युवाहरू धरान केन्द्रित भएको सहजै अनुमान गर्न सकिन्छ। जनजातिका युवाहरू त पहिलेदेखिकै बेलायती सेनामा प्रवेशका निम्ति प्रयास गर्ने विषयमा पक्का हुन्छन् तर अहिले भने अरू जातिका युवा पनि भर्तीमा भिड्न लाम लागेका छन्।

अहिले बेलायती सेना र सिंगापुर प्रहरीमा भर्ना हुन हजारौं तन्नेरी धरानलगायत पूर्वाञ्चलका विभिन्न ठाउँमा कठोर अभ्यास गरिरहेका छन्। सिंगापुरे डलर र बेलायती पाउन्डमा तलब बुझ्न उनीहरू यसरी कडा मेहनत गर्न जुटेका हुन्। अहिले पूर्वाञ्चलका १० हजारभन्दा बढी युवा लाहुरे बन्ने सपना बोकेर कडा मेहनत गरिरहेका छन्। धरानमा मात्र करिब ३० वटाभन्दा बढी तालिम केन्द्र लगभग ३ हजार युवा तालिममा व्यस्त छन् भने कोही आफैं अभ्यास गरिरहेका छन्। अहिले युवाहरू पहिले जस्तै छाती र तौल मात्र नापेर भर्ती हुने नभै कडा अनुशासन, नियमित अभ्यास, राम्रो स्वास्थ्य र कडा जाँचमा छनौट भएर खरो उत्रिएपछि मात्र भर्ती हुन सफल हुन्छन्।

बेलायतमा बस्न पाइने अवसरका कारण पनि गोर्खा भर्ती भिड्ने युवाहरू थप उत्साहित भएका छन्। यसरी भर्तीमा जान चाहनेहरूको संख्या बढ्नुमा नेपालको बेरोजगारी प्रमुख कारण रहेको गेसो सुनसरीका अध्यक्ष गजेन्द्र इस्वो बताउँछन्। आकर्षक तलब, नाम र सम्मान पनि पाउने भएपछि किन नजाने ?- धरानका हेमन्त राईले बताए। तुलनात्मक रूपमा अहिले लाहुर जान चर्को प्रतिस्पर्धा छ। सबै जातिका युवाले खुला भर्तीमा भिड्न पाएकाले पनि प्रतिस्पर्धा बढेको हो। भर्तीमा भिड्न पाउँथे। भर्तीमा कोही एकै पटकमा सफल हुन्छन् भने कतिपय पटक-पटक असफल भएका छन्।

बेलायती सेनामा आवश्यकता थोरै तर भर्ती भिड्नेहरूको संख्या धेरै हुनुले पनि अत्यन्तै कडा प्रतिस्पर्धा देखिन्छ। तालिम सेन्टरहरूले क्यान्डिडेटहरूलाई साधारण स्वास्थ्य-परीक्षण, आवश्यक शिक्षा र फिजिकल एक्सरसाइज गराउँछन् र उनीहरूलाई आवश्यक परामर्श दिन्छन्। अहिले भर्तीका नियम पनि फेरिएको छ। भर्तीका लागि भिड्ने युवाहरूले धरानको घोपा क्याम्पस्थित ब्रिटिस अफिसले तोकेको समय र मितिमा आफ्ना सबै डकुमेन्ट बुझाउनुका साथै त्यतिखेरै आठ पटक हेभिङ गर्नुपर्छ। ब्लड ग्रुप पहिले नै जाँच गरी फर्ममा उल्लेख गर्नुपर्ने नियम छ। आवश्यक जाँच गरिसकेपछि उनीहरूको नम्बर इन्टरनेटमा हालिन्छ। नक्कली डकुमेन्ट भए उनीहरूलाई सहभागी हुन दिइँदैन। इन्टरनेटमा आफ्नो नाम आएपछि मात्र उनीहरू यारो सेलेक्सनमा जान पाउँछन्। त्यसपछि उनीहरूको यारो छनौटमा फेरि मेडिकल जाँच, हेभिङ सिटअप तथा अंग्रेजी, हिसाब र नेपाली विषयको लिखित जाँच पास गरेपछि टपमा रहेका लगभग ५ सय युवालाई पोखराका लागि गेट पास दिइन्छ। यी सबै कुरामा सफल बनाउन ट्रेनिङ सेन्टरले निकै सहयोग पुऱ्याउँछन्। अर्ली एक्सन ग्रुप तालिम सेन्टरका सञ्चालक गोपाल राई भन्छन्- 'तालिम सेन्टरमा आएकाहरूलाई हामी भर्ती हुन योग्य बनाइदिन्छौं।' पोखराका लागि छनौटमा परेका सहभागीहरू त्यहाँ बीएफटी ( रनिङ), डोको क्यारी तथा मेडिकल पास भएपछि ब्रिटिस आर्मी तथा सिंगापुर प्रहरीका लागि तयार हुन्छन्। अन्त्यमा फेरि उनीहरूलाई ग्रेडअनुसार छनौट गरिन्छ र उत्कृष्ट अंक ल्याएकाहरूलाई मात्र भर्तीमा लगिन्छ।

### अर्को वर्षदेखि महिला पनि

अघिल्लो वर्ष महिलाहरूलाई पनि भर्तीमा सहभागी गराउने हल्ला चलेको थियो। त्यतिबेला हजारौं युवती तालिम सेन्टरमा अभ्यास गर्न लाम लागेका थिए। पछि महिलाहरूको लाहुरे बन्ने सपना त्यत्तिकै सेलाएको थियो, तर यसपटक भने महिलाहरूका बारेका त्यस्तो खासै कुरा उठेको छैन र महिलाहरू पनि सेन्टरमा तालिम लिन आएका छैनन्। सन् २०११ देखि उनीहरू लाई पनि भर्नामा सहभागी गराइनेछ। तालिम सेन्टरका गोपाल राईले भने- 'अर्को वर्षदेखि ब्रिटिस गोर्खाले महिलाहरूलाई पनि सहभागी गराउने योजना बनाएको छ।'

### मनचाहिँ नेपाली

कतिपयले लाहुर जानुलाई नकारात्मक रूपमा लिन्छन्। नेपालमै केही गर्न सकिहालिन्छ नि, अरूको देशमा गएर नोकरी गर्नुभन्दा आफ्नै घरमा सिस्नु र ढिंडो खाँदै बस्नु बेस- धरानका साइबर व्यवसायी सुमन श्रेष्ठले बताए। 'आफ्नै देशमा परिवार र आफन्तसँगै सानोतिनो जागिर खाई बस्नुको अर्कै मजा छ,'- बराहक्षेत्र गाविसका खरिदार लक्ष्मण पौडेलले बताए। बेलायती सरकारले सेनामा कार्यरत सबै नेपालीलाई आवासीय भिसा दिने भए पनि अहिले भर्ती हुन लाम लागेका युवाहरू पछि यतै फर्कने बताउँछन्। पाँचथरका दीपेन सुब्बा भन्छन्- 'जे भए पनि आफू जन्मिएको ठाउँ बिर्सन सकिंदैन, पछि फर्केर आउने हो।'

अहिले बेलायती सेनामा ३ हजार ५ सय नेपाली छन्। अहिले वर्षमा लगभग ३० हजारभन्दा बढी युवा भर्तीका लागि भिड्दै आएका छन्। पूर्व र पश्चिमबाट पोखरामा पुऱ्याइएका ५-६ सय युवामध्ये वार्षिक ३ सयजति बेलायती सेना र सिंगापुर प्रहरीमा भर्ती हुन्छन्। जसमा बेलायती सेनामा १ सय ५० र सिंगापुर प्रहरीमा १ सय ५० भर्ती हुँदै आएका छन्। सिंगापुर प्रहरीमा रहेकाहरूले ५० हजार रुपैयाँभन्दा बढी मासिक तलब पाउँछन् भने बेलायती सेनामा कार्यरत सेनाका जवानहरूले मासिक लगभग १ लाख रुपैयाँभन्दा बढी तलब पाउँछन्। अहिले सिंगापुर प्रहरीमा झन्डै २ हजार ५ सय नेपाली कार्यरत छन्। एकीकृत माओवादी पार्टीले आफ्नो चुनावी घोषणापत्रमा लाहुर जाने अर्थात् भर्ती लाने काम रोक्ने बताए पनि त्यो नारा प्रभावहीन भएको तालिममा व्यस्त युवाहरूको क्रेजले देखाउँछ।

# ज्यान र ज्ञानतिर युवाको ध्यान

**गोपाल दाहाल**

धरान– टन्न पैसा कमाउने, सहरमा ठूलो घर बनाउने अनि गाउँको दुःखबाट मुक्त गरेर आमाबाबुलाई खुसी राख्ने। तेह्रथुम आम्बुङका २० वर्षीय रमेश लिम्बूको सपना हो यो। यही सपनालाई बिपनामा बदल्न रमेश अचेल बिहान ३ बजे नै उठ्छन्, उफ्रिन्छन्, दौडन्छन् र दिनभर पनि यही धुनमा व्यस्त रहन्छन्। लिम्बू भन्छन्– 'जिन्दगीको सबैभन्दा ठूलो धोको पूरा गर्न ज्यान दिएर लागेको छु।'

रमेशकै जस्तो सपनाले संखुवासभाका विक्रम याख्खाको दैनिकी पनि बदलिदिएको छ। विक्रम भन्छन्– 'मेरो त लाहुरे बनेर आधुनिक हतियार खेलाउने रहर छ। आर्थिक कुरा त छँदै छ।'

ब्रिटिस आर्मी र सिंगापुर प्रहरीमा भर्ना हुने सपना बोकेर पूर्वका गाउँगाउँबाट धरानमा जम्मा भएका युवाहरू अहिले तयारीमा कडा परिश्रम गरिरहेका छन्।

कुनै समय लाइनमा उभ्याएर छाती र पाखुरा छामेको भरमा नेपाली युवाहरू लाहुरे बन्थे। एक दशकअघिसम्म पनि ८ कक्षा उत्तीर्ण गरेका, औपचारिक तालिम नलिएका सबैलाई छान्न गल्लाहरू गाउँगाउँ पुग्थे। गल्लाको छनौटपछि मात्र एआरओ (एरिया रिक्रुटिङ अफिसर्स) ले 'एरिया सेलेक्सन' गर्थे, तर माओवादी द्वन्द्वका बेला एआरओहरू गाउँ जान समस्या भएपछि पूर्वका युवाले धरानमा र पश्चिमका युवाले पोखरामा सीधै एआरओ भिड्नुपर्ने भयो। बेलायतले पनि न्यूनतम एसएलसी उत्तीर्ण गरेको हुनुपर्ने प्रावधान तोक्यो। अहिले बेलायतले बुद्धिमान, इमान्दार र लगनशील युवालाई मात्र छनौट गर्ने रणनीति बनाएको छ। त्यसैले युवाहरू आफ्नो ज्यान (शरीर) र ज्ञान (मस्तिष्क) दुवैलाई भर्तीका लागि उपयुक्त बनाउन ध्यान दिइरहेका छन्।

यसका लागि तालिम सेन्टरले वैशाखदेखि भदौसम्म शारीरिक एवं मानसिक तालिम दिने गरेका छन्। धरानमा ब्रिटिस विफ आर्मी, इभर पिक, बूढासुब्बा, बीजीसी, मिसन प्वाइन्ट, इमोर्टल गोर्खा, अर्ली एक्सन ग्रुप, पारामाउन्ट, ब्रिटिस गोर्खा कम्पनीजस्ता सेन्टर सञ्चालित छन्। कतिले घरमै पनि खोलेका छन्। बीजीसीका सञ्चालक किशोरकुमार लिम्बू अहिले पूर्व तयारी अत्यावश्यक भएको बताउँछन्। धरानमा सात वर्षदेखि युवाहरूलाई तालिम दिइरहेको इभर पिक एजुकेसन एन्ड ट्रेनिङ सेन्टरका प्रबन्ध निर्देशक राजेन्द्रकुमार राई अचेल 'एजुकेसन' राम्रो छ भने ९९ प्रतिशत होप हुने बताउँछन्। राई भन्छन्– 'हामीले एजुकेसनमा बढी ध्यान दिएका छौं। गाइड बुक पनि निकालेका छौं।'

भूतपूर्व गोर्खाली सेनाहरूले संस्थागत आन्दोलन गरेपछि बेलायतले गोर्खालीका लागि सुविधा बढाउँदै लगेको छ। लगातार नेपाली लाहुरेको सङ्ख्यालाई बेलायतले घटाउँदै लगे पनि भिड्ने युवाहरूको सङ्ख्या भने बर्सेनि बढिरहेको छ। इमोरटल गोर्खाका निर्देशक विप्लव राई भन्छन्– 'पहिले राई, लिम्बू मात्र हुन्थे, अहिले त सप्तरी, सिरहाबाट मधेसी मूलका युवाहरू पनि तालिम लिन आइरहेका छन्।'

सेन्टरहरूका अनुसार यसपालि पूर्वबाट १ सय १५ र पश्चिमबाट १ सय १५ जना ब्रिटिस सेनामा र सिंगापुर प्रहरीमा ४०-४० जनाको कोटा छ, तर प्रतिस्पर्धी युवाहरूको संख्या पूर्वमा मात्र १० हजारजति छ।

बर्सेनि सयौं जनजाति युवा लाहुरेका नाममा विदेश जाने हुँदा जनजातिहरूलाई सामाजिक असर पनि परेको छ, तर उनीहरूको आर्थिक अवस्था भने सुध्रिएको छ। मिसन प्वाइन्टका प्रबन्ध निर्देशक दिवसचन्द्र राई नेपालमा प्रतिव्यक्ति आय कम भएको र तुलनात्मक रूपमा ब्रिटिस आर्मीको कमाइ बढी भएकाले पनि युवाहरू यसरी आकर्षित भएको बताउँछन्। गोर्खा भूतपूर्व सैनिक संघका केन्द्रीय सदस्य भक्तशेर राई भन्छन्– 'सरकारले युवाहरूलाई देशमै विकल्प दिन सक्नुपर्छ। त्यसपछि मरिहत्ते गरेर कोही दुःख गर्न विदेश जाँदैन।' गोर्खा सैनिककै विषयमा केही महिनाअघि पीएचडी सकेका डा. रामनारायण कन्दङ्वा भन्छन्– 'नेपालमै राम्रो अवसर नभएका कारण युवाहरू लाहुर जान बाध्य छन्।'

## यसपालि झन् अप्ठ्यारो

ब्रिटिस र सिंगापुरका लागि १७ वर्ष ६ महिनादेखि २१ वर्षको उमेर हुनुपर्छ। कम्तीमा एसएलसी उत्तीर्ण गर्नैपर्छ। अझ यसपटक त डकुमेन्ट र अन्य कुरामा समेत कडाइ गरिएको तालिम सेन्टरहरू बताउँछन्। इभर पिकका संयोजक इन्जिनियर विशाल राईका अनुसार यसपटक तोकिएको एक दिन मात्र फारम भर्न पाउने व्यवस्था छ।

यसपालि जेठ १८ देखि असार २६ सम्ममा युवाहरूले नाम दर्ता गरिसक्नुपर्ने थियो। त्यसबाहेक विगतमा नागरिकता र शैक्षिक प्रमाणपत्र मात्र हेरे पनि नक्कली कागजातको बिगबिगीले यसपालिदेखि जन्मदर्ताको प्रमाणपत्रसमेत खोजिने राईले बताए। राई भन्छन्– 'कडाइ गरेको र एक दिन मात्र फर्म भर्ने व्यवस्था भएकाले कतिले थाहा नपाउन सक्छन्।'

**तालिम केन्द्रको लापरबाही**

बग्रेल्ती खुलेका तालिम सेन्टरमध्ये एकाधले ठगी गर्ने गरेको आरोप पनि लाग्ने गरेको छ। तालिम केन्द्रहरूको शुल्कमा पनि एकरूपता छैन। कसैले ५ हजार ५ सयमा पनि तालिम दिइरहेका छन् भने कसैले २५ हजारसम्म पनि लिइरहेका छन्। त्यतिमात्र होइन, कतिले 'कन्फर्म' लाहुरे बनाइदिने भनेर लाखौं लिने गरेको तालिम केन्द्रका सञ्चालकहरू नै बताउँछन्। इभर पिकका प्रिन्सिपल कृष्ण गोले भन्छन्– 'कतिपय अभिभावक जसरी पनि लगाइदिनु जति मागेपनि दिन्छु भन्दै आउँछन्।'

यौन सरोकार
यौन रोग/यौन दुर्वलता
(उत्तेजनामा कमी+शीघ्रपतन)
नपुंसकता तथा महिलामा हुने सम्पूर्ण यौन समस्या सम्बन्धी उचित परामर्श सेवा र उपाय सहित ।
FHC Nepal
हटलाईन
पूर्ण गोप्यताका साथ
फोन: 9841-883397
थाहै नदिई रक्सी छुटाउन



# पाँच हिरोइन एक हिरो, के भयो होला ?



कल्पना गरौं, कुनै नायकको वरपर पाँच जना नायिका छन्। पाँचै जनासहितको समूहमा उसले जीवनको एक रात काट्नु छ। के हुन्छ होला त्यसपछि ? महाभारतमा पाँच पाण्डवकी एउटै द्रौपदी थिइन्। यहाँ पाँच नायिकाका एक नायक भएका छन्, विराज भट्ट। असारको अन्तिम साता चलचित्र 'वीरताको चिनो'को छायांकनका लागि विराज दामन पुगेका थिए। रोमान्टिक गीतको छायांकन भैरहेको थियो। उनको



साथमा थिइन्, एउटी नायिका रेजिना उप्रेती। दामनदेखि हेटौंडासम्म बाटोभरि गाडी रोक्दै छायांकन गर्दै जाने योजनाअनुरूप चलचित्रका अन्य तीन नायिका ऋचा घिमिरे, रञ्जना शर्मा र सोभिता सिम्खडा अनि त्यही चलचित्रबाट सहायक निर्देशक भएकी नायिका रञ्जु लामिछाने गाडीमा बसेर जिस्किरहेका थिए। पर्दामा रेजिनाका नायक विराज भए पनि चार जना नायिका एकैसाथ हुँदा विराज मनमनै प्रसन्न थिए र भन्दै थिए- 'अचेल मायाका चलचित्र खेलिरहेको छु, त्यसैले रोमान्टिक भैरहेको छु।' अरू नायिकाका नायकहरू भोलिपल्ट हेटौंडा आउने भएकाले उनले त्यो रात हेटौंडामा पाँचजना नायिकासँग बिताउनु थियो। यद्यपि त्यहाँ



उनीमाथि शंका गर्ने ठाउँ थिएन, किनभने उनीहरूसँग छायांकन टोलीका सबै सदस्य पनि थिए।

गाडीमा भने चार जना नायिका 'को सबैभन्दा हल्लाखोर ?' भन्ने प्रतिस्पर्धामै व्यस्त थिए।

रञ्जना शर्मा आफू निकै शान्त स्वभावको भएको, ऋचा बढी कराइरहेकी भन्दै थिइन् भने ऋचा र सोभिता रञ्जुलाई हल्ला बढी गरेको आरोप लगाउँदै थिए। रञ्जु पनि ऋचा र रञ्जनातर्फ औंलो ठड्याउँदै थिइन्। विराजसँग रोमान्टिक गीतको छायांकन गरिरहेकी रेजिना भने उनीहरूको रमाइलो गफमा आफू सहभागी हुन नपाएकोमा सायद खिन्न थिइन्, तर उनले चिन्ता नगरे पनि हुन्थ्यो, किनकि नायक विराज उनकै अँगालोमा थिए। विराज भने आत्तिएझैं गरी भन्न थाले- 'एक जनालाई म्यानेज गर्न त गाह्रो भैरहेको छ, ती चार जना आए भने....ओहो।'

# किस सिनमा सास्ती



चलचित्र हेर्दा दर्शकले अपेक्षा गर्ने एउटा दृश्य हो– किस अथवा चुम्बन खाएको दृश्य। धेरैले मन पराएकै कारणले होला, दर्शकले उक्त दृश्य आउँदा सिठी बजाएको, हल्ला गरेको पाइन्छ। यस्तै एउटा दृश्यको छायांकन गर्ने क्रममा दर्शकको भीड लागेको र हल्लाकै कारण किस गर्न नायक-नायिकाले धेरै पटक रि-टेक दिनुपरेको छ। चलचित्र 'भूल भए माफ गर' को छायांकनका क्रममा दर्शकको घुइँचो भएकाले बारम्बार किस खाएको अभिनय गर्नुपरेको थियो नायक सुरज आरडी र नायिका सन्जुले। पोखराका सयौं दर्शक उक्त दृश्यको छायांकन हेर्न आएका थिए। छायांकनका क्रममा दर्शकले हल्ला र हुटिङ गरेपछि उक्त दृश्य छायांकन गर्न कठिनाइ भएको थियो। उक्त दृश्य छायांकन गर्न एघार पटक रि-टेक लिनुपरेको निर्देशक सुरेशदर्पण पोखरेलले बताए।



# बढेको बढ्यै

ऋचा घिमिरेको बढेको बढ्यै छ। के बढ्यो ? यो चाखको विषय हुनसक्छ। उनको तौल वा शरीरको कुनै अंग अथवा उमेर ? प्रशंसकहरू त बढेका होलान्। अर्को कुरा पनि बढेको होला, उनले खरिद गरेको वित्तीय संस्थाको सेयरको भाउ, तर त्यो पनि होइन। यद्यपि ०६६ साल लागेपछि उनको बढ्नैपर्ने एउटा कुराचाहिं बढेको पक्कै हो। केही दिनअघि एउटा चलचित्रको छायांकन 'प्याकअप' गरेर उनी घर फर्कंदै थिइन्। साप्ताहिक प्रतिनिधिले उनलाई फोन गर्‍यो र सोध्यो- 'तपाईंको बढेको हो ?' उनले आफ्नो सदाबहार हाँसो फोनको माउथपिसबाट छर्दै भनिन्- 'हो, कसरी थाहा पाउनुभयो ?' अँध्यारोमा तीर हानेको त लागेछ। उनको बढेकै हो रहेछ। हामीले पनि बढेकोमा बधाई दियौं र फेरी सोध्यौं- 'कति बढ्यो ?' उनले सम्बन्धितलाई मात्र भन्ने भनेर लुकाउन खोजिन्। के चाहिं बढेछ त्यस्तो ? उनले आफ्नो पारिश्रमिक बढाइछन्। नवढाउन् पनि कसरी ? एकपछि अर्को चलचित्रमा अफर आएको आयै छ। उनले जे सोचेर बढाइन्, स्वभावतः ठीक गरिन्।

# फाप्यो विवाह



नेपाली चलचित्र क्षेत्रमा विवाहपछि आफ्नो क्यारियरलाई उचाइमा पुर्‍याउने थुप्रै नायिका छन्। रेखा थापा, अरुणिमा लम्साल, झरना थापा, सरिता लामिछाने, सुस्मिता केसी जस्ता नायिकाको लोकप्रियता विवाहपछि नै चुलिएको हो। अहिले यही श्रेणीमा पुरानी नायिका मेलिना मानन्धर पनि थपिएकी छिन्। आकर्षक शारीरिक बनावट तथा सुन्दर अनुहार भए पनि केही वर्षअघिसम्म उनी चलचित्रमा त्यति जम्न सकेकी थिइनन्। अघिल्लो वर्ष वैवाहिक जीवनमा बाँधिएकी मेलिना त्यसयता खाली बसेकी छैनन्। अहिले पनि उनी आधा दर्जन चलचित्रमा व्यस्त छिन् र प्रायः सबै चलचित्रमा मुख्य भूमिका नै निर्वाह गरिरहेकी छिन्। आफ्नो व्यस्ततालाई स्वीकार्दै मेलिनाले भनिन्– 'मलाई विवाह फापेजस्तो छ, विवाह गरेदेखि नै चलचित्रमा अभिनय गर्ने प्रस्ताव आएका आयै छन्।'

# भाग्यविधाता

नायक राजेश हमाल बाबुको भूमिकामा देखिएको चलचित्र 'भाग्य विधाता'का मूल नायक पनि हुन्। अभिनेता कृष्ण शिवाकोटी उनको छोराको भूमिकामा छन्। बाबु राजेश हमालकी श्रीमती रूपा राना, उनीहरूका छोरा कृष्ण शिवाकोटी र अमृतजंग बस्नेत, छोरी गरिमा पन्त, बुहारीहरू सञ्चिता लुइँटेल र सज्जा मैनाली, सञ्चिताका दाजु निखिल उप्रेती र उनकी प्रेमिका उषा पौडेलका साथ खलनायक दिनेश शर्माको वरपर घुमेको छ चलचित्र 'भाग्यविधाता'। धनाढ्य राजेशको परिवार छोराहरूको व्यवहारका कारण टुक्रिने स्थितिमा पुग्छ। खलनायक दिनेशले उनीहरूलाई भड्काउन थाल्छन्। बहिनीको घर बिग्रने स्थितिमा आएपछि दाजु निखिलले खलनायकलाई तह लगाउने प्रयास गर्छन्। जसमा पछि गएर राजेशले पनि साथ दिन्छन्। भरमार द्वन्द्व भएपछि अन्त्यमा खलनायक परास्त हुन्छन् र चलचित्र सुखान्त रूपमा टुंगिन्छ। चलचित्रका निर्माता चिरञ्जीवी बस्नेतका अनुसार चलचित्र पारिवारिक तर द्वन्द्वप्रधान स्वरूपमा बनाइएको हो। डेढ वर्षअघि नै मोफसलतिर प्रदर्शनमा आइसकेको यो चलचित्रले बल्ल राजधानीका चलचित्र भवनहरूमा पालो पाएको छ। गत साता गिनेचुनेका चलचित्र भवनबाट प्रदर्शनमा आए पनि यो चलचित्र आजदेखि राजधानीमा मुख्य चलचित्र भवनमा प्रदर्शन हुँदैछ। शम्भुजित बासकोटाको संगीत सुन्न पाइने यो चलचित्रले मोफसलमा सामान्य व्यापार गरेको थियो। चलचित्रका निर्देशक दयाराम दाहाल हुन्।



● चलचित्र ●

# अरुणपूर्व लिम्बूवान्

अरुणपूर्व लिम्बूवान् लिम्बूवानी माटो, पार्टीभन्दा जाति ठूलो जाति भन्दा माटो– कलेजमा नयाँ विद्यार्थीहरूको स्वागतका लागि गाइएको यो गीतसँगै मुक्साम र इक्साजस्ता जागरूक विद्यार्थीबीच वर्गीय र जातीय मुक्तिको वहसले ठाउँ पाउँछ। राजनैतिक धार अलग भए पनि गणतन्त्र र जातीय मुक्तिका विषयमा बनेको साझा धारणाले उनीहरूको क्रियाकलाप अघि बढ्छ। मुक्साम गाउँका महाजनहरूबाट ठगिएको गरिब परिवारको ठिटो हो। साइनोले सोल्टिनी पर्ने इक्सा ताप्लेजुङबाट क्याम्पस पढ्न आएकी युवती हुन्। यी दुवै पढाइसँगै राजनीति हुँदै जातीय आन्दोलनमा पनि सक्रिय छन्। जनयुद्ध र लोकतान्त्रिक आन्दोलनलाई मुख्य पृष्ठभूमि बनाएर निर्माण गरिएको 'अरुणपूर्व लिम्बूवान्' मा राजनैतिक परिवर्तनसँगै जातीय मुक्ति हुनुपर्ने विषय उठाइएको छ।

जातीय सद्भाव नबिथोलिने गरी लिम्बूवान्को सान्दर्भिकतालाई उठाइएको चलचित्रका निर्देशक मित्र लिङ्देनको दाबी छ। चलचित्रमा राजनैतिक दलहरू जातीय मुक्तिका लागि प्रष्ट नभएकाले अन्यौल छाएको कुरा उल्लेख छ। राजनैतिक रूपमा विचार अलग भए पनि लिम्बूबान् प्राप्तिमा एउटै थलोमा उभिनुपर्ने सन्देश चलचित्रले दिन खोजेको छ।

पाँचथरको फिदिम वरिपरि छायांकन गरिएको यो चलचित्रमा गाउँका साहू-महाजनले गरेको शोषण-दमनपछि उब्जिएको विद्रोहलाई झल्काउने प्रयास गरिएको छ। याक्थुङ कलाकार मञ्चको ब्यानरमा निर्मित यो चलचित्रको कथा लिम्बूवान् आन्दोलनका नेता कुमार लिङ्देन मिराकले लेखेका हुन्। चलचित्रमा मित्र लिङ्देन, मिरा जबेगू, भीम इङ्बुङ, नरेश सुब्बा, सोरतिन लिम्बू, हर्क यङ्देन, मुना नेम्वाङ आदि कलाकारले अभिनय गरेका छन्।

# पेइङ गेस्ट



आज शुक्रबार सार्वजनिक हुने बलिउडको चलचित्र 'पेइङ गेस्ट' हास्यप्रधान चलचित्र हो।सुभाष घईले निर्माण गरेको 'पेइङ गेस्ट' को निर्देशन पारितोष पेन्टरले गरेका छन्। पेन्टरले केही समयअघि प्रदर्शन भएको सफल चलचित्र 'धमाल' को पटकथा तयार पारेका थिए। घर भाडामा लिन मानिसहरू केसम्म गर्छन् भन्ने विषयमा यसअघि पनि थुप्रै चलचित्र निर्माण नभएका होइनन्। दर्शकले पुनः एकपटक यही विषयमा आधारित चलचित्र 'पेइङ गेस्ट' नयाँ शैलीमा हेर्न पाउनेछन्।

चलचित्रमा चार जना युवा (श्रेयस तलपदे, जावेद जाफरी, आशिष चौधरी तथा वत्सल सेठको चरित्र चित्रण गरिएको छ। उनीहरू मोज-मस्ती गर्दै जीवन जिउन रुचाउँछन्। भाडाको घर खोज्ने क्रममा उनीहरूले विभिन्न झमेला बेहोर्नुपर्छ। घर खोज्ने क्रममा उनीहरूको भेट एक जना घरबेटी बल्लू (जोनी लिवर) सँग हुन्छ। बल्लूले घर भाडामा नदिने बताएपछि उनीहरू पेइङ गेस्टका रूपमा भए पनि घर दिन आग्रह गर्छन्। बल्लू उनीहरूलाई पेइङ गेस्टका रूपमा राख्न तयार त हुन्छन्, तर त्यसका लागि उनीहरूले केही सर्त मान्नुपर्ने हुन्छ। बल्लूले उनीहरूलाई जोडी बाँधिएर आए मात्र पेइङ गेस्ट बनाउने सर्त राख्छन्। सर्त सुनेपछि चारै जना आश्चर्यमा पर्छन्, किनभने उनीहरू सबै अविवाहित छन्, श्रीमती कहाँबाट ल्याउने ? बल्लूको सर्त पूरा गर्ने चक्करमा चलचित्रमा हास्य घटनाक्रमको सिलसिला प्रारम्भ हुन्छ। मुक्ता आर्ट्सको ब्यानरमा निर्माण भएको यो चलचित्रमा सेलिना जेट्ली, चंकी पाण्डे, रिया सेन, सयाली भगत, नेहा धुपिया आदि कलाकारले पनि अभिनय गरेका छन्।

# द प्रोपोजल




हलिउडको नयाँ चलचित्र 'द प्रोपोजल' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। हास्यपरक विषय समेटिएको यो चलचित्रलाई कमेडी तथा फेमिली श्रेणीमा समावेश गरिएको छ। एनी फ्लेचरद्वारा निर्देशित यो चलचित्रमा सान्द्रा बुलक, रायल रेनोल्ड्स, डेनिस ओ'हायर, मलिन एकरम्यान, मेरी स्टिनबर्गेन आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। एलेक्स कुर्जम्यानले निर्माण गरेको यो चलचित्रको विश्वव्यापी वितरण ब्युनाभिस्टा पिक्चर्सले गर्न लागेको हो।

चलचित्रमा नायिका बुलकले शक्तिशाली पुस्तक सम्पादकको भूमिका निर्वाह गरेकी छिन्। मार्गरेटको भूमिकामा प्रस्तुत भएकी बुलक अमेरिकामा बसोबास गरे पनि उनको जन्मथलो क्यानाडा हो। पुस्तक सम्पादन गरेको कारण देखाउँदै उनलाई अमेरिकी सरकारले क्यानाडा फर्कन बाध्य पार्छ। क्यानाडातर्फ प्रस्थान गर्नुअघि उनले आफ्नो प्रेमिसँग घर फर्कनुपर्ने बाध्यताका बारेमा जानकारी दिन्छिन्। उनका प्रेमी रायल रेनोल्ड्स उनलाई क्यानाडा फर्कन दिने पक्षमा छैनन्। विवाह गरेर घरजम गर्ने निर्णयमा पुगेपछि मार्गरेटको स्वदेश फर्कने कार्यक्रम स्थगित हुन्छ। उनीहरू पारिवारिक सदस्यसँग भेट गर्न अलास्का पुग्छन्। अलास्का पुगेपछि चलचित्रले नयाँ मोड लिन्छ। चलचित्रको प्रारम्भदेखि अन्त्यसम्म नै हास्यदृश्य समावेश गरिएको यो चलचित्रमा केही अश्लील संवाद तथा दृश्य पनि समावेश छन्।

## ● सानो पर्दा ●

### कलेजका नयाँ श्रृंखला



कान्तिपुर टेलिभिजनबाट प्रत्येक शुक्रबार साँझ ६:३० बजे प्रसारण भैरहेको टेलिश्रृंखला 'कलेज' का नयाँ श्रृंखलाको छायांकन पुनः प्रारम्भ भएको छ। यसअघि लोडसेडिङ बढेकाले प्रसारण भैसकेका पुराना श्रृंखलाहरू नै प्रसारण भैरहेको थियो भने जेठको तेस्रो सातादेखि नयाँ श्रृंखलाहरू प्रसारण हुन थालेका छन्। यो श्रृंखलाको निर्देशन नवराज आचार्यले गरिरहेका छन्।

### स्वास्थ्यसम्बन्धी 'जन्तर'

नेपाल टेलिभिजनबाट जनस्वास्थ्यसम्बन्धी नयाँ टेलिश्रृंखला 'जन्तर' प्रसारण हुन थालेको छ। यो टेलिश्रृंखला छ भाग लामो छ। यो श्रृंखला चन्द्र विनायक फिल्म्स प्रा.लि.ले निर्माण गरेको हो। पुरन जोशीको निर्देशन रहेको यो श्रृंखलामा सुरेन्द्र नकर्मीको कथा तथा पटकथा छ। यसमा गणेश उप्रेती, सुवास गजुरेल, दीपक अधिकारी, गणेश मुनाल, शिवशंकर रिजाल, गीता अधिकारी, विद्या कार्की, सविना खड्का, रमेश अधिकारी, एलिजा रिमाल, गोमा गौतम, मिक्कि चौधरी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। प्रत्येक बुधबार राति ७:२५ बजे प्रसारण भैरहेको यो श्रृंखलाले दर्शकको मन जित्ने कुरामा निर्देशक जोशी ढुक्क छन्।

### प्रतिभालाई सांगीतिक पुरस्कार

नेपाल टेलिभिजनबाट प्रसारण हुन लागेको नयाँ रियालिटी शो 'खोजी प्रतिभाको' का विजेताले सांगीतिक उपहार प्राप्त गर्ने भएका छन्। पर्फेक्ट मिडियो सोलुसनले निर्माण गर्ने यो कार्यक्रममा गायनतर्फ सर्वोत्कृष्ट स्थान हासिल गर्ने प्रतिभाले संगीतकार सुरेश अधिकारीका तीन गीत, महेश खड्काका दुई गीत तथा वसन्त सापकोटाका दुई गीतमा स्वर प्रदान गर्ने अवसर प्राप्त गर्नेछन्।

### क्रस चेक

एबीसी टेलिभिजनले प्रत्येक बिहीबार बिहान ७:३० बजेदेखि टक सो कार्यक्रम 'क्रस चेक' प्रसारण गर्न थालेको छ। यो कार्यक्रमको सञ्चालन किरण मरहट्टाले गरिरहेका छन्। कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वसँग समसामयिक विषयमा अन्तरंग वार्ता प्रसारण गरिन्छ।

### खलनायकमा हास्यकलाकार

विभिन्न टेलिश्रृंखलामा हास्यकलाकारको भूमिका निर्वाह गरिरहेका कलकार राजु गिरी अहिले ठूलो पर्दाको चलचित्रमा पनि व्यस्त छन्। नैना रेशममा दर्शकले उनलाई खलनायकका रूपमा हेर्न पाउनेछन्। हास्यश्रृंखला '५२ घुस्सा ५३ ठक्कर' मा 'कुखुरी काँ' गर्दै कुखुरेको भूमिका निर्वाह गरेका गिरीले पछिल्लो समयमा विजयपथ, राम-लक्ष्मण, आमाको आशीर्वाद, भाग्यविधाता, अल्पविराम, कृष्णा, हिम्मत-२ आदि चलचित्रमा पनि अभिनय गरिसकेका छन्।

### फिरफिरेको छायांकन सम्पन्न

चेलीबेटी बेचबिखन तथा रूढिवादी संस्कार बदल्ने उद्देश्यले निर्माण गरिएको टेलिचलचित्र 'फिरफिरे' को छायांकन सम्पन्न भएको छ। हास्यप्रस्तुतिमार्फत चेतना फैलाउने उद्देश्यले यो टेलिचलचित्र निर्माण गरिएको निर्देशक ईश्वर भण्डारी बताउँछन्। नुवाकोटका केउरेनी, बट्टार, त्रिशूली, पीपलटार आदि क्षेत्रमा छायांकन गरिएको यो टेलिचलचित्रमा श्रीकृष्ण प्याकुरेल, देवेन्द्र थापा, राजु विक, विमला असरपती, पुण्यवती जोशी, कमला केसी, रामचन्द्र असरपती, योवन बस्ती, आशिष नेपाल आदि कलाकारले अभिनय गरेका छन्।


Language / Computer

English/Japanese/German/ French/Chinese, Spanish..... Languages

TOEFL / IELTS / SAT / GRE Prep.

Free Books/ CDs/ materials/ Lab & Online practice/ Updated strategies, weekly tests

Study Abroad

PE Course (For Personality Development)



*Leadership Skills * Decision making * Thinking Methods

* Public speaking, * Problem solving * Memory Techniques ...

Computer: Basic to Advanced packages

Our best selling Language Materials:

Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-

Face to Face Language Videos British /American accents/ faces (For all Levels) Price: Rs. 160/-

Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced

Interactive English Language Videos Price: Rs. 260/-

Boost Vocabulary Enhance word power Basic to Advanced Price: Rs.50 to 60/-

20% Discount! For SLC appeared students on all Courses/ Books/Cassettes/Video CDs

-OLC's Publications, ph. 4-247897

O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741

Administered by Prem Swoveet.(Other centers called OLC don't belong to us)



फ्रि वेटर तालिम

३० जनालाई मात्र ।

होटल तालिमहरु

O.M.T.C



British Gurkha Army &

GC Singapore Police Force

ARO & DRO तयारी पुस्तक

गोर्खा अभियान




प्रकाशक तथा वितरक

सर्वत्र उपलब्ध छ ।

पिनाकल पब्लिकेसन प्रा. लि.

बागबजार, काठमाडौं, फोन : ०१-४२६६९६२, ९८४१७६०९८०

गोर्खा अभियानमा

तयारी कक्षाको पनि व्यवस्था छ । सम्पर्क : ९८४१ ७६० ९८०/ 9841 760 980



केवल एक प्रश्न

# तपाईंले बिर्सन नसक्ने पिकनिक कस्तो थियो ?

(सन्दर्भ : अन्तर्राष्ट्रिय पिकनिक दिवस, असार ४ गते)

कक्षा दस उत्तीर्ण भएपछि मलेखुनजिकै विशालटार भन्ने ठाउँमा गएको पिकनिक मैले अहिलेसम्म बिर्सिएकी छैन । त्यसपछि सानैदेखिका साथीहरू कोही कता, कोही कता पुगे । त्यो बेला आ-आफैं खाना बनाएर खाएको र दिनभरि नाचेको झलझली सम्झन्छु ।

**रेजिना उप्रेती (नायिका)**

२०५२ सालताका पद्मकन्या क्याम्पसमा अध्ययरत छँदा म निकै बिरामी थिएँ । कलेजका साथीहरूले पिकनिकमा बोलाएपछि नाइँ भन्न नसकेर म गोदावरी पुगेँ । एक-डेढ घन्टामै गाह्रो भयो र म फर्किएँ । साथीहरू भने रमाइलो गरिरहेका थिए । आफूले रमाइलो गर्न नपाएकोमा अहिलेसम्म चुकचुकाउँछु ।

**रेखा शाह (गायिका)**

म जाँड-रक्सी पिउँदिनू । पिकनिकमा पिउनेहरूलाई मात्र रमाइलो हुन्छ । २०५७ सालमा द्वन्द्व-कलाकार संघले आयोजना गरेको पिकनिकमा म फाइटरका रूपमा सहभागी थिएँ । पिएर फाइटरहरूले आ-आफैं कुटाकुट गरेको म कहिल्यै बिर्सन्नँ ।

**अर्जुन कार्की (नायक)**

तीन वर्षअघि झापाबाट इलाम पिकनिक गएका थियौं । जहाँ ब्याडमिन्टन खेल्दा भीरबाट लडेर मेरो देब्रे आँखामा चोट लाग्यो र चार टाँका लगाउनुपऱ्यो । त्यसको दाग जिन्दगीभरि नबिर्सने गरी मेरो आँखामा छ । म त्यो पिकनिक कहिल्यै बिर्सन सक्दिन ।


**बादल प्रसाईं (गायक)**

ओहो □ कस्तो रमाइलो प्रश्न । धरानमा हुँदा म वर्षमा एक-दुई पटक पिकनिकमा सहभागी भैरहन्थें । करिब छ वर्षअघि भेडेटार गएका बेला झमझमी पानी परेपछि हामी सबै निराश भएर फर्किएका थियौं । रमाइलो गर्नें भनेर गएको पिकनिकलाई मौसमले साथ नदिएको त्यो पिकनिक म कहिल्यै बिर्सन्न ।

**सवि कार्की (टेलिभिजनकर्मी)**

---

नेपाल टेलिभिजनका दुई तथा कान्तिपुर टेलिभिजनको एउटा हास्य टेलिश्रृंखलामार्फत सातामा तीन पटक दर्शकमाझ पुगिरहेका हास्यकलाकार गोपाल नेपाल फिस्टे सानो पर्दाकै लोकप्रिय कलाकार हुन् । 'जिरे-खुर्सानी', 'तीतो-सत्य' तथा 'लगन जुर्लाजस्तो छ' मार्फत दर्शकमाझ पुगिरहेका फिस्टे आफ्ना विभिन्न हाउभाउमार्फत दर्शक हँसाउन खप्पिस छन् । 'लगन जुर्लाजस्तो छ' को निर्देशनमा व्यस्त फिस्टेसमक्ष साप्ताहिकको तीन प्रश्न :



**दर्शकले तपाईंलाई कुन भूमिकामा बढि रुचाएका छन् ?**

जवाफ दिनै गाह्रो पर्ने प्रश्न सोध्नुभयो □ जनमानसमा 'जिरे-खुर्सानी' को प्रहरीको भूमिकाबाट लोकप्रिय छु जस्तो लाग्छ । 'तीतो-सत्य' को नेताको भूमिकालाई पनि दर्शकले मन पराएका छन् ।

**एक हप्तामा तीनवटा श्रृंखलामा अभिनय गर्दा समस्या पर्दैन ?**

तीन भिन्न भूमिका भएकाले निकै मेहनत गर्नुपरेको छ, तर समयका हिसाबले अहिलेसम्म गाह्रो परेको छैन ।

**अभिनय र निर्देशनमध्ये कुन विधा गाऱ्हो लाग्यो त ?**

निर्देशन । अन्य निर्देशकको श्रृंखलामा अभिनय गर्दा उहाँहरूको थिमअनुसार चल्नुपर्ने भएकाले मजाले खुल्न पाइँदैन, तर आफैंले आफैंलाई निर्देशन गर्नचाहिं अझ गाह्रो रहेछ ।

---

## जम्का भेट

चलचित्र 'कान्छी' मा सामान्य भूमिका निर्वाह गर्दै चलचित्र क्षेत्रमा प्रवेश गरेकी नायिका मौसमी मल्लले हालसम्म ५४ वटा चलचित्रमा अभिनय गरिसकेकी छिन् । पछिल्लो चलचित्र 'गिरफ्तार' सम्म आइपुग्दा निर्मात्री पनि बनेकी छिन् । चलचित्र निर्माणभन्दा अभिनय नै सहज हुने अनुभव गरेकी मल्ल आफूलाई नायिकाकै रूपमा चिनाउन रुचाउँछिन् । चलचित्र 'गिरफ्तार' प्रदर्शन गर्ने क्रममा बिर्तामोडदेखि नेपालगन्जसम्म पुगिसकेकी नायिका मल्लसँग साप्ताहिकको जम्काभेट :



**तपाईंले निर्माण गर्नुभएको चलचित्र गिरफ्तार दर्शकहरूले मन पराएकै हुन् त ?**

दर्शकहरूले मन पराएकैले होला, यो चलचित्र व्यावसायिक रूपमा सफल भयो ।

**दर्शकले चलचित्रको कुन पक्ष मन पराए ?**

दर्शकले चलचित्रको कथा रुचाए । वन्यजन्तु संरक्षणसम्बन्धी विषय नेपाली चलचित्रमा पहिलो पटक समावेश गरिएकाले होला, दर्शकले यो चलचित्र दोहोऱ्याएर पनि हेरे ।

**तपाईंको अभिनयले चर्चा पायो नि ?**

दर्शकले मलाई बिर्सनुभएको रहेनछ भन्ने प्रमाणित भयो । अर्को शब्दमा भन्नुपर्दा दर्शकलाई मेरो अभिनयले गिरफ्तार नै गऱ्यो । ११ वर्षपछि अभिनय क्षेत्रमा आउँदा पनि दर्शकले मलाई पहिलेजत्तिकै माया गरे ।

**लगानी उठ्यो त ?**

लगानी त मैले काठमाडौं उपत्यकाको प्रदर्शनबाटै उठाइसकेकी थिएँ । काठमाडौंबाहिरको प्रदर्शनले अर्को चलचित्र निर्माण गर्ने हौसला प्रदान गरेको छ ।

**नियमित रूपले चलचित्र निर्माण गरिरहने ?**

हो, अब म चलचित्र निर्माणलाई निरन्तरता दिइरहनेछु ।

**चलचित्र निर्माणभन्दा प्रदर्शन गर्न गाह्रो भन्छन् नि ?**

नेपालमा चलचित्र निर्माण गर्न जति सहज छ त्यसको ठीक विपरीत चलचित्र प्रदर्शन गर्न अप्ठेरो छ । अब हाम्रो चलचित्र प्रदर्शनसम्बन्धी नीति नै परिवर्तन गर्नुपर्छ ।

## साताको स्वर



### हिमाल श्रेष्ठ

**रेशम... कुन शैलीको गीत हो ?**
यो लोक पप शैलीमा आधारित रमाइलो गीत हो ।
**श्रोताले मन पराएका छन् ?**
श्रोताहरूले मन पराएकैले होला, प्रायः कन्सर्टहरूमा यही गीत गाइरहेको छु । किरण घिमिरेको शब्द बढी रुचाएको पाएको छु ।
**कस्ता श्रोताका लागि गीत यो पारिएको हो ?**
प्रायः लोक पप सुन्ने श्रोताहरू टिनएजर नै हुन् तर यो गीत सबै वर्गका लागि तयार पारिएको हो ।
**म्युजिक भिडियो कस्तो बनेको छ ?**
गीतको शब्द सुहाउँदो भिडियो बनेको छ ।
**भिडियोमा मोडल पनि आफै बन्नुभएको रहेछ ?**
निर्देशकले म आफैलाई सुहाउँछ भनेपछि भिडियोमा पुरुष पात्रको भूमिका आफैंले निर्वाह गरें ।

## म्युजिक अपडेट

### षडजको उद्घाटन

शास्त्रीय संगीतको प्रशिक्षण दिने उद्देश्यले ललितपुरको कुपण्डोलस्थित हनुमानस्थानमा स्थापना गरिएको षडज कला केन्द्रको आज शुक्रबार राष्ट्रकवि माधवप्रसाद घिमिरेले उद्घाटन गर्दैछन् । उद्घाटन समारोहमा राष्ट्रकवि घिमिरे, केन्द्रका प्रिन्सिपल तथा गायिका संगीत राना, संगीतकार आनन्द राई, तबलावादक होमनाथ उपाध्याय आदि व्यक्तित्वले शास्त्रीय संगीतमा राम्रा प्रतिभा उत्पादन गर्ने उद्देश्यले स्थापना गरिएको केन्द्रको बारेमा बताउने छन् ।

### दिव्य दृष्टिको विमोचन

राष्ट्रपति रामवरण यादवले गत शनिबार राष्ट्रपति निवासमा आयोजित एक कार्यक्रममा गीति संग्रह 'दिव्य दृष्टि' को विमोचन गरेका छन् । नेपाल कला, संस्कृति विकास केन्द्रले आयोजना गरेको सांगीतिक अभियान कार्यक्रममा राजाराम ढकालका शब्द, राहुल प्रधानको संगीत तथा प्रकाश तिम्सिनाको गायनमा आधारित उक्त संग्रह विमोचन गरिएको हो ।

### नयाँ सांगीतिक अभियान

संगीत अनसन्धान तथा विकास मञ्चले महिनामा दुई पटक सांगीतिक अभियान सञ्चालन गर्ने भएको छ । गत शनिबारदेखि प्रारम्भ भएको यो कार्यक्रम प्रत्येक महिनाको दोस्रो तथा अन्तिम शनिबार सम्पन्न हुनेछ । हरेक कार्यक्रमका लागि अडिसनमार्फत् कम्तीमा ११ जना गायक-गायिका छनौट गरेर उनीहरूलाई सांगीतिक कार्यक्रममा सहभागी गराउने अभियान मञ्चको छ । गत शनिबारको पहिलो कार्यक्रमका लागि गत शुक्रबार गुरुकुलमा पहिलो अडिसन गरिएको थियो । संगीतकार गुरुदेव कामत निर्णायक रहेको उक्त अडिसनमा ४० जना नयाँ गायक-गायिका सहभागी थिए । अडिसनपछि छनौट भएका ११ जना प्रतिभाले शनिबार पुतलीसडकस्थित सञ्चार समूह नेपालमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

### संगीतसँगै टक सो

वर्ल्ड हेल्पिङ अर्गनाइजेसनको आयोजनामा गत साता राजधानीमा सुगम संगीतमा आधारित सांगीतिक कार्यक्रम तथा टक सो सम्पन्न भएको छ । राष्ट्रिय सभा गृहमा आयोजित कार्यक्रममा हिमाल सागर, डिजराज पौडेल, कविराज निरौला, तिलकबम मल्ल, घनश्याम गौतम आदि गायकले आफ्ना लोकप्रिय गीत गाएका थिए । कार्यक्रममा निरू खड्काले आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन् । महादेव त्रिपाठीको रमाइलो जादू समेत प्रदर्शन गरिएको उक्त कार्यक्रम प्रारम्भ हुनुअघि समसामयिक विषयमा टक सो पनि सञ्चालन गरिएको थियो ।

### आगन्तुक युरोपमा

रिमिक्स गीत गाएर चर्चित बनेकी गायिका आगन्तुक खरेल सांगीतिक कार्यक्रममा सहभागी हुन युरोप पुगेकी छिन् । गत शनिबार काठमाडौंबाट फ्रान्सको पेरिसतर्फ उडेकी गायिक खरेलले त्यहाँ गत मंगलबार एकल गायन कार्यक्रम प्रस्तुत गरेकी छिन् । पेरिसको कार्यक्रमपछि उनले आगामी असार १४ गते स्वीजरल्याण्डमा पनि एकल गायन प्रस्तुत गर्नेछिन् । सांगीतिक कार्यक्रममा सहभागी भएर स्वदेश फर्किएपछि आफ्नो एकल गीति संग्रह 'बयरबोटैमा' को विमोचन गर्ने उनको योजना छ ।

### लस एञ्जलसमा दोहोरी

अमेरिकाको लस एञ्जलसमा गत साता 'दोहोरी साँझ हामीहरूको साझ' शीर्षकको सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नेपालबाट गएका कलाकारहरूले सांगीतिक कार्यक्रम प्रस्तुत गरेको सहभागी प्रकाशचन्द्र घिमिरेले बताएका छन् । नेपाल-अमेरिका एकता समाजले आयोजना गरेको उक्त कार्यक्रममा गायक मिलन लामा तथा गायिका निशा सुनारको गायन जमेको थियो । नायिका पुजना प्रधान तथा देविका केसीको आकर्षक नृत्यले कार्यक्रम रमाइलो बनेको थियो ।

### कोरियामा नेपाली संगीत

गत शनिबार कोरियामा आयोजित अन्तर्राष्ट्रिय संगीत महोत्सवमा सांगीतिक समूह मंगोलियन हार्टका गायक राजु लामाले नेपालको प्रतिनिधित्व गर्दै नेपाली गीतहरू गाएका छन् । अघिल्लो बुधवार काठमाडौंमा आफ्नो नयाँ म्युजिक भिडियोको प्रिमियर गरेपछि कोरियातर्फ प्रस्थान गरेका गायक लामाले असारको तेस्रो साता स्वदेश फर्किएर आफ्नो समूहको पाँचौं गीति संग्रह विमोचन गराउनेछन् ।

### सांस्कृतिक साँझ

पश्चिमाञ्चलका लोकप्रिय गीत-संगीत तथा नृत्यलाई राजधानीका दर्शकमाझ प्रस्तुत गर्न गत शुक्रबार काठमाडौंमा 'विशेष सांस्कृतिक साँझ' शीर्षकको कार्यक्रम आयोजित गरियो । पश्चिमाञ्चल विकास केन्द्रद्वारा आयोजित सांस्कृतिक साँझमा राष्ट्रिय स्तरका कलाकारहरूले लोकगीत र नृत्य प्रस्तुत गरे । कार्यक्रममा गायक-गायिका शिवा आले, खड्ग गरबुजा, बाबुराम पन्थी, गोविन्द पन्थी, विमला गिरी, संगीता केसी, मीना गर्बुजा, थमप्रकाश पुन, नीता पुन तथा गीता पाइजाले विभिन्न समूहमा बाँडिएर गायन प्रस्तुत गरेका थिए । शिव हमाल, संगीता थापा, रामजी खाँड र तोला चन्द ठकुरीको दोहोरीले पनि कार्यक्रम रमाइलो बनेको थियो । कार्यक्रममा नरेन्द्र आलेमगरको हास्य-नृत्यलगायत सोरठी, थकाली, कौरा, थाली, भोजपुरी, झ्याली, झयाउरेजस्ता लोक नृत्य पनि प्रस्तुत गरिएको थियो ।

### दोहोरी-हास्य महोत्सव

राजधानीबाट गएका कलाकारहरूको एक समूहले अर्घाखाँचीमा एउटा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका छन् । 'अर्खाखाँची दोहोरी तथा हास्यमहोत्सव' शीर्षकको उक्त सांस्कृतिक कार्यक्रममा बद्री पंगेनी तथा शिला आलेमगरको समूहले दोहोरी घन्काएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए । गत शनिबार सम्पन्न कार्यक्रममा गायक डिजराज पौडेलले पनि आफ्ना लोकप्रिय गीत गाएका थिए । 'मेरी बास्सै' श्रृंखलाका धुर्मुस, सुन्तली तथा माग्ने बूढाको हास्यप्रस्तुति कार्यक्रमको मुख्य आकर्षण रह्यो ।

## साप्ताहिक लाइभ

• आगामी आइतबार तथा सोमबार अस्ट्रेलियामा हुने घर-जग्गा मेलामा गीत-संगीत प्रस्तुत गर्न गायक रामकृष्ण ढकाल हिजो बिहीबार त्यसतर्फ प्रस्थान गरेका छन् । कार्यक्रममा ढकालले आफ्ना एक दर्जन गीत प्रस्तुत गर्नेछन् ।

• फ्रान्सेली संगीतकर्मीहरूको समूह 'क्वाक' ले आगामी शनिबार राजधानीमा 'क्वाक इन काठमाडौं' शीर्षकको कन्सर्ट गर्ने भएको छ । जमलस्थित सांस्कृतिक संस्थानमा आयोजना हुने उक्त कार्यक्रममा चार जना फ्रान्सेली संगीतकर्मीले गीत-संगीत प्रस्तुत गर्नेछन् । कार्यक्रम फ्रान्सेली केन्द्रले आयोजना गर्न लागेको हो ।

## अफबिट



**हिमाल, पहाड, तराई कोही छैन पराई : गायकद्वय सुमित खड्का तथा प्रबलदीप विश्वास यही सन्देश छर्ने म्युजिक भिडियोमा ।**


## नजिकबाट

### विवेक पोखरेल



| | | |
|---|---|---|
| जन्ममिति | : | असोज २९ गते |
| घरमा बोलाउने नाम | : | बाबु |
| नामको अर्थ | : | बुद्धि |
| जन्मस्थान | : | विराटनगर |
| रुचि | : | गायन, घुमफिर |
| प्रकाशित एल्बम | : | एबीसी (सुनचरी), युरेका |
| सांगीतिक गुरु | : | वासुदेव मुनाल |
| मन पर्ने परिकार | : | चिकेन स्प्रिङ रोल, फ्राइट चिकेन |
| पकाउन जानेको परिकार | : | नेपाली खाना र मासुका परिकार |
| मनपर्ने रंग | : | कालो र रातो |
| मन पर्ने पहिरन | : | पाइन्ट, सर्ट |
| मन पर्ने मौसम | : | वसन्त ऋतु |
| मन पर्ने खेल | : | फुटबल, क्रिकेट |
| फुर्सदमा | : | घुमफिर गर्छु, अध्ययन गर्छु |
| मन पर्ने गीत | : | पानी खाने निहुँले |
| रिस उठेको बेला | : | चुपचाप बस्छु |
| मन पर्ने आफ्नै बानी | : | दुःखमा परेकालाई सहयोग गर्ने |
| पहिलो गीत | : | खोलाको सङ्लो पानी |
| पहिलो एल्बम | : | एबीसी (सुनचरी) |
| पहिलो चर्चित गीत | : | सुनचरी चरी नउड त्यसरी |
| सबैभन्दा बढी माया | : | परिवारका सदस्यहरूलाई |
| पहिलो बाजा | : | ड्रमसेट |
| पहिलो फोटोसेसन | : | २०५३ सालमा अनिल स्थापितसँग |
| राम्रो बानी | : | ठूलालाई आदर गर्ने, सानालाई माया गर्ने |
| नराम्रो बानी | : | चाँडै विश्वास गर्ने |

## ब्यान्ड




उर्लावारी, मोरङका पाँच जना उत्साही युवा संगीतकर्मीले स्थापना गरेको सांगीतिक समूह हो, 'रेज ब्यान्ड' । सुमधुर सांगीतिक किरण छर्न समूहको नाम 'रेज' राखिएको लिड गिटारिस्ट कृष्ण लिम्बु बताउँछन् । समूहका तपराज सुनाम समूहका गायक हुन् । झरन लिम्बू, कृष्ण लिम्बू तथा रविन गुरुङ क्रमशः रिदम गिटारिस्ट, लिड गिटारिस्ट एवं बास गिटारिस्टको रूपमा सक्रिय छन् । महेश राई समूहका ड्रमर हुन् भने दुर्गा भट्टराई व्यवस्थापक हुन् ।

करिब नौ वर्षअघि स्थापना भएको यो समूहले २०६१ सालमा आफ्नो पहिलो गीतिसंग्रह 'दोधार' श्रोतामाझ ल्याएको थियो । यो संग्रहपछि समूहका संगीतकर्मीहरू पूर्वी नेपालका सांगीतिक कार्यक्रमहरूमा व्यस्त भए । केही समयअघि दोस्रो गीतिसंग्रह 'शून्य आकाश' सार्वजनिक गरेको यो समूहलाई अहिले पनि पूर्वी नेपालमा कन्सर्टकै चटारो छ । प्रायः लोकपप तथा रक एन्ड रोल संगीत सिर्जना गर्न तल्लीन रेज ब्यान्डले स्लो रक शैलीका गीतहरू पनि सिर्जना गरेको छ । 'हामी मेलोडियस रक शैलीका गीतलाई बढी महत्त्व दिन्छौं, समूहका लिड गिटारिस्ट लिम्बू भन्छन्– 'श्रोताहरूले पनि हाम्रो समूहबाट त्यस्तै गीतको अपेक्षा गर्नुहुन्छ ।'


पहिलो विश्व

## चार वर्षपछि

३ हजार वयस्क मानिसमा गरिएको एक सर्वेक्षणका क्रममा दम्पतीहरूले विवाह गरेको चार वर्षपछि यौनमा विगतको तुलनामा बढी आनन्द आउने कुरा बताएका छन् । बेलायतमा भएको उक्त सर्वेक्षणमा ६० प्रतिशत सहभागीले विवाह गरेको चार वर्षपछि यौनमा अत्यधिक आनन्द आउन थालेको बताए । यो निष्कर्षअनुसार सन् २००५ देखि डेटिङ थालेका ४५ वर्षीय ब्राड पिट र ३३ वर्षीया एन्जेलिना जोली, गायिका चार्लोट चर्च र रग्बी खेलाडी गेभिन हेन्सन, टम क्रुज र केटी होम्सजस्ता धेरै जोडीबीचको शारीरिक सम्बन्ध राम्रो रहेको अनुमान सर्वेक्षणकर्ताहरूले गरेका छन् । सर्वेक्षणमा सहभागीहरूले प्रेमलाई चार वर्षको अवधिमा बलियो बनाउन सकिन्छ, त्यसबाहेक प्रेम पनि समयसँगै पाको हुदै जान्छ भनेका छन् । यसबीच जर्मनीमा गरिएको अर्को एक सर्वेक्षणले आफूभन्दा निकै कम उमेरका युवतीसँग विवाह गरे पुरुषको आयु बढ्ने र आफू भन्दा बढी उमेरको महिलासँग विवाह गरे मर्ने उमेर ११ प्रतिशतका दरले घट्ने कुरा बताएको छ ।



## ड्र्यागरिङ डान्स



अहिले जमैकनहरू ड्र्यागरिङ डान्सलाई विश्वसामु पु¥याउने तयारी गरिरहेका छन् । जमैकनहरूले प्रारम्भ गरेको ड्र्यागरिङ डान्स मूलतः कामुक नृत्य हो । यसमा युवा-युवतीले यौनका विभिन्न आसनमा बसेर आफ्नो संवेदनशील अंगहरू बाहिरबाटै घर्षण गर्छन् । युवा-युवतीले नृत्यपछि आफूलाई बेडरुममा एकसाथ पाउने हुनाले पनि यो नृत्य अहिले जमैकामा लोकप्रिय हुँदै गएको छ । यो नृत्य हेर्न वा गर्न जति मज्जा आउँछ त्यति नै नृत्य गर्ने क्रममा युवाहरूको लिंग चोटग्रस्त हुने घटना पनि बढ्दै गएको छ । लिंग चोटग्रस्त हुने पुरुषहरूको संख्या दिन-प्रतिदिन बढ्दै गएपछि चिकित्सकहरूले यसमाथि प्रतिबन्ध लगाउनुपर्ने माग पनि गरेका छन् । हुनत सरकारले पनि यो नृत्यमाथि प्रतिबन्ध लगाउने प्रयास गरेको छ, तर पूर्ण रूपमा भने लागू हुन सकेको छैन । केही स्थानमा यसको पक्षमा प्रदर्शनसमेत भएको छ ।



मकाउमा आयोजित आइफा एवार्ड समारोहमा सहभागी प्रियंका चोपडा ग्रीन कार्पेटमा तस्विरका लागि पोज दिँदै ।

तस्बिर : निर्मल श्रेष्ठ



## जम्यो टाटुज् डान्सपार्टी

धरान– गत शनिबार धरानको ब्रिटिस कम्युनिटी हल भरिभराउ थियो । टाटुज् पार्टी भएकाले होला, अधिकांश आफ्ना शरीरका टाटु देखाउन डान्सपार्टीमा उपस्थित थिए, तर कसैले पनि सोभै देखिने गरी आफ्ना टाटु देखाएनन् । इन्क्ड धरानको आयोजनामा सञ्चालित डान्सपार्टीको मजा लिन भने कसैले बाँकी राखेनन् । सबैले डिजेको फास्ट बिटमा आफूहरूलाई बिर्सिएका थिए । धरानका स्थानीय डिजे विकास र डिजे डबल बीले पनि धरानका युवापुस्ताको मन बुझ्न कठिन परेन । उनीहरूले धराने डान्स क्रेजीहरूको रुचिलाई मध्यनजर गरेर अंग्रेजी तथा हिन्दी रिमिक्स नम्बरहरू प्रस्तुत गरेका थिए ।

लगातार डिजेको तालमा नाचिरहँदा डान्स क्रेजीहरूले जेठको गर्मी पनि बिर्सिए । चर्को गर्मीका कारण बिस्तारै शरीरबाट टाटु छोपिने कपडा उतार्दै जाँदा शरीरमा खोपिएका उनीहरूको आकर्षक टाटु निकै मज्जाको देखिएको थियो । डान्समा पूरै होमिएका युवाले गर्मीका कारण कपडा खोल्दा आफ्ना टाटु अरूले देखेको पत्तै पाएनन् । टाटुप्रति धराने युवापुस्ताको ध्यान खिच्न पनि इन्क्ड धरानले यस्तो पार्टीको आयोजना गरेको थियो । एक-अर्काको शरीरमा भएको टाटुका सम्बन्धमा जिज्ञासा र कुराकानीले पनि त्यस दिन प्रशस्त ठाउँ पाएको थियो । बेलुकी सात बजे प्रारम्भ भएको टाटुज डान्सपार्टीमा राति एघार बजेसम्म पनि भीड घटेको थिएन ।

भीषण राई

तस्बिर : विकास राई



# सचित्र




**वाइन र वाइफ :** जीपी तिमिल्सिना आफ्नी पूर्व मिस नेपाल श्रीमती उषा खड्गीसँग ।



**पुराना नायिका :** आफ्नो समयका दुई लोकप्रिय नायिका निरुता सिंह तथा गौरी मल्ल एकसाथ ।



**खोज्या के हो ?** नायक रमित ढुंगाना तथा नायिका रेजिना उप्रेती फोटोग्राफर राजीव श्रेष्ठबाट गराइएको एक फोटो सेसनमा ।



**निकाह कबुल :** सञ्चारकर्मी मोहम्मद शहनवाज गत साता आयोजित आफ्नो विवाह भोजमा पत्नी रुना बानुसँग ।



**हङकङका नेपाली नायक- नायिका :** हङकङमा कार्यरत नेपाली नायक ध्रुव दत्त तथा नायिका सबिना श्रेष्ठ एक चलचित्रको छायांकनमा ।

# मेला घर सजावटको

**शिव मुखिया**

काठमाडौं– घरको आन्तरिक सजावट कसरी गर्ने भन्ने समस्याले धेरै अघिदेखि पिरोलेको थियो बालाजुका दीपेश अधिकारीलाई । आफ्नो घरको आन्तरिक सजावटका लागि कुनै भेउ नपाएका अधिकारीको मन यसपालि निकै हलुंगो भयो । आन्तरिक सजावटका लागि आवश्यक सामग्रीहरू एउटै छानामुनि पाएपछि उनी दंग परे । 'धेरैतिर धाउने समय बचत भयो, ' राजधानीको भृकुटीमण्डपमा आयोजित 'होम एन्ड डेकोर एक्स्पो-२००९' का स्टल चहारिरहेका अधिकारीले भने- 'मेलामा नै चाहिनेजति सामग्री भेटियो ।' यता कपनकी बबिता शेर्पा इन्टेरियर डिजाइनकी सौखिन हुन् । उनी आफू बस्ने कोठा मात्र होइन, अरूको घरकोठा सजाउन पनि निकै रुचि राख्छिन् । यस्तै रुचिले डोऱ्याएर एक्स्पोसम्म आएकी थिइन् उनी । आन्तरिक सजावटका लागि बालचित्रदेखि बाँसको जराको कलाकृतिसम्म र गलैंचादेखि आरामदायक फर्निचरसम्मले उनको मन निकै लोभियो ।




राजधानीमा दोस्रो पटक आयोजित होम एन्ड डेकोर एक्स्पोबाट घर निर्माण गरिरहेकादेखि घरको आन्तरिक सजावटमा रुचि राख्ने सबै उत्तिकै लाभान्वित भए । गएको शुक्रबारदेखि तीन दिनसम्म चलेको मेलामा घरको आन्तरिक सजावटका लागि चाहेजति सामग्री प्रदर्शन एवं बिक्री गरिएको थियो । मेलामा १ लाख मूल्य बराबरको सोफा, ९० हजार मूल्यबराबरको पलङदेखि ४ लाख पर्ने गहुँको छ्वालीद्वारा निर्मित कलाकृतिसम्म प्रदर्शन गरिएको थियो । त्यस्तै घर एवं कोठालाई प्राकृतिक रूपमा सजाउन चाहनेका लागि पनि मेलामा इनडोर प्लान्टदेखि बाँस एवं रूखको जराद्वारा निर्मित सामग्रीहरू उपलब्ध थिए । त्यसो त घरलाई कसरी सजाउने, कुन सामग्री प्रयोग कसरी गर्दा राम्रो हुन्छ भन्ने परामर्श लिनेहरूका लागि पनि मेला उपयुक्त गन्तव्य बन्यो । इन्टोरियर डिजाइन एसोसिएसन अफ नेपालले घरको आन्तरिक सजावटमा रुचि भएकाहरूलाई आवश्यक परामर्श दिइरहेको थियो ।

'सिसौको काठबाट बनेका फर्निचर महँगा छन्' मेक्माइ ब्लुमको स्टलमा बसेकी संगीता लामाले भनिन्- 'यी फर्निचर हेर्दा जति राम्रा छन् उत्तिकै गुणस्तर पनि ।' मेलामा भिजन अफ किचनले भान्छामा प्रयोग हुने सामग्रीहरूको प्रदर्शनी गरेको थियो । १२ हजार रुपैयाँदेखि ३५ हजार रुपैयाँसम्मका अत्याधुनिक किचेन सामग्रीहरूले अवलोकनकर्ताको ध्यान खिचेको थियो । 'किचेनका लागि आवश्यक आधुनिक सामग्री धेरैले रुचाए, ' स्टलको भीडतिर औंल्याउँदै राजु सुवेदीले भने- 'स्वास्थ्यलाई समेत असर नगर्ने किसिमले डिजाइन गरिएका किचनका सामग्रीहरू ल्याएका छौं ।' यता भोजपुरबाट आएका कमल भुजेल भोजपुरे खुकुरीदेखि पित्तलका करुवा, परम्परागत रूपमा बनाइएका वाइन सेट प्रदर्शन गरिरहेका थिए । उनकै स्टलमा राखिएको बाँसको जराद्वारा निर्मित कलाकृति पनि अवलोकनकर्ताहरूले निकै रुचाए । कोठामा सजाउन तयार पारिएका बाँसको जरालाई यौनक्रिया गरिरहेको आकृतिमा उतारिएको थियो, जसले धेरैको ध्यान आकर्षित गरिरहेको देखिन्थ्यो ।

घरको पार्टेसनका लागि चाहिनेजति सामग्रीहरू पनि मेलामा उपलब्ध थियो । त्यसका लागि वाल कार्पेटदेखि काँचका सामग्रीहरू समेत प्रदर्शन गरिएको थियो । मेलामा भान्छाका सामग्री, कोठाको सजावट, घरको सुरक्षा, फर्निचरजस्ता सामग्रीले अवलोकनकर्ताहरूलाई लोभ्याएको थियो । भित्तामा राख्ने पेन्टिङ, फ्लोरिङ, फर्निसिङ मेलामा राखिएको थियो । घर सजाउन बढी प्रयोग हुने पशुपति पेन्ट्स, अल्मुनियमका सामग्रीका लागि आल्मुनियम वर्ल्ड, पर्दाका लागि लाइट वुटिक जोन आदिले स्टल राखेका थिए । मेलामा विभिन्न गुणस्तर र साइजको गलैंचासमेत राखिएको थियो । डाइरेक्सन नेपालको आयोजना सम्पन्न मेलामा घर सजावटसम्बन्धी क्षेत्रमा कार्यरत ५० भन्दा बढी संस्थाले आफ्नो सेवा एवं वस्तु प्रदर्शन गरेका थिए ।

## भुइँमै रिमिक्स र ब्रेक डान्स



धरान– 'रेलि खोला बगर, काफल पाक्लो लहर । माया आउन बस न लाग्यो रहर' रिमिक्स गीत बज्नासाथ आधा दर्जन युवती कम्मर मर्काई-मर्काई नाच्न थाले । वरिपरि बसेका दर्शक गीत सकिन नपाउँदै जोड्ने कराए– 'वान्स मोर ।' न कुनै स्टेज, न ठूलो तामझाम । विद्यालयको चौरमा भुइँमै युवतीहरू नाचेको एकैछिनमा एक हूल युवाको लस्कर आयो र गर्न थाल्यो– ब्रेक डान्स । धरानको गरिमा डान्स सेन्टरले आयोजना गरेको नृत्यसम्बन्धी कार्यक्रममा सेब्रो, मोर्डनदेखि ब्रेक डान्ससम्म प्रस्तुत भयो । नृत्य सकेपछि डान्सर अञ्जु राईले भनिन्– 'भुइँमै नाच्दा पनि मज्जा आयो ।'

## नटराज प्रतियोगिता सुरु

**गोपाल दाहाल**

धरान- विद्यालयका बालबालिकाको नृत्य प्रतिभा प्रस्फुटन गराउने उद्देश्यसहित धरान नटराज प्रतियोगिता प्रारम्भ भएको छ । धरानमा पहिलो पटक यस्तो प्रतियोगिता गरिमा डान्स सेन्टरले सुरु गरेको हो । प्रतियोगिताको पहिलो अडिसनमा होलिल्यान्ड स्कुलका तारा श्रेष्ठ, सजनी लिम्बू र जानुका लिम्बु उत्कृष्ट तीन घोषित भए । जम्मा दस जना सहभागीमध्ये सुरताल, हाउभाउ, आत्मविश्वास आदिमा निर्णायकहरू आईश्वर लिम्बू र नन्दा राईले दिएको अंकका आधारमा उनीहरू उत्कृष्ठ तीनमा परेका हुन् । अब उनीहरू दोस्रो चरणको उत्कृष्ट ३० मा प्रवेश गरेका छन् । उनीहरूले अबको राउण्डमा नेपाली चलचित्रका गीतमा नाच्नुपर्नेछ ।

धरानभरिका १० भन्दा बढी बोर्डिङ स्कुल सहभागी हुने यो प्रतियोगिता विद्यालयमा हुने पहिलो अडिसनपछि टप ३०, त्यसपछि टप २५, टप २०, टप १५ र टप १० को चरणमा चल्नेछ । टप १० बाट एकैचोटि फाइनल गरी उपाधि विजेता घोषित गरिने गरिमाका निर्देशक मणिकुमार लिम्बूले बताए । धरान नटराजको फाइनल असोज १ गते धरान सभागृहमा हुनेछ ।



# खुल्यो पहिरन

पोखरा- स्टाइलिस्ट स्कर्टसँगै टिमिक्क परेको पातलो टिसर्ट अनि आँखामा कालो चश्मा। जुत्ताको त झन कुरै नगरौं। यस्तै पहिरनसँगै सरू लालचन स्कुटरमा सरर गुडिरहेकी थिइन्। पहिरन त निकै हट छ नि ? प्रश्न भुइँमा खस्न नपाउँदै उनले जवाफ फर्काइहालिन्- 'गर्मी छ त के गर्नु ?'

हो पनि उनले भनेझैं यतिबेला गर्मीको पारो चढिरहेको छ। गर्मी चढ्दै जाँदा फेसनको पारो नचढ्ने कुरै भएन। ग्ल्यामरस र खुलेको पहिरन देखेपछि जो-कोहीलाई गर्मी बढेको अनुमान लगाउन गाह्रो पर्दैन। गर्मी बढेपछि स्कुटरमा हाफ पाइन्ट लगाएर हिंड्ने युवतीहरू त्यत्तिकै बढेका छन्। अहिले गर्मीकै कारण घरबाहिर हिंडडुल गर्न पनि गाह्रो हुन्छ। यो मौसममा फेसनेबलहरू मात्र होइन, जो पनि पहिरनप्रति



तस्बिर : ठिकठाक डटकम

सजग हुन्छन्।

सजग त हुनैपर्छ, सही पहिरन छनौट नगर्दा त्यसले हाम्रो शरीरलाई अझ प्रभावित तुल्याउन सक्छ, फेसन डिजाइनर सरस्वती गुरुङ भन्छिन्- 'गर्मीमा हल्का र पातला पहिरन लगाउनु राम्रो हुन्छ फेसन पनि हुने र स्वास्थ्यलाई पनि फाइदा पुग्ने।'

गर्मीसँगै छोटा र टुपिस पहिरन लगाउनेहरूको झुन्ड बाक्लै हुन्छ। यस्ता पहिरन मन पराउनेहरूमा सधैं गर्मी मौसम कायम रहोस् भन्ने चाहना पनि हुन्छ। फेसन देखाउनेहरूमा यो बढी लागू हुन्छ।

जाडो महिनामा समेत छर्लङ्ग शरीर देखिने पहिरन लगाएर हिंड्न तम्सिने पोखराका कतिपय युवतीलाई गर्मी आएपछि त झन् के चहियो र □ गर्मी सुरु भएपछि उनीहरूको पहिरन हट र सेक्सी हुन्छ। छाता ओढेर हट पहिरनमा हिंडिरहेका युवतीहरू देखेपछि धेरैको ध्यान त्यतै केन्द्रित हुन्छ। कतिपयले त उनीहरूलाई जिस्क्याएरै हैरान पार्छन्। आफ्नो चाहनाअनुरूपका पहिरन लगाएर हिँड्दा बाटोघाटोमा बसेर युवती जिस्क्याउने अल्लारेहरूले हैरान पार्छन्, महेन्द्रपुलमा भेटिएकी एक युवतीले भनिन्- 'फेसन नबुझ्नेहरूले त अर्कै दृष्टिले पनि हेर्छन्।' यतिबेला फेससनेबल युवाहरू हाफ पाइन्ट, टिर्सट तथा युवतीहरू स्कर्ट टप्ससँगै हाफ पाइन्ट र टिर्सटमा बढी सजिइएको पाइन्छ। पहिरन त भयो नै, त्यसमाथि अनुहारलाई घामबाट बचाउन क्याप र स्टाइलिस्ट गगल्स पनि अनिवार्य हुन्छ।

सुस्ताएको फेसनको पारो गर्मीको संकेतसँगै ह्वात्तै बढेर गएको छ। फेसन हाउस सपिङ कम्प्लेक्सदेखि बुटिकसम्म गर्मीका पहिरन माग गर्नेहरूको भीड देख्न पाइन्छ। गर्मीका लागि नयाँ-नयाँ डिजाइनका पहिरनहरू पनि त्यत्तिकै भित्रिएका छन्। जिन्स अफेयरका डिजाइनर अमुल दास गर्मी बढेपछि जिन्सका छोटा पहिरन तयार पार्न व्यस्त हुन्छन्। जिन्सका स्कट तथा हाफ पाइन्टको माग अहिले अघिल्लो वर्षभन्दा बढेको छ, उनले साप्ताहिकसँग भने।

अघिल्लो वर्ष नदेखिएका भिन्न खालका पहिरन यस पटक बढी देखिएका छन्। यसले गर्दा विक्रेताहरू पनि मख्ख छन्। युवतीहरू जीउ बढीभन्दा बढी खुला देखिने पहिरन लगाउन होडबाजी गर्छन्। मोडल ममता पुन बाह्रै महिना ग्ल्यामरस पहिरनमा भेटिन्छन्। उनलाई अरूभन्दा पृथक् देखिन मन लाग्छ। हाफ पाइन्ट तथा कुल देखिने हाफ टिसर्ट र कालो स्टकिङमा भेटिएकी ममता निकै सेक्सी देखिएकी थिइन्। खुट्टामा कन्भर्स र साइड कन्भर्स ब्याग बोकेकी ममता गर्मीमा हाफ पाइन्ट र स्लिभलेसमा समेत भेटिन्छिन्।

गर्मी चढेपछि रोजाइको पहिरन लगाउन पाइन्छ, हल्का मुस्कान छर्दै उनले भनिन्- 'गर्मीमा हट त देखिनै पर्‍यो।' मौसमअनुकूलको पहिरन लगाउन उनी मात्र होइन, सामान्य युवतीहरू पनि त्यत्तिकै अग्रसर हुन्छन्। युवायुवतीहरू मात्र होइन, अधबैंसेहरू पनि गर्मीमा फेसन गर्न अघि सर्छन् तर अधिकांश अधबैंसेले फेसनभन्दा स्वास्थ्यलाई हेरेर मौसमअनुरूपका पहिरन लगाएको पाइन्छ।

प्रायः युवायुवतीहरूको सोचाइ उनीहरूको भन्दा ठ्याक्कै उल्टो छ। उनीहरू भने आफूलाई स्टाइलिस्ट र फेसनेबल देखाउन फेसनकै पहिरन 'च्वाइस' गर्छन्। पाश्चात्य फेसनको सिको गर्दै गर्मीमा खुलेका पहिरन लगाउन कत्ति पनि हिचकिचाउँदैनन्। र्‍याम्पमा नदेखिने फेसन यतिबेला सडक, चोक तथा गल्लीमा बग्रेल्ती देख्न पाइन्छ। गर्मीमा देखिने फेसन ट्रेन्ड देखेर कतिपय त विरोध गर्न पनि पछि पर्दैनन् तर जति नै विरोध गरे पनि फेसनपारखीहरू आफ्नो स्वतन्त्र चाहनाको उपभोग गर्न छाड्दैनन्। समयअनुसार चल्नु नराम्रो होइन, मोडल सरू मानन्धरले भनिन्- 'त्यो फेसनको महत्त्व नबुझ्नेहरूको मात्र विरोध हो।'

कुनै समय डान्स पार्टी तथा फेसन सोहरूमा मात्र देखिने छोटा पहिरन हिजोआज यहाँ खुल्लम खुला सडकमै देख्न पाइन्छ।

शिवालयचोकका अमृत भट्टराईले भने- 'गर्मीमा त फेसनले नै सहर तातिन्छ।' यस्तो फेसनमा युवाहरूभन्दा युवतीहरू धेरै अघि छन्। त्यही भएर पनि गर्मी मौसमलाई ग्ल्यामरस मौसम भनिन्छ। आइसक्रिम खाँदै सडकमा हिंड्नेहरूको रौनक त झन् बेग्लै छ। पातला र छोटो पहिरनमा आइसक्रिम खाएर हिंडिरहेका उनीहरूलाई देखेपछि तन्नेरी युवाहरूको मन त्यसै चंगा हुन्छ। पौडी पोखरीदेखि स्विमिङ पुलमा भेटिने युवायुवतीहरूको हूलबाट पनि गर्मी बढेको अनुमान लगाउन गाह्रो पर्दैन।

**शिव शर्मा**



# सेकुवा बाजेको कथा

**विदुर खतिवडा**

खसीको मासुसँग सम्बन्ध गाँसिएकाले नै हुनसक्छ, सानैदेखि मासुको मीठो पकवान बनाएर ख्वाउने तथा खाने काममा उनको झुकाव रह्यो। राजधानीको लोकप्रिय सेकुवा कर्नर बाजेको जम्बुदीपका मालिक दिनानाथ भण्डारी अन्ततः खसीलाई नै आधार बनाएर सफल भए। दिनानाथको सफलतासँगै उनको बाजेको सेकुवाले व्यावसायिक यात्राको ३० औं वार्षिक उत्सव मनाइसकेको छ।

**संघर्षका ती दिन**

सिनामंगल कार्गो अगाडि, दुई, गैरीधारा र नयाँबजारमा दुई गरी चारवटा शाखामा रहेको बाजेको जम्बुदीप सेकुवा कर्नरको अहिलेको विस्तारित स्वरूपका पछाडि संघर्षका थुप्रै कथा जोडिएका छन्।

पेसाले प्रहरी हवल्दार उनका पिताका चारवटी श्रीमती थिए भने छोराछोरी डेढ दर्जन। 'हामी ११ छोरा जीवित रह्यौं, जसमा हाम्री आमापट्टीका सात जना थियौं,' उनले बाल्यकाल सम्झँदै भने- 'बाको आम्दानी राम्रै भए पनि चारवटी आमालाई अंशबन्डा गर्दा हाम्री आमाको भागमा केही सम्पत्ति मात्र पर्‍यो।' घरको आम्दानी न्यून भएकाले कक्षा १० सम्मको औपचारिक पढाइ सकेर उनी सिक्किमतर्फ हान्निए। सिक्किममा त्यसबेला बाटो बनाउने योजनामा काम पाइन्थ्यो। 'त्यहीं एउटा बंगाली साथीले मीठो मासु पकाएको देखेपछि उनमा मासु मोह बढ्न थाल्यो।' दिनानाथ भन्छन्- 'मलाई मासु मन पर्ने र पकाउन पनि जाँगर चल्ने, त्यसमाथि मासु पकाउने सीप जानेपछि के चाहियो र?' केही समय सिक्किम बसेपछि उनी फेरि पहाड फर्किए, तर पहाड उनका निम्ति बिरानो भैसकेको थियो, ०२१ सालमा उनले मधेस झर्ने निर्णय गरे। झापाको गौरादहमा आएर जंगल फँडानी गरी ४ बिघा माटो बिराएपछि उनी खेतीपातीमा व्यस्त हुन थाले।

त्यसपछि उनी गौरादहको खेती बिक्री गरेर झापाकै गौरीगन्जमा बस्न थाले। त्यहाँ पनि उनले पकाएको मासु खानेहरूको संख्या बढ्यो। ३० को दशकको पूर्वार्द्धमा आइपुग्दा उनी मासुसँग सम्बन्धी व्यवसायमा संलग्न भैसकेका थिए। त्यही बेला खेतिपातीकै विषयमा उनले मुद्दा धाउनुपर्ने स्थिति बन्यो। चन्द्रगढी सदरमुकाम धाउने क्रममा उनी केही समय लेखनदास पनि बने। चन्द्रगढी बसाइका क्रममा त्यहाँको चल्तीको एक होटलमा उनी निरन्तर मासु खान जान्थे, तर स्वाद भनेजस्तो कहिल्यै हुँदैनथ्यो। त्यही समयमा उनलाई मीठो मासु पकाएर व्यवसाय सञ्चालन गर्ने जुक्ति फुरेको थियो। खसीको मासु पोलेर सेकुवा बनाउने, सुप बनाउने, भुटन बनाउने र गाउँलेलाई स्वाद चखाउने क्रममै यसले व्यवसायको रूप धारण गरेको थियो। दिनानाथ बाजे भन्छन्- 'सन्तुष्टिका निम्ति मासुका परिकार खाने-ख्वाउने क्रम चल्यो।' ०३९ सालदेखि उनले गौरीगन्जमा पसल थापेर व्यवसाय सुरु गरे।

उदयपुरका बस्नेतहरू, जसको खेती गौरीगन्जमा थियो, ले दिनानाथ बाजेको हातको मासु चाखेपछि उनलाई व्यवसाय गर्न गाईघाट पुर्‍याए। जहाँ उनले छोटो समयमै ख्याति कमाए। दिनानाथ भन्छन्- 'व्यवसायले राम्रै सफलता पाए पनि गाईघाटमा खसीको कमी भएकाले गाईघाट छोड्नुपर्‍यो, फेरि गौरीगन्ज फर्किएँ।' गौरीगन्ज आएर उनले राइस मिल सञ्चालन गरे। साथसाथै मत्स्यपालन, मौरीपालन तथा व्यावसायिक खेती पनि गरे।

## संघर्ष र सफलता

### व्यवसायको स्वरूप

दिनानाथले यो व्यवसाय थाल्दा मासु प्रतिकिलो ११ रुपैयाँ थियो। काठमाडौंमा सुरु गर्दा भने ६० रुपैयाँ किलो मासु किनेका दिनानाथको बाजेको सेकुवाले अहिले दैनिक एक दर्जन खसी काट्छ। उनले काठमाडौंमा व्यवसाय थाल्दा एक सिल मासु ५ रुपैयाँमा बेच्थे भने अहिले एक सिललाई ४५ रुपैयाँ पर्छ। उनले पकाएको मासु मीठो हुनुको रहस्य अथवा सूत्र उनले अहिलेसम्म कसैलाई बताएका छैनन्। अहिले पनि उनी मासुमा आफैं मसला हाल्छन्। आफैंले विकास गरेको गरम मसला र त्यसको मात्रा मिलेकाले यहाँको सेकुवा अन्यत्रभन्दा मीठो हुने उनको तर्क छ। दिनानाथ भन्छन्- 'कोक र फेन्टाले आफ्नो फर्मुला लुकाएजस्तै मैले सेकुवा मीठो बनाउने फर्मुला आफैंसँग मात्र राखेको छु, १ करोड तिरे पनि यो फर्मुला बताउँदिनँ।' हाल करिब १ सय ५० जनालाई प्रत्यक्ष रोजगारी दिइरहेका बाजेका अनुसार यो देशमा उनीजस्तै ५ हजार मानिस भैदिएका भए देशको आर्थिक स्तर कहाँ पुगिसक्थ्यो?

**टर्निङ प्वाइन्ट**

छोरीको विवाह गरेपछि दिनानाथले एक मात्र छोरालाई अध्ययनका लागि काठमाडौं पठाए। छोरो आएको दुई महिनामै आमा पनि काठमाडौं आइन् भने तेस्रो महिना बाबु पनि। दिनानाथ भन्छन्- 'छोरोलाई काठमाडौं पठाएर हाम्रो मन झापामा अडिन सकेन, काठमाडौंमै केही गरौंला भन्ने आँट बोकेर आइयो।'

काठमाडौं बसाइकै क्रममा पहाडबाट आएका आफन्तलाई एयरपोर्ट घुमाउन लानु उनको जीवनको टर्निङ प्वाइन्ट बन्यो। एयरपोर्ट परिसरको चौरमा मासु पोलेर ख्वाउने तथा खानेको भीड देखेपछि उनले त्यहींबाट आफ्नो भविष्य कोर्ने योजना बनाए। 'मैले एयरपोर्टमा मीठो परिकार खान पाइनँ,' दिनानाथ भन्छन्- 'त्यसैले आफूमा भएको सीप देखाउन पाए हुन्थ्यो जस्तो लाग्यो।'

डेढ किलो मासु किनेर उनी भोलिपल्ट त्यही ठाउँमा पुगे, जहाँ अघिल्लो दिन उनी ग्राहकका रूपमा प्रस्तुत भएका थिए। फलामको आरी, केही गोल (कोइला), दुईवटा बस्ने मुडा र चाउचाउको कार्टुन च्यातेर बनाइएको हाते पंखा बोकेर उनी त्यहाँ पुगेका थिए। त्यसपछि भटाभट सेकुवा बनाउन थाले। 'छेउमा एउटा चल्तीको पसल थियो, त्यहाँ मीठो खान पाइँदैनथ्यो तर नियमित खाने भएकाले ग्राहक त्यहीं जान्थे' दिनानाथ सम्झन्छन्- 'चल्तीको पसलका अगाडि बाहुनको पसल टिक्दैन, त्यसकारण पछिसम्म चल्ने पसलमा सम्बन्ध बिगार्नु हुँदैन भनेर मानिसहरू मकहाँ नआएका रहेछन्। जबकि उनीहरूलाई मेरो परिकार मीठो लाग्थ्यो।'

एक दिन एउटा पुलिस आएर बाजे तिमीले सक्दैनौ भनेर च्यालेन्ज गरेपछि दिनानाथले एक वर्ष झापाको उब्जनीबाट आएको आम्दानीले पनि घाटा सहन सक्छु भनेर जवाफ फर्काए। त्यसपछि एयरपोर्टका कर्मचारीले झ्यालभित्रबाटै इसाराले ५-१०-१५ प्लेट गरी दिएको अर्डर सप्लाई गर्न उनी नभ्याउने अवस्थामा पुगे। दिनानाथकी अर्धाङ्गिनीले पहिलो पटक हड्डीको सुप तथा मुलाको अचार सेकुवाका साथमा दिने ट्रेन्ड विकास गरिन्। त्यहाँको भुजा, सेकुवा, खसीको सुप र अचार खाने जो-कोही फेरी अर्को दिन पनि आइपुग्थे।

त्यहाँ गुडविल बनाइसकेपछि उनी तत्कालीन भन्सार नम्बर २ अगाडि (हाल आयल निगमभित्रको क्षेत्र) मा सरे। ठाउँ सरे पनि उनी दैनिक २० किलोभन्दा बढी मासुको सेकुवा बनाउन थालिसकेका थिए।

**छोराको इन्ट्री र व्यवस्थापन**

छोरा चेतनले एसएलसी सकेपछि बुबा-आमाको सडकको व्यापारलाई व्यवस्थित गर्नुपर्छ भन्ने सम्झिए। सिनामंगल चोकको पश्चिमपट्टि टहरो बनाएर उनले बाको सडक सेकुवा पसललाई सटरमा प्रवेश गराए। 'बाजेको सेकुवा आज यो ठाउँमा आइपुग्नुमा मेरो मात्र होइन मेरी स्वर्गिय श्रीमती र छोरा चेतनको पनि उत्तिकै मेहनत छ।' दिनानाथ भन्छन्- 'सडक पसल चलेको देखेपछि चेतनले आफैंले कोठाको बन्दोबस्त गरेर सिनामंगलमा पसल सार्‍यो।' सिनामंगलमा पसल नै थापेपछि नाम त राख्नैपर्‍यो, के गर्ने? एकजना ज्योतिषले श्रीमतीको नामबाट राख्नुस् भनेपछि दिनानाथले श्रीमतीको जमुनामा दि थपेर जमुनादी सेकुवा कर्नर लेख्नु भनेर बाहिर कतै गए, तर छोरा चेतनले त्योभन्दा राम्रो जम्बुदीप हुन्छ भनेर सटरको माथि जम्बुदीप सेकुवा कर्नर लेखाइदिए। एयरपोर्टभित्र रहँदा उनलाई बाजे भनेर बोलाउने भएकाले पसलको नाम बाजेको सेकुवा नामकरण भैसकेको थियो। दिनानाथ भन्छन्- 'मेरामा आउने मनाङे व्यापारीहरूले कहाँ जम्बुदीप राखेको? यो त बाजेको सेकुवा घर पो हो त भनेपछि पसलको नाम बाजेको जम्बुदीप कर्नर रह्यो।'

सिनामंगल चोकको पसल सानो भएपछि ६ महिनामै बाजेको जम्बुदीप त्यहाँबाट १ सय मिटर दक्षिण झर्‍यो। यहाँ पनि केही समयमै ठाउँ सानो भयो। टेबलको संख्या २० नाघ्दा पनि स्थान नपुगेपछि फेरि १ सय मिटर तल हालको बाजेको जम्बुदीप सेकुवा भएको घर नै लिनुपरेको छोरा चेतनले बताए।

**बाजे जता ग्राहक त्यतै**

बाजेको सेकुवा पसलले आफ्नो यात्राका क्रममा चारवटा स्थान परिवर्तन गरे पनि सुरुदेखिका ग्राहक अझै आइरहेका छन्। 'नयाँ ठाउँमा नयाँ ग्राहक थपिए पनि, पुराना ग्राहकहरू पनि खोज्दै आए,' भण्डारी बाजे भन्छन्- 'एयरपोर्टका पाइलटदेखि अन्य कर्मचारीहरू अहिले पनि मेरै स्वादको सेकुवा खान आइपुग्छन्।'

**श्रीमती र छोराको सहयोग**

आ□नो जीवन सफल हुने कारण विश्लेषण गर्ने क्रममा बाजेले श्रीमती र छोरालाई पूरापूर श्रेय दिए। श्रीमतीले बनाउने हड्डीको सुप र मुलाको अचारले सेकुवा व्यवसायमा नयाँ युगको थालनी गरेको उनी उल्लेख गर्छन्। भण्डारी छोरा चेतनले नै हातले चलाउने हम्केनोले मासु पोल्ने ट्रेन्डलाई छोडेर इलेक्ट्रोनिक फयान चलाएको बताउँछन्। 'पहिलो पटक हामीले नै इलेक्ट्रोनिक फयानले सेकुवा तयार गर्न थालेका हौं,' छोरा चेतन भन्छन्- 'ग्राहक धेरै भएपछि हातले बनाएर साध्य नहुने र बुबा पनि धेरै थाक्ने देखेर फयान सिस्टम सुरु गर्‍यौं, तर पछि सबैले यही पद्धति अपनाए।'

**छोराको जिम्मा**

विगत पाँच वर्षयता बाजेको जम्बुदीप सेकुवाको व्यवस्थापन छोरा चेतनले हेरिरहेका छन्। त्रिभुवन विश्वविद्यालयबाट एमबीए उत्तीर्ण गरेपछि दुई पटक इन्स्पेक्टरका लागि भिडेका छोरा चेतन दुवै पल्ट असफल भएपछि बाबुको बिंडो सम्हाल्ने निर्णयमा पुगेका थिए। ६ वर्षअघि चेतनले बाजेको सेकुवालाई विस्तार गर्ने क्रममा नयाँबजारमा पहिलो शाखा खोले। त्यहाँ ठाउँ सानो हुने भएकाले अर्को स्थानमा त्यो शाखालाई सार्ने क्रममा दुईवटै शाखा राम्रोसँग चलेपछि नयाँबजारमा उनका दुईवटा शाखा भए। व्यवसाय विस्तारकै क्रममा ६ महिनाअघि उनले गैरीधारामा पनि शाखा खोलेका छन्। काठमाडौंभित्र मात्र होइन, बाहिर पनि शाखा खोल्ने योजना बनाएका छोरा चेतन बुबाको मेहनतले आर्जित सम्पत्तिलाई व्यवसायमै लगानी गरेर सफल बन्ने ध्याउन्नमा छन्।

**सुखी छन् दिनानाथ**

'अहिले म साह्रै खुसी छु,' दिनानाथले भने- 'मसँग गाडी, घरलगायत सबै सुविधा छन्, मेहनत गरेको प्रतिफल पाएको छ, चाहेको कुरा पूरा गर्न पाएको छ, यति हुँदा पनि खुसी नहुने भन्ने कुरा छैन।' अहिले पनि टेबलमा बसेका ग्राहकहरूसँग गफिन पुग्ने बूढा दिनानाथ ग्राहकको सन्तुष्टिसँग आफ्नो सन्तुष्टि मापन गर्छन्। 'सबैभन्दा खुसी त छोराले व्यवसायलाई सही ढंगले हाँकिदिएकोमा छु' उनले भने- 'अब पोखरामा शाखा खोल्ने मन छ, त्यसपछि काठमाडौंबाहिरका ग्राहकलाई पनि क्रमशः सेवा दिने बाटो खुल्छ।'

### सफलताको सूत्र

- डेढ किलोबाट तीन किलो मासु बिक्री हुन थालेपछि ममा बलियो आत्मविश्वास विकास भयो। डेढ किलोबाट तीन किलोसम्मको यात्रामा जुन धरमर थियो, त्यसपछि त्यो रहेन, मैले बनाएको मासुको स्वाद चखाइसकेपछि मानिसहरू खोज्दै आउन थाले।
- अरूले हेय दृष्टिकोण राखे पनि कामप्रतिको इमान्दारितालाई निरन्तरता दिए। मेरो मनले यो पेसालाई सम्मान गरेकाले अरूले के सोच्छन् भनेर कहिल्यै दुविधामा नरहनु मेरो सफलताको कारण बन्यो।
- मैले सबै ग्राहकलाई समान दृष्टिकोणले हेरें। प्रत्येक ग्राहकलाई विशेष सम्झेर मीठो ख्वाउनुपर्छ भन्ने मान्यता राखेकैले सफलता पाएँ। अहिले पनि पाइलटदेखि ज्यालादारी मजदुरसम्म सबैलाई समान व्यवहार गर्छु।
- पकाउने र परिकार वितरण गर्ने काम अहिले पनि गरिरहेको छु। भान्सामा पसेपछि पाकक्रियामा व्यस्त भैहाल्ने बानीका कारण पनि ग्राहकलाई सन्तुष्टि दिएँ, त्यसकारण ग्राहकहरूले पनि मलाई माया गरे।
- व्यवसाय गरेर कमाएको सम्पत्ति व्यापारलाई नै अझ बृहत् स्वरूपमा लान थप लगानी गर्दै जानुपर्छ भन्ने मान्यता राखें। अहिले पनि व्यक्तिगत प्रयोजनमा पुग्ने खर्चबाहेक अन्य आम्दानी व्यवसायमै लगानी गरिरहेको छु, यात्रा अझै धेरै बाँकी छ।
- छोरालाई राम्रो शैक्षिक संस्थामा अध्यापन गराउनु पनि मेरो सफलता हो। छोरो योग्य भएकाले उसले मेरो व्यवसायलाई सफल बनाउन दह्रो साथ दियो।

## सन्देश



रीता, जन्मदिनका अवसरमा लाखौंलाख शुभकामना। सधैं खुसी रहनु, अझै सफलता चुम्नु। मनमा भएका इच्छा-आकांक्षाहरू पूरा हुन्।

**देवराज**

आँखाको तारा हाम्रो छोरा नेल, शुभजन्म दिनको छ शुभकामना।

**नेम/उर्मिला ताम्राकार**

ओइ ☐ तिमीलाई जन्मदिनको धेरै-धेरै शुभकामना। आउँदा दिन यसभन्दा अझ बढी खुसी रहनु अनि राम्रोसँग पढ्नु र आफ्नो काम कहिल्यै नछोड्नु।

**मुर्ख लुरे**

निष्ठुरी साथीहरू समन, सुवास, रेणुका, प्रदीप, सुभद्रा, कोपिला, उर्मिला, सरस्वती, रविना, गंगा, सञ्चु, तारा, तपाईंहरू कहाँ हुनुहुन्छ? एमएसआरमा सँगै तालिम गर्दा त पछि छुटेर गए पनि सम्पर्कमा भैरहनुपर्छ भन्नुहुन्थ्यो खै? न फोन न पत्र न पठाउनुहुन्छ। जसरी भए पनि कल गर्नुस् है।

**दुर्गा माझी**

सम्पूर्ण परिचित मित्रमा परीक्षामा सफलताको कामना।

**आशिष**

रेश्मा, गाउँमा छयौ कि काठमाडौंमा? कृपया जसरी भए पनि फोन गर, म तिमीबिना बाँच्न सक्दिनँ। तिमीले विश्वासघात गरे पनि गर म कहिल्यै गर्न सक्दिनँ। आज म तिम्रा लागि बाँचेको छु।

**प्रकाश**

आत्मीय पत्रमित्र तथा एफएम रेडियो अथवा टेलिभिजनमार्फत् परिचित भएर अस्ताएका वा हराएका मित्रहरू म तपाईंहरूको पत्र तथा फोनको प्रतीक्षामा छु जहाँ जस्तो र जुनसुकै ठाउँमा भए पनि पत्र पठाउनु वा फोन गर्नुहोला।

**दिनेश**

असीम, हाम्रो सम्बन्धलाई हलुका रूपमा नलेऊ। म तिम्रो मायामा पागल भैसकेको छु त्यसैले परीक्षा सकेर जसरी पनि काठमाडौं आऊ। म तिमीलाई पर्खिरहेको छु।

**जीवन**

रोजी, पाँचौं राष्ट्रिय खेलकुदका क्रममा आँखा जुध्यो। तिमी दोस्रो दिन, तेस्रो दिन पनि देखियौ, समापनका बेला मलाई हेर्‍यौ। आँखा जुध्यो तर बेलचाल भएन। म तिमीलाई एकपटक भेट्न चाहन्छु।

**समीर**

प्रिय युगल जोडीहरू, पत्रमित्रताबाट सफल दाम्पत्य जीवनयात्रामा रहेकाहरूलाई संगठित गर्ने विषयमा पहल सुरु भएको छ, इच्छुकहरूले सम्पर्क गर्नुहोला।

banjaracp@yahoo.com

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........................................................

उमेर : .......................... उचाइ : ..........................

पेसा : .......................... शिक्षा : ..........................

स्वभाव :.......................... वैवाहिक स्थिति : ..........................

अभिरुचि : ..........................वर्ण : ..........................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

# के दिऊँ जवाफ?

जीवनमा धेरै नातासम्बन्ध हुन्छन्। त्यसमध्ये कतिपय नातासम्बन्ध भुल्न नसकिने रहेछ। बिर्सन्छु भन्दा अझ सम्झना आउँदो रहेछ। तीमध्ये कतिपयले मुटुमा निको नहुने चोट दिएर जाँदा रहेछन्, आफू हाँसेर अरूलाई केवल आँसु मात्र दिँदा रहेछन्। के रुवाएर जानु पनि साँचो माया हो र? छाडेर जानु नै थियो भने मसँग प्रेम गर्न किन आउनुभयो? जीवनभरि साथ दिन्छु, सँगै मर्छु, सँगै बाँच्छु भनेर कसम किन खानुभयो? तपाईंका लागि मेरो साँचो माया खेल भयो होइन? हुन त तपाईंलाई बानी परिसकेको होला तर मैले आ☐नो जीवनको पहिलो प्रेममा धोका र विश्वासघात पाएकी छु। तपाईंले ती रमाइला पलहरू भुल्नुभयो होला, तर मैले त्यो पहिलो भेट, ती रमाइला क्षण भुलेकी छैन, सायद जीवनभरि भुल्दिनँ होला। मैले तपाईंलाई कति विश्वास गरेकी थिएँ? यस्तो लाग्थ्यो तपाईं अरूजस्तो केटा होइन, जसले कुनै केटीलाई धोका दिएर जान्छन् तर मेरो विश्वास गलत रहेछ। तपाईं पनि अरू केटाहरूजस्तै हुनुहुँदो रहेछ, जसले आफ्नी प्रेमिकाको मायालाई बुझ्न सक्दैनन्। म आफ्नै संसारमा खुसी थिएँ। किन मायाको प्रस्ताव राखेर झूटो प्रेममा फसाउनुभयो? म तपाईंका लागि कति रोएँ भन्ने कुरा तपाईंलाई के थाहा?

विश्वास र तपाईंको झूटो प्रेममा परेर आज म घरपरिवारलाई केही जवाफ दिन नसक्ने भएकी छु। किन थाहा छ? कुनै दिन तपाईंको मायामा विश्वास गरेर मैले सबै कुरा घरपरिवारलाई भनेकी थिएँ। घरमा मेरो विवाहको कुरा चलेको थियो। त्यतिखेर मैले सबै कुरा भनिदिएँ। दाइले मलाई भन्नुभएको थियो- नानी, आजकालका केटाको विश्वास हुँदैन। त्यसैले हामीले भनेको केटासँग विवाह गर, राम्रो हुन्छ। दाइले यस्तो भन्दा मैले– होइन दाइ, ऊ त्यस्तो छैन, उसले मलाई धेरै माया गर्छ। म पनि उसलाई माया गर्छु। म ऊबिना बाँच्न सक्दिनँ। उसलाई धोका दिएर अर्को विवाह गर्न सक्दिनँ भनेर धेरै रोएँ। यसरी म रोएको देखेर मेरो बुबा र दाइले ऊसँग भेटेर कुरा गर्छौं, भेट्न बोला



भन्नुभयो। मैले केटा मन पराएको कुरा प्रायः सबै आफन्तलाई थाहा भैसकेको थियो। मलाई बुबा र दाइले भन्नुभएको कुरा तपाईंलाई सबै भनें तर तपाईंले मेरो कुरामा कुनै मतलब राख्नुभएन। कति सजिलैसँग भन्नुभयो- म दुई-तीन वर्ष विवाह गर्दिनँ। तिमी मलाई पर्खिन सक्छौ भने पर्ख, होइन भने अन्तै विवाह गरे पनि हुन्छ। मैले किन? भनेर सोधेँ, तपाईंले भन्नुभयो- म विदेश गएर आउँछु अनि मात्र विवाह गरौंला। मलाई तपाईंको कुरा ठीकै लाग्यो अनि मैले तीन वर्ष कुर्ने विचार गरेँ र भनेँ- हुन्छ, म तीन वर्ष कुर्छु। तर तपाईंले भन्नुभयो- विदेश गएपछि त म छ-सात वर्ष नबसी नेपाल आउँदिनँ, के तिमी सात वर्षसम्म मलाई कुरेर बस्न सक्छौ? यस्तो कुरा सुनेर अचम्म लाग्यो मलाई। तपाईं किन यस्तो कुरा गर्दै हुनुहुन्थ्यो मलाई थाहा थिएन।

आजसम्म पनि मलाई थाहा छैन, तपाईं किन मबाट टाढा हुनुभयो। म एकछिन रिसाउँदा त कति पीर लिएर बस्ने मानिस आज मबाट पराई भैसकेछ। म एउटी केटी मान्छे, कसरी सात वर्षसम्म पर्खेर बस्छु? मलाई सात वर्ष कुर भनेको मबाट तिमी टाढा जाऊ भनेको हो। त्यही भएर मैले तीन वर्ष भए कुरेर बस्छु सात वर्षचाहिँ सक्दिनँ भनिदिएँ। त्यसो भन्दा तपाईंले मलाई अबदेखि तिमी र म साथी मात्र भन्नुभयो। तपाईंको कुरा सुनेर म छक्क परेँ। म केही बोल्न सकिनँ। म धेरै पीर लिएर बस्न थालेँ। मलाई तपाईंको विचारमा आएको परिवर्तन देखेर अनौठो लाग्छ। घरमा भने मेरो दाइ र बुबा कहिले तपाईंसँग भेटाउने भन्नुहुन्छ। भाउजू, दिदी पनि हामीलाई चाहिँ कहिले भेटाउने, हामीलाई पनि छिटो भेटाउनुपर्छ भन्छन्। यस्तो समयमा आएर आज तपाईं तिमी र म साथी मात्र भन्नुहुन्छ। साथी नै बन्नु थियो भने पहिलेदेखि नै साथीको नाता मात्र किन गाँस्न सक्नुभएन? मायाको नाटक किन रच्नुभयो? मन थिएन भने किन झूटो प्रेमको अभिनय गर्नुभयो? के तपाईंलाई मैले झूटो माया गरेजस्तो लाग्थ्यो कि मेरो मायामा केही कमी थियो?

**म....**

## साथी



मिलनसार स्वभावका पवन श्रेष्ठ गीत-संगीत सुन्ने अभिरुचि राख्छन्। २५ वर्षका श्रेष्ठ ५ फिट १० इन्च अग्ला छन्। प्राइभेट कम्पनीमा कार्यरत पवन गहुँगोरो वर्णका छन्। प्लस टुसम्मको अध्ययन पूरा गरेका श्रेष्ठले विवाह गरेका छैनन्। मनको कुरा बुझिदिने साथीको खोजीमा रहेका पवनलाई साथी बनाउन चाहनेहरूले welcome_4u@yahoo.com मा इमेल गर्न सक्नुहुनेछ।



कृष्णजी कुँवर २० वर्षका भए। ५ फिट ३ इन्च अग्ला कृष्ण प्लस टु अध्ययनरत छन्। नयाँ ठाउँ घुम्न चाहने कृष्ण हँसिलो तथा मिलनसार स्वभावका छन्। गहुँगोरो वर्णका कुँवर मिलनको सम्बन्धलाई नजिक र बिछोडको सम्बन्धलाई टाढा राख्ने, सबैलाई माया गर्ने तथा निःस्वार्थी साथीको खोजीमा छन्। कृष्णजी कुँवरलाई मित्रता गाँस्न चाहनेहरूले महेन्द्रज्योति गणेशस्थान, बाँसडोलमा पत्राचार गर्न सकिन्छ।

# पर्यटक कुर्दैछ आकर्षक शैलुङ पर्वत

नेपालका अनगिन्ती पर्यटकीय आकर्षणहरूमध्ये एक शैलुङ राजधानी काठमाडौंबाट झन्डै १ सय ४० किलोमिटरको दूरीमा दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाको संगम स्थलमा छ। हरिया डाँडा, वनजंगल, प्राचीन बौद्ध गुम्बा, तामाङ र शेर्पाहरूको बस्तीका साथै उच्च हिमाली संस्कृति, यहाँको आकर्षण हो। रमणीय दृश्यहरूका लागि मात्र नभई विभिन्न जंगली जडिबुटी, वन्यजन्तु, चराचुरुङ्गी, दुर्लभ वनस्पति, चौरीको दूधबाट बन्ने परिकार तथा आलु खेतीका लागि पनि यो क्षेत्र त्यति नै चर्चित छ।

सिन्धुपाल्चोक जिल्लाको मुढेबाट करिब ४० किलोमिटर पूर्व र दक्षिणतर्फको कुनामा रहेको शैलुङ पर्वतमा एक सयभन्दा बढी पहाडका साना-ठूला थुम्काहरू रहेका कारण स्थानीय तामाङ भाषामा यो पर्वतलाई शैलुङ भनिएको स्थानीय बासिन्दाहरू बताउँछन्। जाडो याममा शैलुङका चुचुराहरू हिउँले सरोवर हुने भए पनि अरू याममा सदाबहार शीतल हावापानी यहाँको विशेषता हो।


समुद्री सतहबाट लगभग ३ हजार ५ सय मिटर उचाइमा रहेको शैलुङ डाँडाबाट मनोरम हिमाली चुचुराहरूको दृश्यावलोकन गर्न सकिन्छ। पश्चिमतर्फको गणेश हिमश्रृंखलादेखि दोलखाको प्रसिद्ध गौरीशंकर हिमालका साथै पूर्वमा सगरमाथाबाहेक सोलुखुम्बु जिल्लाका केही हिमाली चुचुराहरू नागबेली आकारमा दृश्यावलोकन गर्न सकिन्छ। मौसम सफा भएको बेला दक्षिणमा महाभारत पर्वत श्रृंखला, उत्तरमा रामेछाप र दोलखा तथा पश्चिममा सिन्धुपाल्चोकका केही भूभागको पनि मनमोहक दृश्य देख्न सकिन्छ। स्थानीय बासिन्दा दावाछिरि शेर्पाका अनुसार मौसम जतिसुकै सफा भए पनि सगरमाथा भने देख्न सकिँदैन।

यो डाँडा हेर्दा सुन्दर मात्र छैन। अपार प्राकृतिक सम्पदाले भरिपूर्ण छ। जैविक विविधता र सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण यो डाँडावरिपरिका वनजंगलमा विभिन्न प्रजातिका दुर्लभ वनस्पति तथा जीवजन्तुहरू पाइन्छन्। वरिपरिका डाँडापाखाहरूमा पाँचऔंले, चिराइतो, मजिठोजस्ता बहुमूल्य जडिबुटी पनि पाइन्छन्। त्यस्तै लोक्ता र विभिन्न प्रजातिका गुराँसहरू पनि यस क्षेत्रका आकर्षण हुन्। यसका अतिरिक्त शैलुङ वरिपरि रहेका विभिन्न प्राचीन गुफा, बौद्ध गुम्बा र मठ-मन्दिरहरूले गर्दा यस क्षेत्रमा धार्मिक पर्यटन विकासको सम्भावना पनि उत्तिकै छ।

१२ वर्षमै एकपटक खुल्ने र मेला लाग्ने गदौरी गुफा, गोदावरी फुल्ने स्थान, धर्मद्वार, सय थुम्का, शैलुङ महादेव मन्दिर, पुराना शैलीका बौद्ध गुम्बा, डाँडावरिपरिका पहरा र पहरामा कुँदिएका विभिन्न आकृति, देवीदेवताको मूर्ति र मन्दिर यहाँका प्राचीन पर्यटकीय सांस्कृतिक-समाजिक धरोहरहरू हुन्। त्यसैगरी औतारी लामाको पाइला, गणेश ढोका, बाघ ढुङ्गा, राजवीर गुम्बा, लामाहरूको माने यस क्षेत्रका थप आकर्षण हुन्। शैलुङ महादेव मन्दिरका पुजारी वासुदेव शर्माका अनुसार शैलुङेश्वर महादेव मन्दिरमा प्रत्येक वर्ष भदौको जनैपूर्णिमा र शिवरात्रिमा ठूलो मेला लाग्छ। यसका अतिरिक्त स्थानीय तामाङ र शेर्पाहरूको वार्षिक चाडपर्वमा पनि मेला र जात्रा लाग्छ। शैलुङ पुग्न मुढेबाट दोरम्बातर्फ लाग्ने बस चढ्नुपर्छ। शैलुङ पुग्न केही घन्टाको पैदल यात्रासमेत तय गर्नुपर्ने हुन्छ।

**-भोला महतो**

## बाटो पत्ता लगाउनुहोस्



# पत्याउनु हुन्छ ?



चीनकी भ्री क्विपिङको केश विश्वमै सर्वाधिक लामो केश मानिन्छ। १३ वर्षको उमेरदेखि केश पाल्न थालेकी भ्रिको केश सन् २००४ मा नाप्दा साँढे १८ फिट लामो थियो।



बेलायतका स्टेफन टेलर विश्वको सर्वाधिक लामो जिब्रो भएका मानिस हुन्। सन् २००९ मा उनको जिब्रो ३ दशमलव ८६ इन्च लामो थियो।



भारतमा सन् २००५ मा जन्मिएका प्रनम्य मेनारियाको हात र खुट्टामा २५ वटा औंला थिए। उनको हातमा १२ तथा खुट्टामा १३ वटा औंला थिए।



एन्थोनी भिक्टोरको कानको रौं ७ दशमलव १२ इन्च लामो पाइएको थियो।

## भन्न सक्नुहुन्छ ?

दुई युवती कुरा गर्दै थिए। त्यही बेला अर्की युवती आएर सोधिन्– तिमीहरूबीचको साइनो के हो ? दुईमध्ये एक युवतीले भनिन्– उनी मेरो मामाकी आमाकी छोरीको श्रीमान्की छोरीकी पनि छोरी हुन्। तपाईं आफैं पत्ता लगाउनुहोस्, हाम्रो साइनो के होला ?

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?





## साप्ताहिक कोठेपद- ५

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ■ | १ | | | | | | | | ■ |
| २ | ■ | ३ | | | | | | ■ | ४ |
| | ५ | ■ | ६ | | | | ■ | ७ | |
| ८ | | | | ९ | | | १० | | |
| | | ■ | | | ११ | | | | |
| | १२ | | | | | १३ | | | |
| | | ■ | | | | | | | |
| | | ■ | | १४ | १५ | | ■ | | |
| | ■ | १६ | | | | | | ■ | |
| ■ | १७ | | | | १८ | | | | ■ |


**दायाँ**

१. वीरनरसिंह कुँवर (८)
३. नेपालीहरूका आराध्य देवता (६)
६. नाम नभएकी नारी (४)
८. परिणाम, फल (३)
९. ललितपुरमा मनाइने दीपजात्रा (३)
१०. महिला, नारी (३)
११. चाटेर खाइने पदार्थ (४)
१२. एक राशि (३)
१६. म्युनिसिपलिटी (६)
१७. गणेश (४)
१८. एक प्रकारको पेय पदार्थ (४)


**तल**

२. कृष्णमन्दिरका निर्माता (८)
४. राष्ट्रनिर्माता (८)
५. युवक कवि (६)
६. सिको गर्न लायक (६)
७. प्राचीन कालको छाप नलागेको मुद्रा (६)
९. हेटौंडा सदरमुकाम हो (६)
१०. महोत्तरीको सदरमुकाम (४)
११. अष्ट चिरञ्जीविमध्ये एक (४)
१३. बुद्धकालीन प्रसिद्ध नगरबधू (४)
१४. पूरा गर्ने (३)
१५. कडा मिजासको, रिसाहा (३)

## कतिवटा अण्डकार छन् ?



तल दिइएको चित्रमा लुकेका जनावरहरू पत्ता लगाउनुहोस्





# कस्तो रोज्ने ?

यदि जीवनसाथी रोज्न चाहनुहुन्छ र त्यसलाई जीवन्त बनाउन चाहनुहुन्छ भने निम्न कुरामा ध्यान पुऱ्याउनुहोस्–

**यदि महिला साथी चाहनुहुन्छ भने :**

१. शारीरिक सौन्दर्यलाई भन्दा पनि बौद्धिक एवं मानसिक पक्षमा ध्यान पुऱ्याउनुपर्छ, किनभने उमेरसँगै बूढी नभएको को छ र ?

२. सैद्धान्तिक कुरा एउटा हो तर व्यावहारिक पक्ष अर्कै हो । आफ्नो व्यवहारलाई राम्रो बनाउने तथा पढेको कुरा व्यवहारमा उतार्न सक्ने युवतीलाई रोज्नुपर्छ, किनभने गफले बौद्धिक स्तरको मूल्यांकन गर्न मिल्दैन ।

३. आफ्नो मनलाई पन्छाएर मस्तिष्कले सोच्नुपर्छ, के उनी आ□नै लागि बनेकी हुन् ?

४. उनका बारेमा पर्याप्त जानकारी हासिल गर्नुपर्छ। उनका साथीहरूबाट धेरै कुरा थाहा पाउन सकिन्छ। केही महत्वपूर्ण कुराको जानकारी उनी पढ्ने कलेज अथवा कार्य गर्ने कार्यालयका कर्मचारीहरूले पनि दिनेछन्।

५. उनका कमजोरीहरू, उनमा भएका अवगुणहरू खोज्नुपर्छ र ती कुरासँग सम्झौता गर्न सकिन्छ कि सकिँदैन, राम्रोसँग विचार गर्नुपर्छ।

६. यसमा ढिलाइ भने गर्नु हुँदैन । आफूले प्रस्ताव गर्दा 'मलाई माफ गर म त.......... लाई मन पराउछु' भन्ने उत्तर आउन सक्छ ।

**डा. बालकृष्ण साह**

रोजिना श्रेष्ठ २५ पुगेर २६ वर्षमा लागिन् । उनलाई एउटा सहयात्रीको खाँचो छ। सहयात्रीको परिकल्पना गर्दा उनी भन्छिन्– 'डाक्टरलाई बढी ग्राह्यता दिन्छु ।' ललितपुरको ग्रामीण भेग (लुभु) का तथा भक्तपुरको ग्रामीण क्षेत्र ( दुवाकोट) का १५ देखि २० वर्षका युवतीहरूको विचारमा डाक्टर श्रीमान् पाउनु ठूलो भाग्य हो । उनीहरूले डाक्टर श्रीमान् पाउने चाहना त राख्छन्, तर पाउने कुरामा विश्वास गर्दैनन् । राजधानीको पब्लिक युथ क्याम्पस तथा कन्या क्याम्पसका छात्राहरूले चाहिँ फरक मत व्यक्त गरें । उनीहरूले डाक्टरलाई भन्दा पनि बिजनेस म्यान, अमेरिकी ग्रीन कार्ड होल्डर वा हङकङ आई.डी. भएकाहरूलाई बढी ग्राह्यता दिएको पाइयो । डाक्टरसँग इज्जत र पैसा हुने तर समय नहुने उनीहरूको तर्क थियो ।

काठमाडौंमा एउटा कोचिङ तथा प्रवेशिका परीक्षाको तयारी कक्षा सञ्चालन गरिरहेका एक व्यक्तिले आफू मेडिकल प्रोफेसनका व्यक्तिलाई श्रीमतीका रूपमा स्वीकार नगर्ने बताए । उनको विचारमा नर्स होस् वा डाक्टर, मेडिकल प्रोफेसनका महिलाहरू धेरै व्यस्त हुन्छन् र उनीहरूले घर-परिवारलाई पर्याप्त समय दिन सक्दैनन् । व्यवस्थापन संकायमा स्नातक गरिरहेका एक विद्यार्थीले ठट्यौली शैलीमा भने डाक्टरसँग विवाह गरे जतिखेर पनि 'यो खानु हुन्न, यसो गर्नु हुन्न भन्छन्, रोगसम्बन्धी परामर्शमै जीवन बिताउनु छ र ?' उता विभिन्न स्कूल तथा +२ मा अध्यापन गराउने राजधानीबाहिरका शिक्षक राममणि भण्डारी भन्छन्– 'डाक्टर पढ्न नसके पनि डाक्टर श्रीमती पाउने रहर थियो, तर के गर्ने ? भाग्य नै रहेनछ । डाक्टर समाजका प्रतिष्ठित अङ्ग हुन्, उनको तर्क थियो । आजभोलि विदेशमा काम गर्ने वा ग्रीनकार्ड भएकाहरूले स्टाफनर्स नै रोज्ने प्रचलन बढ्दो छ ।

जीवनसाथी रोज्ने तरिका र आधार फरक-फरक भए पनि आ□नो जीवनसाथि नैतिकवान्, चरित्रवान्, प्रतिष्ठित अनि पैसावाल होस् भन्ने चाहना सबैको हुन्छ । यी गुणहरू प्रायः नेपालका डाक्टरमा हुने भएकाले धेरै महिला तथा पुरुषले डाक्टर नै रोज्छन् ।

अचम्मको कुरा के छ भने डाक्टरी पढ्ने युवाहरूमध्ये पनि करिब ३५ दशमलव ५ प्रतिशत युवाले मात्र भविष्यमा आफ्नी श्रीमती डाक्टर होस् भन्ने चाहना राख्छन्, यद्यपि ९९ दशमलव ५ प्रतिशत युवतीले श्रीमान्का रूपमा डाक्टरलाई पाउने चाहना राखें, तर पाउने कुरामा विश्वस्त हुन नसकेको अध्ययनले देखाएको छ । डाक्टर पढ्ने विद्यार्थीहरू कतिले प्रेमप्रति रुचि राख्छन् वा प्रेम बन्धनमा बाँधिन्छन् भन्ने विषयमा www.drugnepal.com ले गरेको सर्वेक्षणअनुसार ९३ दशमलव ५ प्रतिशत भन्दा बढी एम.बी.बी.एस.का विद्यार्थी क्याम्पसमा भर्ना भएको केही महिनामै प्रेम बन्धनमा बाँधिएको पाइयो । यद्यपि त्यसमध्ये ७६ दशमलव ५ प्रतिशत जोडीको प्रेम क्याम्पसको अध्ययन (करिब पाँच वर्ष) नसकिँदै असफल भए । यी विद्यार्थीहरू जो सुरुमै प्रेम बन्धनमा बाँधिएका थिए, तिनीहरूका धेरै प्रेमी वा प्रेमिका पनि भएको पाइयो ।

डाक्टरहरूको प्रेम सफल हुँदैन भन्न सकिँदैन । ड्रग नेपालको सर्वेक्षणकै आधारमा भन्नुपर्दा ३५ प्रतिशत डाक्टरको प्रेमले सफलता पाएको छ। उनीहरू परिवारबाट अलग्गै रहेर आफ्नो जीवनयात्रामा सफल भएका छन् । १० देखि १५ प्रतिशत डाक्टरले घर-परिवारको सोचमा परिवर्तन ल्याएर सामाजिक रीतिरिवाजअनुसार प्रेमलाई विवाहमा परिवर्तन गरेका छन्, तर पनि ५५ प्रतिशत डाक्टरको प्रेम असफल नै भएको देखिन्छ ।

उद्घोषण
6 Years Excellence
with the difference
Since 2060
RJ/VJ/MC/News Reader/Fm Technician
100%On-The-Job Training(Internship)
Training center with own fm station and digital practical studio
Last date:-Ashad-20-066
Job Opportunity For the Best 15 Trainess In Our Fm
Trainers: Kusum (Rajdhani), Naresh (Image), Siromani (cfm), Dayaram (Filmy FM), Mahima (IMAGE), Raj (STARFM), Sanjay (IMAGE), Rupesh(KTV), Paras (FILMY FM), Dinesh(Filmy fm), Binod (abhiyan), Smita(Filmy fm)
Axis Media Ent. (Pvt.) LTD.
Bagbazar,Opp.Miteri Hospital
Ph:-2331656
For details and Media job
www.axismedia.com.np



साप्ताहिक Classified Advertisement

[redacted]

NGO अफिसभित्रै Test/ SLC, +2 साधारण महिला/पुरुष ८५००-१४००० ४२५४७०१, ९८०३९००२१५ बसको सुविधा कालिमाटी

साधारण महिला/पुरुषहरुको आवश्यकता ९०००/- ९८०३४२१५२६, ६६३५४०१

महिला कर्मचारीहरु चाहियो घर मै बसी काम गर्न सकिने ७०००।- गौशाला ४४६६७००

NGO कार्यालयलाई Test/ SLC, +2 दिएका महिला/पुरुषहरु ७०००-१४००० पार्टटाइम फुलटाइम गर्न सकिने २२९०२२३, ९८०३४५९६०८

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९७४१०३५०११

[redacted]

स्त्री एवं पुरुषहरुको गुप्तरोग निसन्तान यौनदुर्वलता लिंगको साइज विकास मधुमेहरुको उपचार अन्तर्राष्ट्रिय अनुभवी Dr. Singh, Regd No. 2047 (Nepal) सम्पर्क ०१-२४१७७१७, ९५४९०२०९९७

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका

तथा सिधा मोवाइल

मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

नि:शुल्क ब्युटिसियन तालिम
नेपाल सरकारद्वारा मान्यता प्राप्त NGO को सहयोगमा दक्ष तथा अनुभवी ब्युटिसियनहरुद्वारा Basic, Advance, Diploma, Teacher traning तथा स्पेशल कोर्षहरुमा ग्यारेण्टिका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



S.L.C. दिएर बसेकालाई बिषेश ग्राह्यता सहित भर्ना खुल्यो ।
बालाजु चोक (LWBTC) 4350762
9841819235, 9841687846



# एकै ठाउँमा दुई प्रतियोगिता

भक्तपुर– नेपाली चलचित्रमा क्यारियर बनाउने योजनामा रहेका हसन रजा खान गत शनिबार भक्तपुरमा सम्पन्न एक प्रतियोगितामा मिस्टर राजधानी २००९ को उपाधि जित्न सफल भएका छन्। ६ फिट अग्ला खानले प्रतिस्पर्धामा सहभागि १२ जना पुरुष मोडललाई उछिन्दै उपाधिमा कब्जा जमाएका हुन्। आकर्षक शारीरिक बनावटका खानले शनिबारको प्रतियोगिताको निर्णायक चरणमा सोधिएको प्रश्नको जवाफमा नेपाललाई परिचय दिने महत्वपूर्ण विषयमा चर्चा गरेका थिए। सोही प्रतियोगितामा सानेपा, ललितपुरकी १९ वर्षीया मोडल चाँदनी लामिछानेले मिस राजधानी २००९ को उपाधि जितिन्। भर्खरै १२ कक्षाको परीक्षा दिएर बसेकी चाँदनी विगत दुई वर्षदेखि मोडलिङमा सक्रिय छिन्। ५ फिट ३ इन्च अग्ली चाँदनीले भविष्यमा सफल व्यवसायी बन्ने लक्ष्य लिएकी छिन्।

मिस्टर एन्ड मिस राजधानीसँगै सञ्चालित बालबालिकाहरूको प्रतिभा प्रदर्शन गर्ने प्रतियोगिता 'लिटिल क्विन एन्ड मास्टर किङ भक्तपुर' मा क्रमशः काजल दर्शनधारी तथा विप्लव लिम्बूले शीर्ष उपाधि जितेका छन्। बेस्ट ड्रेस चरणदेखि नै फुटबलरको जर्सीमा सजिएकी काजलले निर्णायक चरणमा आकर्षक जवाफ दिएर लिटिल क्विनको मुकुट पहिरिन्। नेपाली राष्ट्रिय झन्डालाई आफ्नो पहिरनमा अंकित गर्ने आठवर्षीय लिम्बुले पनि चित्तबुझ्दो जवाफ दिएर निर्णायक तथा दर्शकहरूलाई प्रभावित तुल्याएका थिए।

अजिमा पार्टी प्यालेसमा आयोजित करिब छ घण्टा लामो प्रतियोगितामा बालबालिका तथा वयस्क मोडलहरूको क्याटवाक सहितको प्रस्तुति हेर्न भेला भएका दर्शकहरू राति नौ बजेसम्म विजेताको नाम सुन्न व्यग्र देखिन्थे। दिउँसो दुई बजे प्रारम्भ भएको प्रतियोगिताको पहिलो चरणमा २४ जना बालिका तथा १२ जना बालकले आकर्षक शैलीमा आफ्नो परिचय दिए। इभिनिङ गाउनमा सजिएका बालिका तथा दौरा-सुरुवालमा ठाँटिएका बालकहरूले परिचयका क्रममै दर्शक तथा निर्णायकको मन जितेका थिए। दोस्रो चरणको बेस्ट ड्रेस राउन्डमा उनीहरूले आफ्ना रोजाइका पहिरन प्रदर्शन गरे, जसमा अधिकांशले नेवारी कला झल्कने पहिरन प्रदर्शन गरेका थिए। पहिरन प्रदर्शनपछि निर्णायकले बालकतर्फ टप फाइभ तथा बालिकातर्फ टप सेभेनको घोषणा गरियो। टप सेभेनमा छनौट भएका बालिकाहरूमध्येबाट टप फाइभ छनौट गरियो।

त्यसपछि प्रारम्भ भयो, मिस्टर एन्ड मिस राजधानीको ताजका लागि भिडन्त। १२ जना पुरुष तथा आठ जना महिला मोडलहरू सहभागी यो प्रतियोगिता पनि परिचय, बेस्ट ड्रेस, टप सेभेन हुँदै निर्णायक चरणसम्म प्रवेश गरेको थियो। अन्तिम चरणमा बालक, बालिका, मिस्टर राजधानी तथा मिस राजधानीको उपाधिका लागि छुट्टा-छुट्टै प्रतिस्पर्धा भयो।

प्रतियोगितामा मास्टर किङको उपाधि जित्ने लिम्बुले बेस्ट ड्रेसको उपाधि पनि आफ्नै पोल्टामा पारे। युनेश थापा तथा पिङ्की झाङ बालबालिकाका तर्फ फस्ट रनरअप भए भने निर्जना थापा तथा दिक्पाल कार्कीले राजधानीतर्फको फस्ट रनरअपको उपाधिमा चित्त बुझाए। प्रतियोगितामा सेकेन्ड रनरअपको उपाधि जित्ने बालिका झरना मानन्धरले भ्युअर्स च्वाइस एवार्ड पनि जितेकी थिइन्। बालबालिकातर्फ कुसुम मुस्याखु तथा आशुय तोयनाले ट्यालेन्ट, एलिशा बज्राचार्य तथा सगेन कायस्थले फोटोजेनिक, रोशन तोयना तथा श्रीशोभा शाहीले क्याटवा, मिलन दुख्वा तथा बिप्लव लिम्बूले ड्रेस, सुजाता लामाले हेयर, निशा घिसिङले स्माइल, इशा घिसिङले डिसिप्लिन, प्रेरणा श्रेष्ठले फ्रेन्डली, बितुका लवजु तथा आर्यन तुक्काले क्युट र सपना सेन्चिरीले मस्ट युनिक विधाको उपाधि जितेका थिए।

मिस्टर एन्ड मिस राजधानीतर्फ ज्याकी गौतम र जोस्ना पोखरेल सेकेन्ड रनरअप, रिगल मल्ल र रमिता देशमारु बेस्ट फिजिक्स तथा फिगर, महेश श्रेष्ठ र सोनिया राई फोटोजेनिक, निर्जला थापा र सरोज रम्तेल ट्यालेन्ट, कैलाश बस्नेत र सरस्वती महर्जन क्याटवाक तथा सरिता वर्मा र राजु तामाङ बेस्ट ड्रेस उपाधिको हकदार बने।

कार्यक्रममा गायक मिङ्मा शेर्पाले करिब एक घण्टा आफ्ना लोकप्रिय गीत गाएर मनोरञ्जन प्रदान गरे। भक्तपुरका स्थानिय कलाकारहरूको आकर्षक नृत्यसमेत समेटिएको प्रतियोगिताको कोरियोग्राफी सिद्धान्त घिमिरे ( बालबालिकातर्फ) तथा दिनेश शाही र महेश ढकाल (मिस्टर एन्ड मिस राजधानी) ले गरेका थिए।

एक्सन इन्टरनेसनल प्रा.लि. तथा प्रख्यात प्रोडक्सन प्रा.लि.को संयुक्त आयोजनामा गत वैशाख महिनामा सम्पन्न मिस मंगोल प्रतियोगिताका मुख्य तीन उपाधि विजेतालाई गत आइतबार एक कार्यक्रमका बीच पुरस्कृत गरिएको छ। प्रतियोगिताका बखत घोषणा गरिएअनुसार आयोजकले मिस मंगोल उपाधि विजेता सृष्टि राजकर्णिकार, फस्ट रनरअप आस्मा गुरुङ तथा सेकेन्ड रनरअप रमि लिम्बूलाई क्रमशः रु. ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार प्रदान गरेको छ। विजेताहरूलाई नगद पुरस्कारको चेक सञ्चारकर्मी एवं प्रतियोगिताका निर्णायकमध्येका एक भरत शाक्यले हस्तान्तरण गरेका थिए। उक्त अवसरमा कार्यक्रमको फाइनल प्रतिस्पर्धा समेटिएको भीसीडीको अनावरण पनि गरिएको थियो।

# मिस मंगोलका विजेतालाई नगद



सोही अवसरमा मिस मंगोल कार्यक्रमको सफलताबाट उत्साहित भएको आयोजनक संस्था एक्सन इन्टरटेन्मेन्टले आगामी साउन ३ गते मिस मंगोलियन किडको आयोजना गर्ने जानकारी गराएको छ। ९ देखि १३ वर्ष उमेर समूहका मंगोल समुदायका बालिकाहरूको सहभागितामा सञ्चालन गरिने प्रतियोगितालाई सांस्कृतिक एवं प्रतिभा प्रदर्शनको मञ्चका रूपमा प्रस्तुत गरिने आयोजक संस्थाले जनाएको छ। प्रतिस्पर्धाको तयारीको अभिभारा सञ्चारकर्मी एवं कोरियोग्राफर रोजिन शाक्यले पाएका छन्।



तस्बिर : विकास राई


# द मेघा डान्स सो

धरान– शनिबार धरानको सभाहल दर्शकको भीडले खचाखच थियो। फ्री सउलको आयोजनामा सञ्चालित द मेघा डान्स सोमा युनाइटेड मल्टी आर्ट्सका कलाकारहरूले राई, लिम्बू तथा धिमाल जातिका सांस्कृतिक नृत्य प्रस्तुत गरे। उक्त मेघा डान्स सोको बीच-बीचमा कमेडी नृत्य पनि प्रस्तुत गरिएको थियो भने पुराना नेपाली हिन्दी रिमिक्स गीतमा कलाकारहरूले दर्शकको वाहवाही पाएका थिए।

राष्ट्रिय गीतको नृत्यबाट सुरु भएको उक्त कार्यक्रममा गायिका हर्षु राईले आठ वर्षअघि जेठ १९ को राजदरबार हत्याकाण्डमा दिवंगत भएका राजारानीको सम्झनामा 'उकाली ओरालीहरूमा म माया बनी पछ्याइरहन्छु' गीत गाउँदा उपस्थित दर्शक भावुक बनेका थिए। उनले आफ्ना एल्बममा रहेका आधा दर्जन गीत गाएकी थिइन्। गायक मिलन राईको चुट्के गीतबाट पनि दर्शकले प्रशस्त मज्जा लिए। कार्यक्रममा युनाइटेड मल्टी आर्ट्सका कलाकारहरूले डेढ दर्जन आकर्षक नृत्य प्रस्तुत गरेका थिए।

**भीषण राई**

# को बन्ला भ्वाइस अफ टिन ?



बुटवल– १३ देखि १९ वर्ष उमेरका किशोर-किशोरीबीचको राष्ट्रिय स्तरको गायन प्रतिस्पर्धा भ्वाइस अफ टिनका लागि कलाकार छनौट सुरु भएको छ। नेपाल टेलिभिजनबाट प्रसारण हुने यो रियालिटी सोको पहिलो अडिसन दाङको त्रिभुवननगरमा जेठ २४ गते शुक्रबार प्रारम्भ भयो, जहाँ ५ सय १८ जनाले भाग लिएकोमा १७ जना किशोरी र १६ जना किशोर गरी ३३ जना प्रतियोगी आगामी चरणका लागि छनौट भए। बुटवल अडिसनमा अवध मधेस बन्दका कारण अपेक्षाकृत प्रतियोगीहरू आउन नसके पनि बुटवल, भैरहवा र आसपासका १ सय ५८ जना किशोरकिशोरी सहभागी भएका थिए, जसमध्ये १६ किशोर र ७ जना किशोरी गरी २३ जना छनौटमा पर्न सफल भए। आधुनिक, लोक, पप, भजन जुनसुकै विधाका नेपाली गीत गाउन सकिने यो प्रतियोगिताको हेटौंडामा ६ गते, बिर्तामोडमा १० गते, धरानमा १४ गते र विराटनगरमा १७ गते अडिसन सम्पन्न गरिसकेपछि सबै ठाउँबाट छनौट भएकाहरूबीच दोस्रो चरणको छनौट हुनेछ। गायक रामकृष्ण ढकाल, गायिका देविका बन्दना र संगीतकार राजु सिंह निर्णायक रहेको प्रतियोगिताबाट विभिन्न चरणमा गरी उत्कृष्ट २५ हुँदै उत्कृष्ट १० जना निर्णायकले छनौट गर्नेछन्। अन्तिम १० जनाबीच दर्शक मत (एसएमएस भोटिङ) र निर्णायकको मूल्याङ्कनका आधारमा भ्वाइस अफ टिनको घोषणा हुनेछ। 'एसएमएस भोटिङमा विकृति पनि देखिएकाले ५० प्रतिशत दर्शक मत र ५० प्रतिशत निर्णायकको मूल्याङ्कनलाई आधार बनाएर उपाधि घोषणा गर्ने निर्णयमा पुगेका छौं,' -निर्णायक रामकृष्ण ढकालले स्पष्ट पारे। भ्वाइस अफ टिनको उपाधि विजेताले १ लाख नगद, ५ लाख रुपैयाँ बराबरको म्युजिक कन्ट्र्याक्ट र एक वर्ष निःशुल्क संगीत सिक्न तथा चलचित्रमा गाउने अवसर पाउने आयोजक संस्थाका सौरभराज तुलाधरले साप्ताहिकलाई बताए। **– टोपराज शर्मा**



# खोजी भ्वाइस अफ टिनको

पोखरा- कहिले नेपाली तारा, कहिले लोकतारा त कहिले नृत्य तारा , यस्तै प्रतिभाको खोजी गर्ने कार्यक्रमहरू निकै हुन थालेका छन्। खासगरी यो प्रचलन अमेरिकन आइडलपछि इन्डियन आइडल हुँदै नेपालमा पनि देखिएको छ। यसै क्रममा देशव्यापी रूपमा प्रतिभाको खोजी गर्न भ्वाइस अफ टिन कार्यक्रमको दौड सुरु भएको छ। सुपर एवन मिडियाको यो कार्यक्रम बुटवल, दाङपछि पर्यटकीय नगरी पोखरामा पनि आइपुग्यो। टिनएजरहरूलाई मात्र केन्द्रित यस्तो कार्यक्रम पहिलो हो, सुपर एवन मिडियाका अध्यक्ष विजेश पौडेलले साप्ताहिकसँग भने। रामकृष्णटोलस्थित स्काउट भवनमा सम्पन्न पोखराको अडिसन राउन्डमा टिनएजरहरूको उत्साहजनक उपस्थिति थियो। १३ देखि १९ वर्ष उमेर समूहकाले मात्र प्रतिस्पर्धा गर्न पाइने यो प्रतियोगितामा पोखराबाट अडिसन राउन्डमा २८ जना छनौटमा परेका छन्। ३ सयभन्दा बढीले आफ्नो प्रतिभा देखाएको कार्यक्रममा धेरैले अडिसन राउन्डमा अफ्नो गायन प्रतिभा देखाउन पाएकोमा सन्तोष व्यक्त गरे। **– शिव शर्मा**

# रामकृष्ण-देविका साँझ

बुटवल– कलाकार रामकृष्ण ढकाल तथा देविका बन्दनाले बुधबार र बिहीबार बुटवलका संगीतपारखीहरूलाई झुमाए। भ्वाइस अफ टिनको अडिसनका लागि बुटवल आइपुगेका यी गायक-गायिका सिटी भ्यू रेस्टुराँमा आयोजित गीत-गजल साँझमा प्रस्तुत भए। साँझ ८ बजे सुरु भएको साँझमा उनीहरूले सहभागीहरूको रोजाइमा आफ्ना नयाँ-पुराना एल्बमका दुई दर्जनभन्दा बढी गीत गाएर श्रोतालाई पर्याप्त मनोरञ्जन प्रदान गरे। प्रतिष्ठित उद्यमी, व्यवसायी, बैंकर्सहरू आदि सपरिवार सहभागीहरू ह्वीस्की र बियरको चुस्की लिँदै संगीतको नशामा कलाकारहरूसँगै रमाए। सबैको साथ पाएपछि गायक ढकालले उत्साहित हुँदै निर्धारित समयलाई लम्ब्याउँदै पुनः गीत सुनाएका थिए। देविका बन्दनाको प्रस्तुतिलाई पनि स्थानीय श्रोताले राम्रो साथ दिए। हार्मोनियम आफैंले बजाएका ढकाललाई बुटवलका संगीतकार सुरेश सेन्चुरी, वसन्त श्रेष्ठ तथा टीका थापाले अन्य वाद्यवादनमा सघाएका थिए। 'धेरै समयपछि यस्तो कार्यक्रममा सरिक हुने अवसर पाएँ,' -गायक ढकालको प्रतिक्रिया थियो।

– टोपराज शर्मा

# साहसिक यात्रामा तीन सेलिब्रेटी



काठमाडौं– नेपाल साहसिक खेलका लागि प्रख्यात छ। स्काइडाइभ होस् वा माउटेन बाइक, बन्जी जम्प होस्, चाहे प्याराग्लाइडिङ। यी खेलमा खेलकौशलले मात्र पुग्दैन, साहस पनि उत्तिकै चाहिन्छ। अब यस्तै साहसिक कार्यमा नयाँ अनुभव सँगाल्दैछन् नेपालका तीन सेलिब्रेटी। उनीहरू १ सय ५० सीसी क्षमताको यामाहा मोटरसाइकल एफ जेट-१६ चढेर जोखिमपूर्ण बाटो छिचोल्दै सगरमाथा आधार शिविरसम्मको यात्रा तय गर्नेछन्। यो साहसिक यात्रामा सहभागी छन् तेक्वान्दोका दीपक विष्ट, पप गायक निमा रुम्बा तथा भिजे सुरजसिंह ठकुरी। यी सेलिब्रेटीका साथमा एफ जेट-१६ खरिदकर्तामध्येबाट तीन जनाले यो साहसिक यात्राको अनुभव सँगाल्न पाउनेछन्। उनीहरू गोलाप्रथाद्वारा छनौट हुनेछन्।

यसरी मोटरसाइकलबाट सगरमाथा वेस क्याम्पसम्मको यात्रा नेपालमै पहिलो पटक आयोजना गर्न लागिएको आयोजकको दावी छ। 'सडकबाट सगरमाथासम्म' शीर्षकको यो कार्यक्रमको आयोजना नेपालका लागि यामाहाको आधिकारिक विक्रेता मोरङ अटो वर्क्सले गर्न लागेको हो। कच्ची सडक, अधिक उचाइ, अक्सिजनको कमी र चिसोको सामना गर्दै सहभागीहरूले मोटरसाइकलाई १ हजार १ सय किलोमिटर यात्रा तय गर्दै सगरमाथा आधारशिविरसम्म हुइँक्याउनेछन्। हिजो साउन ३ गते यात्रा प्रारम्भ भएको छ। '५ हजार २ सय मिटर उचाइसम्म मोटरसाइकल यात्रा गर्नु निकै कठिन, जोखिम र चुनौतीपूर्ण हो,' आयोजक कम्पनीका सिनियर म्यानेजर अवाशिसप्रसाद झाले भने- 'तर सहभागीको साहस र मोटरसाइकलको क्षमताले यो यात्रालाई सफल बनाउनेछ।' तीन सेलिब्रेटी, तीन खरिदकर्तासहित करिब ११ जनाले मोटरसाइकल यात्रामा सहभागिता जनाउने यात्रा व्यावस्थापन गरिरहेको सेर्क्याड समिटका रवि थापाले बताए।

तु-आवश्यकता
America, France बाट शुरु भई नेपालमा पनि विस्तारित एक International Conpany को १४ औं शाखाको लागि कर्मचारी आवश्यकता
संख्याः 12 Gents / 12 Ladies
तलबः 9500+अन्य सुविधा
योग्यताः SLC ,PCL or above
बल्खु चोक नजिकै सानेपा चोक
9841881312
9849115602
सम्पर्क गर्न आउँदा सक्कली Document लिएर आउनुहोला

# म्युजिक भिडियोमा क्रिकेट



काठमाडौं– गायक प्रमोद खरेलको स्वर, शब्द तथा संगीतमा रेकर्ड भएको एउटा गीतको 'क्रिकेट म्युजिक भिडियो' अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी) सम्म पुग्ने भएको छ। गत मंगलबार आइसीसीको शतवार्षिकी समारोहमा प्रिमियर गरिएको उक्त भिडियोमा नेपाली क्रिकेटलाई चित्रण गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान) तथा नेपाल पर्यटन बोर्डले संयुक्त रूपमा निर्माण गरेको उक्त म्युजिक भिडियो क्रिकेट तथा खेल पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको हो। 'मेरो देश प्यारो नेपाल' गीतको उक्त म्युजिक भिडियोको निर्देशन सूर्य थपलियाले गरेका हुन्। तीन मिनेट लामो उक्त भिडियो निर्माण गर्न तीन महिना लागेको निर्देशक थपलियाले बताएका छन्। म्युजिक भिडियोमा गत वर्ष पाकिस्तान क्रिकेट एकेडेमीमाथि नेपालले पाएको ऐतिहासिक विजय, घरेलु मैदानमा एसीसी युथ-१७ एलाइट कपमा पाएको जित तथा महिला क्रिकेट अभ्यास समेटिएको छ। आगामी शुक्रबार असार १२ गते लण्डनमा हुने आइसीसी शतवार्षिकीका अवसरमा आयोजित विशेष कार्यक्रममा उक्त म्युजिक भिडियो प्रदर्शन गरिने क्यानले जनाएको छ।



# पत्रकार र कलाकार भिडन्त

**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार राजधानीको सानो गौचरण मैदानमा रातो जर्सी लगाएका कलाकार तथा नीलो जर्सी लगाएका पत्रकारहरू भिड्दै थिए। रमिते दर्शक पनि चिच्याउँदै थिए- 'ठोक, ठोक।' सुरुमा त पत्रकारहरू कलाकारहरूमाथि हावी भैरहेका थिए। झरना थापा, रेखा थापा, दीपकराज गिरी, दीपाश्री निरौला, रमित ढुंगाना, जीवन लुइँटेल, धीरेन शाक्य, युवराज लामा आदि कलाकार पत्रकारहरूको प्रहारबाट बच्नमै केन्द्रित थिए। उनीहरू प्रहार गर्न सकिरहेका थिएनन्। एक दर्शकले प्वाक्क भनिहाले- 'यिनीहरूले क्यामेराअघि मात्र हो, प्रहार गरेजस्तो गर्ने। वास्तविकतामा यिनीहरूसँग दम छैन।' नायक राजेश हमाल पनि भिड्ने शैलीमा देखा परे तर उनी दर्शक नै भैरहे। अनि जब जंगली मानिस इक्कु अर्थात् सुलेमान शंकर देखा परे, दर्शक चिच्याउन थाले- 'नानी तका तानी तानी तका नानी इक्कु...इक्कु' लुरे शरीरका सुलेमान पनि भिडन्त गर्न गएनन्। त्यतिबेलासम्म पत्रकारहरूले कलाकारहरूलाई दुई गोल हानिसकेका थिए।

सिनेस्टार पत्रिकाले आयोजना गरेको कलाकार तथा पत्रकारबीचको मैत्रीपूर्ण फुटबल खेलमा मध्यान्तरसम्म पत्रकार हावी भएपछि लोकगीतका म्युजिक भिडियो कलाकार शंकर बिसी जोस्सिँदै मैदानमा आए र एक गोल गरे अनि फेरि उनीहरूले अर्को गोल गरे। खेल समापनमा पुगिसकेको थियो। त्यसपछि घोषणा गरियो- 'कलाकार र पत्रकार, बराबर।'



# क्रिकेटरका जीवनसाथीहरू



अस्ट्रेलियन क्रिकेट टिमका कप्तान रिक्की पोन्टिङले आफ्नी प्रेमिका रियना जेनिफर क्यान्टोरसँग सन् २००२ मा विवाह गरे। कानुनकी छात्रा रियना अहिले रिक्कीले सञ्चालन गरेको परियोजनामा कार्यरत छिन्। १४ नम्बरमा विश्वास गर्ने पोन्टिङ दम्पतीबाट सन् २००८ को फेब्रुअरी महिनामा पहिलो सन्तानका रूपमा छोरी एम्मी चार्लोटीको जन्म भएको थियो। रिक्की आफ्नो खेलमा निखार आउनुमा श्रीमती रियनाको मुख्य भूमिका रहेको बताउँछन्।

अस्ट्रेलियन टिमकै अर्का खेलाडी ब्रेट्लीले सन् २००६ मा अस्ट्रेलियाको चलचित्र, टेलिभिजन तथा नाटक आदिमा नायिकाको भूमिका निर्वाह गर्ने एलिजावेथ केम्पसँग विवाह गरेका थिए। दुवै आकर्षक छविका भएका कारण त्यो समयमा उनीहरूको जोडी अस्ट्रेलियाभर लोकप्रिय थियो। विवाह-बन्धनमा बाँधिएको ६ महिनापछि नै एलिजावेथले छोरा जन्माएकी थिइन्, तर सन् २००८ मा एलिजावेथ अरू पुरुषसँग डेटिङ गएको बहाना बनाउँदै ब्रेट्लीले उनीबाट अलग हुने घोषणा गरे र सन् २००९ मा पारपाचुकेको कानुनी मान्यता पाए। एलिजावेथ भने ब्रेट्लीलाई यो विषयमा कसैले भ्रममा पारेको बताउँछिन्।

बिफ उपनामले परिचित दक्षिण अफ्रिकाका कप्तान ग्राएम स्मिथको प्रेम आफ्नै देशकी सुपरमोडल मिन्की भिसरसँग जोडिएको थियो। स्पोर्ट्स ईलुस्ट्रेटेडको दक्षिण अफ्रिकी संस्करणमा सन् २००२ तिर देखा परेकी मिन्किको निर्वस्त्र तस्बिर सन् २००६ मा सार्वजनिक भएपछि उनको चर्चा चुलिएको थियो। दक्षिण अफ्रिका सन् २००४ मा भारत आउने क्रममा स्मिथले मिन्कीलाई पनि साथै ल्याएका थिए। दक्षिण अफ्रिकाका लागि अर्को आदर्श जोडी हुने तरखरमा रहँदा मिन्कीले सन् २००७ मा अचानक आफ्नै देशको व्यापारीसँग विवाह गरिन्।



दक्षिण अफ्रिकाका अर्का खेलाडी ज्याक कालिसको नाम मिस दक्षिण अफ्रिका सिन्डी नीलसँग जोडिएको थियो। उनीहरूबीच केही समय प्रेम चलेको थियो र ज्याकले सिन्डीलाई केही अन्तर्राष्ट्रिय प्रतियोगितामा सँगै लगेका थिए। सिन्डी र ज्याकबीच विछोड भयो। ज्याकले सन् २००७ मा एक वेबसाइटमार्फत आफ्नो नयाँ प्रेम सिमोनी जार्डीमसँग भएको खुलासा गरे। स्टार मोडल सिमोनीलाई हालै दक्षिण अफ्रिकामा भएको आईपीएल क्रिकेटमा धेरै पटक देखिएको थियो। ज्याकले नयाँ जीवनसाथी रोजेपछि सिन्डीले हालै आफ्नै देशका व्यापारी क्लिभ रोबर्टसँग विवाह गरिन्।

पहिलो संस्करणको ट्वान्टी-२० क्रिकेटको कप्तानी गर्दै भारतलाई विजेता बनाएका महेन्द्रसिंह धोनीको प्रेम लक्षीसँग रहेको अनुमान सञ्चारमाध्यमहरूले गरेका छन्। यस विषयमा धोनी र लक्षीले कुनै प्रतिक्रिया सार्वजनिक गरेका छैनन्। उनीहरूलाई धेरै पटक एकै स्थानमा भेटिएको छ। तामिल चलचित्रकी नायिकासँग रहेको धोनीको यो सामीप्यतालाई अहिले बलिउडका कलाकारहरूको क्रिकेटरप्रतिको मोहकै रूपमा हेरिएको छ।





# सानुलाई हङकङमा चार उपाधि

नेपालको प्रतिष्ठित धर्मश्री शारीरिक सुगठन प्रतियोगिताको शीर्ष उपाधि लगातार दुई पटक हात पारेका सानु गुरुङले गत आइतबार आयोजित हङकङ बडी बिल्डिङ च्याम्पियनमा समेत चार उपाधि आ□नो पोल्टामा पारे। उनले ७० किलोग्राम तौलभन्दा माथिको नोभोइस र ८० किलोग्राम हेभीवेटमा तेस्रो स्थानसहित बेस्ट पोजिङको उपाधि जिते। गुरुङको यो पहिलो अन्तर्राष्ट्रिय सफलता हो। हङकङ नेपाल बडी विल्डिङ एसोसियशनको प्रतिनिधित्व गर्दै उनले यो हङकङवासीको मात्र नभै सम्पूर्ण खेलप्रेमी नेपालीको जित भएको बताए। हङकङको क्विन एलिजावेथ स्टेडियम वानचाईमागुरुङसँग निर्मल श्रेष्ठले गरेको कुराकानी :

**तपाईंले भनेजस्तै भयो नि ?**
हो, उत्कृष्ट तिनमध्ये एक जित्ने विश्वास बोकेर नेपालबाट आएको थिएँ। सोहीअनुरूप नै भयो। मेरो जितमा सारा हङकङवासी नेपाली र यहाँ रहेका बडीबिल्डर साथीहरूको समेत ठूलो योगदान छ। दाइ, नारायण गुरुङसमेत बेलायतबाट मलाई हौसला प्रदान गर्न आउनुभएको छ।

**प्रतियोगिताको अनुभव कस्तो रह्यो ?**
निःसन्देह नेपालमा भिडेका प्रतियोगिताहरूभन्दा कठिन थियो। सुविधासम्पन्न मुलुकका खेलाडी अलि फरक हुने नै भए, तर हामी पनि कमजोर छैनौं भन्ने देखायौं।

**तपाईंले प्राप्त गर्नुभएको उपाधिबाट सन्तुष्ट हुनुहुन्छ ?**
सफलताबाट खुसी नहुने कुरा भएन, तर पूर्ण सन्तुष्ट भने छैन, मेरो परफर्मेन्सका हिसाबले पहिलो नभए पनि दोस्रोसम्म हुनुपर्ने थियो। मैले प्रतिस्पर्धा गरेका दुईवटै समूहमा मलाई बेस्ट पोजिङको उपाधि दिए पनि तेस्रो बनाइयो। सामान्यतः बेस्ट पोजिङ प्रथम हुनेले नै पाउँछन्।

**धाँधली भयो भन्न खोज्नुभएको हो ?**
त्यसो त नभनौं, नौलो अनुहार म मात्र थिएँ। नम्बर दिन कन्जुस्याइँ पक्कै भएको हो।

**तपाईंको सपोर्टमा हुटिङ गर्ने त चिनियाँ दर्शक नै बढी थिए नि, होइन र ?**
विदेशमा उनीहरूबाटै सपोर्ट पाउनु गर्वको कुरा हुँ। तिनले केही देखेरै सपोर्ट गरेका हुन्। मबाट प्रभावित भएका एसियन बडी विल्डिङ फेड्रेसनका महासचिव दातुक पालचुवाले इरानमा हुने प्रतियोगिताका लागि सहयोग गर्ने बताएका छन्।

## मैदान बाहिर

# सुटुक्क विवाह



गत साता खेलकुदका दुई हस्तीले सुटुक्क विवाह गरेका छन्। पूर्व-विश्व हेभिवेट बक्सिङ च्याम्पियन माइक टाइसनले तेस्रो विवाह लकिया स्पाइसरसँग र लिभरपुल क्लबका फर्नान्डो टोरेसले बाल्यकालदेखिकी प्रेमिका ओलाला डोमिग्वेजसँग विवाह गरेका हुन्।

टाइसनले यसअघि नायिका रोविन गिबेनसँग विवाह गरेको एक वर्षपछि पारपाचुके गरेर डाक्टर मोनिका टर्नरसँग विवाह गरेका थिए। मोनिकासँग पाँच वर्ष सँगै रहेपछि टाइसनले लकियासँग तेस्रो विवाह गरेका हुन्। दुई साताअघि छोरीको एक दुर्घटनामा मृत्यु भएपछि टाइसनले लकियासँगको विवाहलाई केही समय रोकेका थिए। टाइसनको साधारण विवाह समारोहको प्रबन्ध एक विवाह समारोह आयोजकले मिलाएका थिए। आफ्नो बक्सिङ क्यारियरमा निकै विवादास्पद भएका टाइसनले सन् २००५ मा संन्यासको घोषणा गरेका थिए। त्यसपछि उनले आफूलाई हलिउडको चलचित्रमा प्रस्तुत गरेका थिए। पछिल्लो पटक टाइसनले अभिनय गरेको 'द ह्याङओभर' चलचित्र सार्वजनिक भएको छ जसमा उनले हास्यकलाकारको भूमिका निर्वाह गरेका छन्।




त्यसैगरी २४ वर्षीय फर्नान्डोले आफूले बाल्यकालदेखि चाहेकी ओलालासँग सुटुक्क विवाह गरेका छन्। म्याड्रिडको एक होटलमा फर्नान्डो र ओलालाको मात्र उपस्थितिमा विवाह भएको बेलायतको मिरर पत्रिकाले जनाएको छ।



# रोनाल्डोको चर्चा

पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई रियल म्याड्रिडले अनुबन्ध गरेपछि उनी अहिले विश्वकै सर्वाधिक मूल्य तिरेर स्थानान्तर हुने खेलाडी भएका छन्। म्यानचेस्टर युनाइटेडका स्ट्राइकर रोनाल्डोलाई रियल म्याड्रिडले ८ करोड स्टर्लिङ पाउन्ड तिरेर आफ्नो क्लबमा भित्र्याएको छ। केही समयअघि लसएन्जलस घुम्न जाँदा रोनाल्डो छुट्टी मनाउने मुडमा थिए। उनले तल अन्डरवेयर अनि शिरमा गुलाबी रंगको फूल भएको टोपी लगाएर हिंडेपछि स्थानीय मानिसहरू छक्क परे। 'आफूलाई सेक्सी देखाउन यस्तो पहिरनमा हिंडे पनि स्थानीय मानिसहरूले मलाई अर्कै ग्रहबाट आएको प्राणीको जस्तो व्यवहार गरे', रोनाल्डोले भने। पछि स्थानीय फेसन पुलिसले पोसाकमा आपत्ति जनाएर उनलाई जरिवनासमेत गर्‍यो। रोनाल्डोको क्लब स्थानान्तर हुने सम्झौतापछि आयोजित एक रात्रि पार्टीमा पोरिस हिल्टनसँग भएको भेटले उनीहरूको जीवनमा नयाँ मोड आउन लागेको स्थानीय सञ्चारमाध्यमहरूले लख काटेका छन्। एक होटल मालिकले दिएको रात्रिभोजमा रोनाल्डो र पोरिसबीच भेट भएको थियो। उक्त पार्टीमा एक-अर्कासँग सामान्य चिनजानपछि भोलिपल्ट पोरिसकी बहिनीले आयोजना गरेको पार्टीमा उनीहरूबीच पुनः भेट भएको थियो। बेसबल खेलाडी डौग रेनहोल्डसँग विछोड भएको केही घन्टापछि नै हिल्टनको रोनाल्डोसँग भेट भएको थियो। उक्त भोजमा सहभागी मित्रहरूलाई पोरिसले रोनाल्डो ह्यान्डसम भएको बताएकी थिइन् तर उनले अहिले नै रोनाल्डोसँग घनिष्ठ सम्बन्ध बढाउने विषयमा भने निर्णय गरिसकेकी छैनन्।







# बडी बिल्डिङमा महिला

गत आइतबार आयोजित हङकङ बडी बिल्डिङ च्याम्पियनसिपमा सहभागी महिला बडीबिल्डरहरू। तस्बिर : निर्मल श्रेष्ठ

# काठमाडौंले नै जित्यो टी-२०



**राजु घिसिङ**

काठमाडौं-नेपाली क्रिकेटमा क्षेत्र नं. ३ काठमाडौंले घरेलु क्रिकेटको सबै उपाधि जितेको छ। पहिलो राष्ट्रिय ट्वान्टी-२० क्रिकेटको उपाधि शुक्रबार जितेपछि काठमाडौं सबै किसिमको घरेलु क्रिकेटमा सफलता हात पार्ने पहिलो क्षेत्र बन्यो। उसले यसअघि ५० ओभरको जय ट्रफी र दुईपल्ट राष्ट्रिय प्रतियोगितामा कब्जा जमाइसकेको छ।

काठमाडौंले फाइनलमा क्षेत्र नम्बर ४ भैरहवामाथि ३ रनको रोमाञ्चक जित निकाल्यो। सबै ६ खेल जितेको काठमाडौंलाई कुनै पनि टिमले पराजित गर्न सकेनन्। लिग चरणमा शीर्ष स्थानमा रहेर काठमाडौंले फाइनल यात्रा गरेको थियो। अन्तिम खेलमा क्षेत्र नम्बर १ विराटनगरको चुनौती ३ विकेटले समाप्त पारेर भैरहवाले फाइनलमा स्थान पक्का पारेको थियो। लिगमा हारेको बदला उसले फाइनलमा काठमाडौंविरुद्ध लिन सकेन। क्षेत्र नम्बर ५ नेपालगन्जको प्रदर्शन बिर्सनलायक रह्यो। उसले पाँचैवटा खेल हार्‍यो।

नेपाली खेलाडीहरू कान्छो संस्करणको क्रिकेटको पूरा स्वाद दिन भने असफल रहे। उनीहरूले छक्का र चौकाको वर्षा गर्न सकेनन्, न त दनादन विकेट नै झारे। व्यवस्थापकीय लापरवाहीको परिणामस्वरूप कीर्तिपुरको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा ब्याटसम्यानलाई बल बाउन्ड्रीबाहिर गुडाउन निकै मुस्किल देखिन्थ्यो। कुनै पनि टिमको फिल्डिङ प्रभावशाली रहेन। क्याच मिस गरेको दृश्य प्रत्येक म्याचमा सामान्य बनेका थिए।

प्रत्येक इनिङमा ९७ दशमलव ५३ औसतमा मात्र रन निस्कियो। राउन्ड-रोबिनका आधारमा सञ्चालित प्रतियोगितामा कुल ३ हजार १ सय २१ रन बन्यो। उद्घाटन खेलमा काठमाडौंले बनाएको १५७/६ नै प्रतियोगितामा कुनै पनि टिमको सर्वाधिक स्कोर रह्यो। कुल १६ खेलका १० इनिङमा मात्र रनको योगफलले ३ अंक छोयो अर्थात् रनको संख्याले १ सय नाघ्यो। पूरा २० ओभर खेलेर पनि तीव्र गतिमा रन बनाएको देखिएन।

कुनै पनि ब्याटसम्यानले व्यक्तिगत रनसंख्या २ सय पुर्‍याउन सकेनन्। प्रतियोगितामा ४ अर्धशतक मात्र बने। बलरको प्रदर्शन पनि ब्याटसम्यानको भन्दा पृथक् रहेन। दस वा त्योभन्दा धेरै विकेटको सफलता शक्ति गौचन (१३) र राजु बस्नेत (११) ले मात्र हात पारे। सम्भव ३ सय २० मध्ये २ सय २९ विकेट मात्र बलरले लिए। सात इनिङमा मात्र कुनै पनि टिमका सबै विकेट झरेको थियो। स्टारहरूमा नयाँ अनुहार थपिएनन्।

अन्तर्राष्ट्रिय प्रचलनविपरीत सेतो ड्रेस, रङ्गीन बल, घाँसे मैदान र खाली दर्शकमा खेलाइएको पहिलो राष्ट्रिय ट्वान्टी-२० क्रिकेटमा १ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार वितरण गरियो।

विजेता काठमाडौंले ७५ हजार र उपविजेता भैरहवाले ४० हजार रुपैयाँ प्राप्त गरे। म्यान अफ दि सिरिज दीपेन्द्र चौधरीले १५, बेस्ट ब्याटसम्यान परेश लोहनी र बेस्ट बलर शक्ति गौचनले १०-१० हजार रुपैयाँ हात पारे। गत वर्ष विश्व क्रिकेट लिग डिभिजन-५ मा मोजाम्बिकविरुद्ध कीर्तिमान १० विकेट लिएका महबुब आलमलाई १ लाख रुपैयाँ प्रदान गरी सम्मान गरियो।

### तथ्याङ्कमा पहिलो राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता

| | |
|---|---|
| मिति : | १९-२९ जेठ, २०६६ |
| टिम : | ६ |
| खेल : | १६ |
| कुल रन : | ३,१२१ |
| औसत रन : | १९५ दशमलव ०६२५ |
| खसेको कुल विकेट : | २२९ |
| औसत विकेट : | १४ दशमलव ३१२५ |
| सर्वाधिक रन : | ६८९ (काठमाडौं) |
| सर्बाधिक स्कोर : | १५७-६ (काठमाडौं) |
| सबैभन्दा कम रन : | ४१८ (नेपालगञ्ज) |
| सबैभन्दा न्युन स्कोर : | ७५-१० (नेपालगञ्ज र वीरगञ्ज) |
| सर्बाधिक विकेट : | ५१ (काठमाडौं) |
| सबैभन्दा कम विकेट : | २४ (नेपालगन्ज) |
| कुल नगद पुरस्कार : | १ लाख ५० हजार रुपैयाँ |
| विजेता : | काठमाडौं |

### टिमको प्रदर्शन

| टिम | खेल | जित | हार | कुल रन/विकेट | विपक्षी |
|---|---|---|---|---|---|
| काठमाडौं | ६ | ६ | - | ६८९/३१ | ६२१-५१ |
| भैरहवा | ६ | ४ | २ | ५७९/४८ | ५४८/४० |
| विराटनगर | ५ | ३ | २ | ५१७/२९ | ४७९/३८ |
| बैतडी | ५ | २ | ३ | ४६३/३६ | ४८०/३५ |
| वीरगन्ज | ५ | १ | ४ | ४५५/४५ | ५२६/३२ |
| नेपालगन्ज | ५ | - | ५ | ४१८/४० | ४६९/२४ |

### व्यक्तिगत प्रदर्शन:

**अर्धशतक :** ४
(दीपेन्द्र चौधरी, परेश लोहनी, पुष्प थापा र वसन्त रेग्मी)
**सर्वोत्कृष्ट ब्याटसम्यान :**
परेश लोहनी, काठमाडौं (१९७ रन)
**सर्बाधिक स्कोर :**
दीपेन्द्र चौधरी, काठमाडौ (६७ रनं)
**सर्वोत्कृष्ठ बलर :**
शक्ति गौचन, भैरहवा (१३ विकेट)
**सर्वोत्कृष्ठ बलिङ :**
(४-१३ शक्ति गौचन, भैरहवा)
**सर्वोत्कृष्ट विकेटकिपर :**
विनोद भन्डारी, बैतडी
(८ क्याच र ६ स्टम्पिङ)
**म्यान अफ दि सिरिज :**
दीपेन्द्र चौधरी, काठमाडौं

## ५ प्रश्न

अलराउन्डर राजु बस्नेतले काठमाडौंलाई ट्वान्टी-२० क्रिकेटमा राष्ट्रिय विजेता बनाउन महत्त्वपूर्ण योगदान गरे। यही प्रतियोगिताबाट उनले अन्तर्राष्ट्रिय र क्षेत्रले प्रतिनिधित्व गर्ने राष्ट्रिय क्रिकेटबाट संन्यास लिए। राष्ट्रिय प्रतियोगितामा ५० विकेट लिने उनी पहिलो क्रिकेटर हुन्।



**अन्तर्राष्ट्रिय क्रिकेट ३७-३८ वर्षकाले पनि खेल्छन्। तपाईंले २९ वर्षको उमेरमै किन संन्यास लिनुभएको ?**

अन्तर्राष्ट्रिय र क्षेत्रगत क्रिकेटबाट संन्यास लिएको हुँ। क्लब क्रिकेट अझै पाँच-छ वर्ष खेल्ने धोको छ। बल र ब्याट देख्यो कि खेलिहालौंजस्तो लाग्छ। नेपालले खेल्ने सबै किसिमका क्रिकेट खेलिसकेकाले जुनियरलाई अवसर दिन चाँडै संन्यास लिएको हुँ।

**लामो समय खेलेर के पाउनुभयो ? के गुमाउनुभयो ?**

निरन्तर १६ वर्ष क्रिकेट खेले। म खेलाडीका रूपमा चिनिएँ। त्यो नै महत्त्वपूर्ण सफलता हो। सन् २००४-०६ का सबै अन्तर्राष्ट्रिय क्रिकेट र १९९७ को एसीसी यू-१९ कपको नेपाली टिममा थिएँ। त्यस क्रममा दुईपल्ट परीक्षा छाडेकाले बीबीएसपछिको अध्ययन पूरा गर्न पाइन। त्यसैमा दुःख लागेको छ।

**अब के गर्नुहुन्छ ?**

क्रिकेट मेरो मुटुमा बसेको छ। क्रिकेटबाट कहिल्यै टाढिन सक्दिन। प्रशिक्षकका रूपमा रहनेछु। त्यसका लागि एसीसीको लेभल १ र २ तथा क्रिकेट अस्ट्रेलियाबाट कोच एजुकेटर कोर्स लिइसके। गत चैतदेखि काठमाडौंको टिमलाई प्रशिक्षण दिइरहेको छु। गोल्डेनगेट कलेजमा स्पोर्ट्स को-अर्डिनेटरका रूपमा कार्यरत छु।

**लभ म्यारिज कि एरेन्ज ?**

एरेन्ज म्यारिज, इन्गेजमेन्टपछि विवाह गर्नुअघिसम्मको एक वर्ष अवधिमा लभ पर्‍यो। पारिवारिक कनेक्सन भएकाले उनलाई इनगेजमेन्टअघि नै देखेको थिएँ।

**फुर्सदमा के गर्नुहुन्छ ?**

खासै भन्ने हो भने फुर्सद नै हुदैन। फुर्सद भैहाल्यो भने कहिले श्रीमती र साथीहरूसँग प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ घुम्न जान्छु। भोटेकोसी किनारमा फिसिङ र नागार्जुन डाँडामा रमाइलो गर्न मन लाग्छ।

# दुलही श्रृंगार प्रतियोगिता



बुटवल– सौन्दर्य कला व्यवसायलाई अझ प्रतिस्पर्धी बनाउन सौन्दर्य कला व्यवसायी संघले बुधबार भैरहवामा ल्याक्मे ब्राइडल मेकअप कम्पिटिसन सम्पन्न गर्‍यो। प्रतियागितामा मध्यपश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल तथा पश्चिमाञ्चलका रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पाका गरी १ सय २५ जना ब्युटिसियनको सहभागिता थियो।

सहभागी ब्युटिसियनले आफ्नो कलाका माध्यमबाट एक-एक जनालाई दुलहीका रूपमा थरीथरीका श्रृंगार गरी निर्णायकका सामु पेस गरेका थिए। बुटवल र भैरहवाका अधिकांश ब्युटिसियनले स्थानीय मोडललाई विभिन्न जातिका दुलहीको पहिरनमा श्रृंगार गरेर प्रतिस्पर्धा गरेका थिए। उनीहरूले विशेष गरी नेवार, गुरुङ, मगर, बाहुन, थकाली, तामाङ महिलाको जातिगत पहिरनमा श्रृंगार गरेर प्रतिस्पर्धा गरेका थिए भने महेन्द्रनगरकी वसन्ती बोगटीले थारू युवती लक्ष्मी चौधरीलाई थारू वेशभूषामा श्रृंगार गरी ल्याएकी थिइन्।

भैरहवापछि ३१ गते पोखरामा, असार ३ गते पूर्वाञ्चलको विराटनगरमा आयोजना हुने ब्राइडल मेकअप कम्पिटिसनमा निर्णायकले अनुहारको मेकअपलाई महत्त्व दिएर उत्कृट छनौट गर्नेछन्। अडिसन राउन्डबाट सबै क्षेत्रका गरी जम्मा २० जना उत्कृष्ट ब्युटिसियनबीच काठमाडौंमा अन्तिम चरणको प्रतियोगिता हुनेछ। ब्युटिसियनमा रहेका क्षमता र प्रतिभालाई बाहिर ल्याउने र व्यवसायलाई प्रतिस्पर्धी बनाउन प्रतियोगिता आयोजना गरिएको संघकी केन्द्रीय अध्यक्ष कमला श्रेष्ठले बताइन्।

**– टोपराज शर्मा**

## पोखरामा पनि

पोखरा- लस्करै मोडलको हात समाउँदै ब्युटिसियनहरू र्‍याम्पमा निस्किए। थरी-थरीका पहिरनमा ब्युटिसियनहरू रगीचंगी देखिन्थे। उनीहरूको क्याटवाक पनि कुनै मोडलको भन्दा कम देखिँदैनथ्यो। गएको साता बाराही होटल परिसरमा पश्चिमाञ्चल क्षेत्रका ब्युटिसियनहरूको उत्साहजनक उपस्थिति देखिन्थ्यो। सौन्दर्य प्रसाधन सामग्रीहरूको उत्पादनमा अग्रणी ल्याक्मेद्वारा आयोजित ब्राइडल मेकअप प्रतिस्पर्धाको पोखरा छनौटमा गुरुङ, नेवार, राई, लिम्बू, थारु, भोटेलगायतका



जनजातिको पहिरनमा मोडलसँगै ब्युटिसियनहरूले आफ्नो कला प्रस्तुत गरेका थिए।

सौन्दर्य कला व्यवसायी संघ, पोखराको पहलमा भएको कार्यक्रममा करिब ३ सय ब्युटीसयनको सहभागिता रहेको संघकी अध्यक्ष लतिका बजिमयले बताइन्। ४६ जना मोडल तथा ब्युटिसियनहरूले श्रृंगार प्रतिस्पर्धामा सहभागिता जनाएका थिए।

श्रृंगार प्रतिस्पर्धाको रौनक एकातिर थियो भने अर्कातिर ब्युटसियनहरूको मनोरञ्जनात्मक नृत्यले पनि कार्यक्रमको आकर्षण बढाएको थियो। करिब पाँच घण्टा चलेको कार्यक्रमले वातावरणलाई तताउन कुनै कसर बाँकी राखेन। मेकअप आर्टिस्ट सन्तु तामाङलाई ब्युटिसियनहरूको आकर्षक मेकअप र प्रस्तुति देखेर निर्णायकको भूमिका निर्वाह गर्न हम्मे परेजस्तो देखिन्थ्यो। विराटनगर, भैरहवा, पोखरापछि काठमाडौंको छनौटपश्चात् २० जना सौन्दर्यकर्मी अन्तिम प्रतिस्पर्धाका लागि छानिनेछन्।

**–शिव शर्मा**

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9841556532

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
महिला तथा विद्यार्थीहरुकालाई ५०% छुट
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

प्राईभेट Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै बिधार्थीहरुलाई समेटने गरी खुल्यो
अन्तिम भर्ना
●जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
●पुस्तकालय र होस्टेलको व्यवस्था
●अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004.....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा
(कोलम्वस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697

Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Access Programing
Hardware & Networking
51% Discount
Free English Language
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241670

होटल तालिम
SLC दिएर बसेका विद्यार्थीहरुका लागि विशेष छुट मा निम्न विषयहरूमा भर्ना लिइदैछ ।
विशेष छुटमा

| विषय | पुरानो शुल्क | छुट सहितको शुल्क |
| --- | --- | --- |
| Cook | 8000 | 5000 |
| Waiter | 3000 | 1500 |

साथमा
Bakery/Bar Tender/Front office House keeping/Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
NETC चुच्चेपाटी, चाबहिल ४४९००१६ २०२३३६७

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center
Jamal, Kathmandu
PACIFIC 4232196

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल।**